महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन

२०८३

कोशी प्रदेश




महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौं
नेपाल

महालेखापरीक्षकको आठौँ वार्षिक प्रतिवेदन

२०८३

कोशी प्रदेश



महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौँ, नेपाल

दूरदृष्टि
(VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)



स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट, बक्स नं. १३३२८

पत्र सङ्ख्या : २०८२।८३

च.नं.: 66

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषय : वार्षिक प्रतिवेदन।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कोशी प्रदेश, विराटनगर, मोरङ्ग।

नेपालको संविधानको धारा २४१ बमोजिम कोशी प्रदेशको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु।

भवदीय,

(तोयम राया)
महालेखापरीक्षक


२०८३ साल जेठ १ गते, शुक्रवार
नेपाल सम्वत् ११४६

फोन नम्बर : ०१-५९१९१६३, ईमेलः oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइटः www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरणमा राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश**	९
	खण्ड-१: मन्त्रालय र निकायगत बेहोरा	
	१. प्रदेश सभा सचिवालय	१९
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२०
	३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२४
	४. आर्थिक मामिला तथा योजना मन्त्रालय	२९
	५. उद्योग, कृषि तथा सहकारी मन्त्रालय	४२
	६. खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय	४६
	७. पर्यटन, वन तथा वातावरण मन्त्रालय	५१
	८. भौतिक पूर्वाधार विकास मन्त्रालय	५८
	९. सामाजिक विकास मन्त्रालय	६२
	१०. स्वास्थ्य मन्त्रालय	६८
	११. प्रदेश योजना आयोग	७५
	१२. प्रदेश लोक सेवा आयोग	७९
	१३. मुख्य न्यायाधिवक्ताको कार्यालय	८१
	खण्ड-२: स्थानीय तह	८३
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति**	९१
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार**	९३
	अनुसूचीहरु	९९

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय तथा सरकारको पूर्ण स्वामित्वमा रहेका सङ्गठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण गरिने उल्लेख छ। नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेस गर्न सक्ने व्यवस्था रहेको छ।

प्रचलित कानुन एवं लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, विषयगत लेखापरीक्षण निर्देशिका, वार्षिक लेखापरीक्षण योजना २०८२, लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका २०८२।८३ तथा सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा अवलम्बन गरिएका अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा कोशी प्रदेशका निकाय तथा कार्यालयहरूको आर्थिक वर्ष २०८१।८२ को विनियोजन, राजस्व, धरौटी र अन्य कोष तथा बक्यौतासमेतको लेखापरीक्षण सम्पन्न गरी यस प्रदेशको आठौँ वार्षिक प्रतिवेदन तयार गरिएको छ।

एकीकृत वित्तीय विवरणमा राय, लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति, प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था र भविष्यमा गर्नुपर्ने सुधारका विषयहरू समावेश गरी यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत व्यवस्थापन गरिएको छ। लेखापरीक्षण गर्दा सूचकका आधारमा जोखिम विश्लेषण गरी निकाय तथा कार्यालयहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ। उच्च जोखिमयुक्त निकाय/कार्यालयको विस्तृत रूपमा स्थलगत लेखापरीक्षण र न्यून जोखिमयुक्त निकाय/कार्यालयको प्रमाणित वित्तीय विवरण तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।

लेखापरीक्षणको गुणस्तर कायम गर्न प्रभावकारी सुपरीवेक्षण, गुणस्तर व्यवस्थापन र अडिट ल्याबको व्यवस्था गरिएको छ। सोको अतिरिक्त एफ.एम. रेडियो तथा कार्यालयको वेबसाइटमार्फत सूचना प्रसारण गर्नुका साथै भर्चुअल बैठकमार्फत सरोकारवालासँग छलफल, टोल फ्री नम्बर र इमेलमार्फत गुनासो सङ्कलन र सुनुवाइको व्यवस्था मिलाइएको छ। लेखापरीक्षणमा प्रवेश र बहिर्गमन बैठकमार्फत जिम्मेवार पदाधिकारीसँग छलफल गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। सो प्रतिवेदन उपर प्राप्त जवाफको सम्बोधन पश्चात लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। प्रतिक्रियाबाट फर्स्यौट नभएका विषय लेखाउत्तरदायी अधिकृत र सम्बन्धित मन्त्रीलाई जानकारी गराइएको छ।

यस आर्थिक वर्षमा प्रदेशका मन्त्रालय र मातहतका सरकारी कार्यालय एवम् निकाय, समिति तथा अन्य संस्थासमेत २०८ निकाय तथा कार्यालयको रु.५२ अर्ब ३८ करोड ४९ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न भई रु.५८ करोड ६६ लाख ८३ हजार बेरुजु कायम भएको छ। कुल लेखापरीक्षण रकमको तुलनामा बेरुजु १.१२ प्रतिशत रहेको छ।

यस प्रदेशअन्तर्गतका ६ निकाय तथा कार्यालयले २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन र घटनाको कारण स्रेस्ता पेस गर्न र लेखापरीक्षण गराउन नसकिने बेहोराको पत्र पेस गरेकाले रु.२ अर्ब ८८ करोड ९ लाख ५ हजारको लेखापरीक्षण गरिएको छैन।

कानुनको पालना, स्रोत साधनको प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवं वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सङ्गठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासन लगायतका विषयहरू लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ।

आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, प्रदेशको आन्तरिक आय न्यून हुँदा सङ्घीय अनुदानमा निर्भरता बढेको, चालु खर्चमा वृद्धि भइरहेको, उत्पादनशील क्षेत्रमा बजेट परिचालन न्यून रहेको, आयोजना बैङ्कको प्रभावकारी कार्यान्वयन नभएको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको एवं तीन तहबिच खर्चको दोहोरोपना कायम रहेको, सङ्गठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता यकिन गर्न कठिनाई भएको, समयमै खरिद कार्य सम्पन्न नभई पटक-पटक म्याद थप गरेको, स्रोत बेगर योजनाहरूको बजेट सुनिश्चितता प्रदान गरेको तथा निर्माण कार्यको गुणस्तर नियन्त्रण र परीक्षण कमजोर रहेको जस्ता बेहोराहरू यो वर्षको लेखापरीक्षणमा औँल्याइएको छ।

लेखापरीक्षणबाट औँल्याइएका बेहोरा कार्यान्वयन गर्नु लेखाउत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो। लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन पक्ष कमजोर हुँदा एकै प्रकृतिको बेहोराहरू बर्सेनि पुनरावृत्ति भएका छन्। लेखापरीक्षणका वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गतको सार्वजनिक लेखा समितिमा समयमै छलफल भई आवश्यक कारबाही हुनुपर्नेमा विगतका केही प्रतिवेदनहरू समयमा छलफल हुन सकेका छैनन्। लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन गरी वित्तीय अनुशासन कायम गर्न सबै सम्बन्धित पक्षबिच कार्यगत समन्वय र सहकार्य आवश्यक रहेको छ। यस प्रतिवेदनको कार्यान्वयनले सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

अन्तमा, लेखापरीक्षण कार्यमा सुझाव दिइ सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू तथा सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका समस्त कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

वैशाख, २०८३

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३६ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति, उपयोग र सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- तोकिएको ढाँचाअनुरुप वित्तीय विवरण र प्रतिवेदन तयार भइ कारोबारको यथार्थ स्थिति चित्रण गरेको,
- प्रदेश सरकारको सञ्चित कोष तथा अन्य सरकारी कोषको प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानिनोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको।

३. **क्षेत्र -** यो वर्ष प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १८४ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त २४ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ। विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत लेखापरीक्षण गरिएको छ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका बेहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर निकायबाट प्राप्त

जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ। नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञसमेत संलग्न गराइएको छ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अन्नपूर्णनगर, काठमाडौँ, नेपाल
Babarmahal / Annapurnagar, Kathmandu, Nepal
(पूर्वाधार विकास लेखापरीक्षण विभाग)

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या : २०८२।८३
चलानी नम्बरः ६०४

मितिः-२०८३।१।२८

विषयः एकीकृत वित्तीय विवरण उपर रायसहितको प्रतिवेदन।

श्री प्रदेश सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय
विराटनगर, मोरङ।

१. **कैफियत सहितको राय** - हामीले कोशी प्रदेश सरकारको २०८१।८२ को प्राप्ति तथा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट तथा गैर बजेट निकाय), बजेटको तुलनात्मक विवरण (बजेट निकाय), प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लगायत सम्बन्धित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको विनियोजनतर्फ रु.२६ अर्ब ७३ करोड ४० लाख ४ हजार, राजस्वतर्फ रु.१४ अर्ब ९५ करोड ६२ लाख ३५ हजार, धरौटीतर्फ रु.२ अर्ब ३८ करोड २८ लाख १० हजार, अन्य कारोबारतर्फ रु.२ अर्ब ४६ करोड ८३ लाख ७४ हजार र समिति तथा अन्य संस्थातर्फ रु.५ अर्ब ८४ करोड ३५ लाख ५६ हजारसमेत रु.५२ अर्ब ३८ करोड ४९ लाख ७९ हजारको लेखापरीक्षण गरिएकोमा रु.५८ करोड ६६ लाख ८३ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१५ करोड १७ लाख ४ हजार, नियमित गर्नुपर्ने रु.४० करोड ३८ लाख ४२ हजार र पेश्की बाँकी रु.३ करोड ११ लाख ३७ हजार रहेको छ।

२.२. प्रदेश सरकार र मातहतको रु.६ अर्ब १४ करोड २२ लाख २५ हजारको स्थिर सम्पत्ति रहेको खुलासा गरेको छ। ती सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने गरी विवरण अद्यावधिक गरेको देखिएन।

२.३. प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिएको वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानसमेत वित्तीय हस्तान्तरणमा रु.४ अर्ब २२ करोड ४७ लाख खर्च भएको छ। वित्तीय हस्तान्तरण गरेकोमध्ये २०८२ आषाढ मसान्तसम्म सम्बन्धित स्थानीय तहमा खर्च नभई बाँकी रहेको रकम फिर्ता हुनुपर्ने विवरण तयार गरेको छैन। उक्त रकम प्रदेश सरकारबाट स्थानान्तरण गरी स्थानीय तहको खातामा मौज्दात रहेको अवस्थामा प्रदेश सञ्चित कोषमा खर्च देखाएको छ।

२.४. नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको एकीकृत वित्तीय विवरणको टिप्पणीमा लिन/उठ्न बाँकी रकमको विवरण समावेश छैन। प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्रभित्रका स्थानीय तहबाट असुल गरी स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने मनोरञ्जन कर, विज्ञापन र दहत्तर बहत्तर कर एवं प्रदेश आफैले प्राप्त गर्ने, सवारी साधन शुल्क, सवारी चालक अनुमति पत्र लगायतको नवीकरण शुल्क तथा जरिवाना लगायतकरको अद्यावधिक अभिलेख नभएकोले लिन/उठ्न बाँकी रकमको हिसाव यकिन भएन।

Phone: 01-5919161, 5919163, Post Box: 13328
Email: dir.admin@oagnep.gov.np, oagnep@ntc.net.np, Web Page: www.oag.gov.np

२.५. यस प्रदेशअन्तर्गत ६ कार्यालयको रू.२ अर्ब ८८ करोड ९ लाख ५ हजार र ९ पालिकाको प्रदेश सरकारको वित्तीय हस्तान्तरण रू.२९ करोड ५० लाख ९ हजार गरी जम्मा रू.३ अर्ब १७ करोड ५९ लाख १४ हजार २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन र घटनाको कारण स्रेस्ता पेश नगरेको हुँदा सोको लेखापरीक्षण गरिएको छैन।

३. **अन्य बेहोरा** - यो वर्ष आर्थिक क्रियाकलाप मूल्याङ्कन गर्दा शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सम्पति व्यवस्थपान, विकास व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासनलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२(२) बमोजिम लेखा राखे, खर्च गर्ने तथा बेरुजु फस्यौट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने र उपदफा ३ बमोजिम सम्बन्धित पदाधिकारीबाट उपयुक्त अनुसार उत्तरदायित्व बहन गरे नगरेको सम्बन्धमा निगरानी गर्ने उत्तरदायित्व सम्बन्धित विभागीय मन्त्रीको हुने व्यवस्था छ। सोही ऐनको दफा ५ बमोजिम एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी प्रदेश सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धित लेखा उत्तरदायी अधिकृत तथा मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततासे उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदम राज पौडेल)
उप-महालेखापरीक्षक

परिच्छेद

१



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	सङ्ख्या	रकम
१	प्रदेश मन्त्रालय तथा निकाय	१८२	४६५४१४२३
२	समिति र अन्य संस्था	२६	५८४३५५६
	जम्मा	**२०८**	**५२३८४९७९**

यो वर्ष १८२ प्रदेश मन्त्रालय तथा निकायको रु.४६ अर्ब ५४ करोड १४ लाख २३ हजार र २६ समिति र अन्य संस्थाको रु.५ अर्ब ८४ करोड ३५ लाख ५६ हजारसमेत रु.५२ अर्ब ३८ करोड ४९ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। उल्लिखित लेखापरीक्षण अङ्कमा २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको क्रममा लेखा स्रेस्ता नष्ट भएको प्रहरी मुचुल्का पेस गरेकोले ६ मन्त्रालय तथा निकायको लेखापरीक्षण अङ्क समावेश छैन। लेखापरीक्षण गरिएका निकायहरूको विवरण अनुसूची १(क), १(ख), २ र २(क) मा उल्लेख छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय** - यो वर्ष १८२ सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न रकम
१	विनियोजन	२६७३४००४
२	राजस्व	१४९५६२३५
३	धरौटी	२३८२८१०
४	अन्य कारोबार	२४६८३७४
जम्मा		**४६५४१४२३**

लेखापरीक्षण रकमको विवरण अनुसूची-२ मा उल्लेख छ।

१.२. **समिति तथा अन्य संस्था** - यो वर्ष २६ समिति र अन्य संस्थाको रु.५ अर्ब ८४ करोड ३५ लाख ५६ हजारको लेखापरीक्षण गरिएको छ। विस्तृत विवरण अनुसूची-४ मा उल्लेख छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ।

१.३. **लेखापरीक्षण बक्यौता** - लेखापरीक्षण हुन नसकी बक्यौता रहेको सरकारी कार्यालयतर्फ ३ तथा समितितर्फ ७ कार्यालय को विनियोजनतर्फ रु.१० करोड ७३ लाख २५ हजार, राजस्वतर्फ रु.१० लाख ५० हजार समेत रु.१० करोड ८३ लाख ७५ हजारको लेखापरीक्षण भएको छैन। यस सम्बन्धी विवरण **अनुसूची-३** मा उल्लेख छ।

१.४. **लेखापरीक्षण नभएको** - २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस नभएकोले ६ मन्त्रालय र निकायको विनियोजनतर्फ रु.१ अर्ब ४४ करोड ८९ लाख ३ हजार, राजस्वतर्फ रु.१ अर्ब ७ करोड ७ लाख ६२ हजार, धरौटीतर्फ रु.१३ करोड ६७ लाख ९७ हजार र कार्यसञ्चालन कोषतर्फ रु.२२ करोड

४४ लाख ४३ हजार समेत रु.२ अर्ब ८८ करोड ९ लाख ५ हजारको लेखापरीक्षण हुन नसकी बक्यौता रहेको छ। यस सम्बन्धी विवरण मा उल्लेख गरिएको छ। यससम्बन्धी विवरण **अनुसूची-३ (क)** मा उल्लेख छ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० र २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को प्रदेश सरकारको शीर्षकगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	शीर्षक	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२ को		
				बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
१.	चालु	१२६४५२३३	११६७९२३५	१७८३४०३८	१४३५९५५२	८०.५२
२.	पुँजीगत	१८११२५४९	१६३४८२९८	१७४२५२६२	१३८२३३५५	७९.३३
३.	वित्तीय व्यवस्था	-	-	२००००	-	-
	जम्मा	**३०७५७७८२**	**२८०२७५३३**	**३५२७९३००**	**२८१८२९०७**	**७९.८९**

द्रष्टव्यः *चालु खर्चमा स्वीस विकास सहयोग नियोगबाट सोझै भुक्तानी भएको रु.१० करोड ३१ लाख ११ हजार समावेश छ।*

२.२. **निकायगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको चालु र पुँजीगत खर्चको मन्त्रालय तथा निकायको खर्च विवरण निम्नानुसार छः

(रु.लाखमा)

क्र.सं.	मन्त्रालय। निकाय	बजेट				यथार्थ खर्च			चालु खर्च प्रतिशत	पुँजीगत खर्च प्रतिशत	खर्च प्रतिशत
		चालु	पुँजीगत	वित्तीय	जम्मा	चालु	पुँजीगत	जम्मा			
१	प्रदेश सभा सचिवालय	२४०४	५३	०	२४५७	१९५९	३४	१९९३	८१.४९	६४.१५	८१.१२
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३४२७	३९६	०	३८२३	१९०६	३०७	२२१३	५५.६२	७७.५३	५७.८९
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	५०४६	७८४१	०	१२८८७	३७७६	५७२०	९४९६	७४.८३	७२.९५	७३.६९
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	३९०११	२१२	०	३९२२३	३५००१	१९४	३५१९५	८९.७२	९१.५१	८९.७३
५	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	१३५९३	२४०८	०	१६००१	९६०९	२१०८	११७१७	७०.६९	८७.५४	७३.२३
६	खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालय	५४१०	३८६४३	२००	४४२५३	३८९९	३६५९६	४०४९५	७२.०७	९४.७	९१.५१
७	पर्यटन, वन तथा वातावरण मन्त्रालय	१३५०८	१०४७४	०	२३९८२	१०३९९	७८९६	१८२९५	७६.९८	७५.३९	७६.२९
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	४५९३	१०७२०९	०	१११८०२	२८२४	८२१३९	८४९६३	६१.४८	७६.६२	७५.९९
९	सामाजिक विकास मन्त्रालय	११२५९	१४४८	०	१२७०७	८५६१	९६४	९५२५	७६.०४	६६.५७	७४.९६
१०	स्वास्थ्य मन्त्रालय	२९६५५	४६६९	०	३४३२४	२१८५३	२१७९	२४०३२	७३.६९	४६.६७	७०.०२
११	प्रदेश लोक सेवा आयोग	११३६	८३	०	१२१९	१०८०	८३	११६३	९५.०७	१००.	९५.४१
१२	प्रदेश योजना आयोग	४९९	१९	०	५१८	२९८	१०	३०८	५९.७२	५२.६३	५९.४६
१३	मुख्य न्यायाधिवक्ताको कार्यालय	२०९	४	०	२१३	१८३	४	१८७	८७.५६	१००.	८७.७९
१४	अर्थ - विविध	२५	७९४	०	८१९	०	०	०	०.	०.	०.
१५	स्थानीय तह	४८५६५	०	०	४८५६५	४२२४७	०	४२२४७	८६.९९	०.	८६.९९
	जम्मा	**१७८३४०**	**१७४२५३**	**२००**	**३५२७९३**	**१४३५९५**	**१३८२३४**	**२८१८२९**	**८०.५२**	**७९.३३**	**७९.८९**

उल्लिखित तालिका अनुसार प्रदेश सरकारले चालुतर्फ रु.१७ अर्ब ८३ करोड ४० लाख, पुँजीगततर्फ रु.१७ अर्ब ४२ करोड ५३ लाख र वित्तीय व्यवस्था तर्फ रु.२ करोड समेत रु.३५ अर्ब २७ करोड ९३ लाख बजेट विनियोजन गरेकोमा चालुतर्फ रु.१४ अर्ब ३५ करोड ९५ लाख र पुँजीगततर्फ रु.१३ अर्ब ८२ करोड ३४ लाख समेत रु.२८ अर्ब १८ करोड २९ लाख अर्थात् विनियोजित बजेटको ७९.८९ प्रतिशत खर्च गरेको छ। वित्तीय शीर्षकमा रु.२ करोड बजेट व्यवस्था गरेतापनि यो वर्ष उक्त शीर्षकमा रकम खर्च भएको छैन। अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट

स्थानीय तहलाई चालुतर्फबाट रु.४ अर्ब ८५ करोड ६५ लाख बजेट व्यवस्था गरेकोमा रु.४ अर्ब २२ करोड ४७ लाख अर्थात् ८६.९९ प्रतिशत खर्च गरेको छ।

२.३. **स्रोतगत खर्च -** प्रदेश सरकारको २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को अनुमान तथा यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	स्रोत	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
१	सङ्घीय सरकारतर्फ	१२५९६९१४	१४५४२६००	११३११२१४	-१०.२०
१.१	समानीकरण अनुदान	७५४१०३१	८९४३२००	७४७५९०६	-०.८६
१.२	सशर्त अनुदान	४०२७६९६	४१६४३००	२७५१०९४	-३१.६९
१.३	समपूरक अनुदान	५३२१०८	६५५०००	५८३१८०	९.५९
१.४	विशेष अनुदान	४९६०७९	७८०१००	५०१०३४	०.१०
२	प्रदेश सरकारतर्फ	१५४३०६१९	२०७३६७००	१६८७१६९३	९.३४
कुल जम्मा		**२८०२७५३३**	**३५२७९३००**	**२८१८२९०७**	**०.५५**

यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.२८ अर्ब १८ करोड २९ लाख ७ हजार मध्ये सङ्घीय सरकारको अनुदानबाट रु.११ अर्ब ३१ करोड १२ लाख १४ हजार (४०.१४ प्रतिशत) र प्रदेश सरकारको राजस्व र गतवर्षको बचत समेतबाट रु.१६ अर्ब ८७ करोड १६ लाख ९३ हजार (५९.८६ प्रतिशत) बेहोरेको छ। यो वर्ष सङ्घीय सरकारबाट समानीकरण अनुदानमा रु.८ अर्ब ९४ करोड ३२ लाख र सशर्त अनुदान रु.४ अर्ब १६ करोड ४३ लाख प्राप्त हुने अनुमान गरेकोमा क्रमशः रु.७ अर्ब ४७ करोड ५९ लाख ६ हजार (८३.५९ प्रतिशत) तथा सोझै भुक्तानी वैदेशिक अनुदानको रु.१० करोड ३१ लाख ११ हजार समेत रु.२ अर्ब ७५ करोड १० लाख ९४ हजार (६६.०६ प्रतिशत) प्राप्त भएको छ। गत वर्षको तुलनामा यो वर्षको खर्चमा सङ्घीय समानीकरण, सशर्त अनुदान क्रमशः ०.८६ र ३१.६९ प्रतिशतले घटेको तथा समपूरक अनुदान, विशेष अनुदान तथा प्रदेश सरकारतर्फ क्रमश ९.५९, ०.१० र ९.३४ प्रतिशतले वृद्धि भएको छ। स्रोतगत क्षेत्रमा गरेको लक्ष्य अनुसार राजस्व प्राप्त गर्नुपर्दछ।

२.४. **राजस्व असुली** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको राजस्वको स्रोत अनुसार २०७९।८० र २०८०।८१ को यथार्थ असुली तथा २०८१।८२ को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	विवरण	२०७९।८० को यथार्थ असुली	२०८०।८१ को यथार्थ असुली	२०८१।८२ को		
				अनुमान	असुली	प्रतिशत
	कुल राजस्व	**१२९६६७३७**	**१३४१९५०२**	**१७३८०८००**	**१६०२६९९७**	**९२.२१**
१.	कर राजस्व	११३७६७९३	११५७४८६८	१४९६८९००	१३७३८९५३	९१.७८
२.	अन्य राजस्व	११०५३५८	१५२४५९९	१९१२९००	१८०८१७६	९४.५३
३.	विविध प्राप्ति	४८४५८६	३२००३५	४९९०००	४७९८६८	९६.१६

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली १९.४३ प्रतिशतले बढेको देखिन्छ। यससम्बन्धी विवरण **अनुसूची-८** मा छ। राजस्व असुली सम्बन्धमा लेखापरीक्षणबाट देखिएका बेहोरा परिच्छेद ३ को मन्त्रालय तथा निकायगत बेहोरामा समावेश छ।

२.५. **बजेट समर्पण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३ (३) मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले चैत्र पन्ध्र गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ५ मन्त्रालय तथा निकायले रु.५९ करोड ११ लाख ४४ हजार बजेट समर्पण गरेकोमा सामाजिक विकास मन्त्रालयले रु.१ करोड ९६ लाख र उद्योग, कृषि तथा सहकारी मन्त्रालयले रु.११ करोड ३७ लाख ५० हजार तोकिएको अवधि पश्चात् समर्पण गरेको छ। लक्ष्य हासिल गर्न कार्ययोजना बनाइ बजेट कार्यान्वयन नभएमा तोकिएको समयमा बजेट समर्पण गर्नुपर्दछ।

३. **स्थानीय अनुदान** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८, ९ र १० मा नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट प्राप्त राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुनबमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा अनुदान वितरण गर्ने उल्लेख छ। यो वर्ष १३७ स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान रु.१ अर्ब, सशर्त अनुदान रु.२ अर्ब ६ करोड ११ लाख ७६ हजार र १३६ स्थानीय तहलाई समपूरक अनुदान रु.१ अर्ब १६ करोड ३५ लाख ५० हजारसमेत रु.४ अर्ब २२ करोड ४७ लाख २६ हजार अनुदान हस्तान्तरण गरेको छ। निकासामध्ये सोही आर्थिक वर्षमा रु.४५ करोड १० लाख २३ हजार फिर्ता गरेको देखिएतापनि स्थानीय तहले गरेको खर्चको यथार्थ विवरण प्राप्त नभएकोले फिर्ता गर्नुपर्ने रकम यकिन गरी खर्चको अभिलेख प्राप्त गरी सो अनुसार निकासा फिर्ता गर्नुपर्दछ।

(रु.हजारमा)

अनुदानको विवरण	पालिका सङ्ख्या	सुरु बजेट	निकासा रकम
समानीकरण अनुदान	१३७	१००००००	१००००००
सशर्त अनुदान	१३७	२३६६६८५	२०६११७६
समपूरक अनुदान	१३६	१४८९८५५	११६३५५०
जम्मा		**४८५६५४०**	**४२२४७२६**

४. **अन्तरसरकारी अख्तियारी** - विनियोजन ऐन,२०८१ को दफा ७ मा प्रदेश सरकारबाट कार्यान्वयन हुने कुनै योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले यो वर्ष आन्तरिक मामिला तथा कानून मन्त्रालयमार्फत नेपाल सरकारका ६९ कार्यालयलाई पुँजीगत खर्चमा रु.९ करोड ४९ लाख बजेट विनियोजन गरेकोमा रु.७ करोड ४० लाख ७२ हजार खर्च भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश लेखा इकाई कार्यालय स्थापना नभएका ८ जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई प्रति कार्यालय रु.५ लाखका दरले रु.४० लाख निकासा गरेको छ। प्रदेश सरकारका कार्यक्रम सङ्घीय मार्फत गराउँदा सम्वन्धित मन्त्रालयको स्वीकृती लिएको देखिएन। यस सम्बन्धी विवरण **अनुसूची-१२** मा छ।

५. **अन्य कोष** - यो वर्ष प्रदेशको अन्य कोषहरूमा गत वर्षको जिम्मेवारी रु.७० करोड ३३ लाख १३ हजार र यो वर्षको आम्दानी रु.१ अर्ब ४९ करोड २० लाख ७१ हजार समेत रु.२ अर्ब १९ करोड ५३ लाख ८४ हजार आम्दानी भएकोमा रु.१ अर्ब ७६ करोड २१ लाख ९ हजार खर्च भई वर्षान्तमा रु.४३ करोड ३२ लाख ७४ हजार मौज्दात रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१३** मा छ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २(न) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ।

यसरी बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ। नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोविलाईजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

प्रदेशको सरकारी कार्यालय १८२ र समिति तथा अन्य संस्था २६ को यो वर्ष (२०८१।८२) मा फर्स्यौंट गर्नुपर्ने बेरुजु निम्नानुसार रु.५८ करोड ६६ लाख ८३ हजार रहेकोछ।

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**१४६५१९**	**५१८५**	**१५१७०४**	**२५.८६**
२. नियमित गर्नुपर्ने	**३४७८२४**	**५६०१८**	**४०३८४२**	**६८.८३**
• अनियमित भएको	७३२६३	४६९९३	१२०२५६	२०.५०
• प्रमाण कागजात पेस नभएको	२७४५६१	९०२५	२८३५८६	४८.३३
३. पेस्की	**३०३३७**	**८००**	**३११३७**	**५.३१**
जम्मा	**५२४६८०**	**६२००३**	**५८६६८३**	**१००**

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९** र **१०** मा उल्लेख छ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु -** यो वर्ष प्रदेश मन्त्रालय र समिति तथा अन्य संस्थासमेत २०८ निकायको रु.५२ अर्ब ३८ करोड ४९ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। जसमा रु.५८ करोड ६६ लाख ८३ हजार लेखापरीक्षण अङ्कको १.१२ प्रतिशत बेरुजु कायम भएको छ।

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	सङ्ख्या	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	बेरुजु प्रतिशत
१.	प्रदेश मन्त्रालय तथा निकाय	१८२	४६५४१४२३	**५२४६८०**	१.१३
२.	समिति र अन्य संस्था	२६	५८४३५५६	**६२००३**	१.१
	जम्मा	**२०८**	**५२३८४९७९**	**५८६६८३**	**१.१२**

३. **हालसम्मको बाँकी बेरुजु** - प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु रु.५ अर्ब ६३ करोड ५ लाख ३९ हजार रहेको छ। अद्यावधिक बेरुजु गत वर्षभन्दा ४.२६ प्रतिशतले बढेको छ।

(रु.हजारमा)

क्र.सं.	विवरण	गत वर्ष सम्मको बाँकी	फर्स्यौट तथा सम्परीक्षण	सम्परीक्षणबाट थप भएको	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	अद्यावधिक बाँकी बेरुजु
१.	सरकारी कार्यालय तर्फ	५०७९१०१	३६११९९	१७०६३	४७३४९६५	५२४६८०	५२५९६४५
२.	समिति तथा अन्य संस्था तर्फ	३२१४८२	१२५९१	०	३०८८९१	६२००३	३७०८९४
	जम्मा	**५४००५८३**	**३७३७९०**	**१७०६३**	**५०४३८५६**	**५८६६८३**	**५६३०५३९**

अद्यावधिक बेरुजुको विवरण **अनुसूची-११** मा उल्लेख छ।

४. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

४.१ यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थासमेतको रु.५२ अर्ब ३८ करोड ४९ लाख ७९ हजारको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.७० करोड ६८ लाख ७० हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिवेदन अवधिसम्म रु.१३ करोड २७ लाख ९७ हजार (कुल १८.७९ बेरुजुको प्रतिशत) सम्परीक्षण गराउँदा रु.१ करोड २६ लाख १० हजार थप बेरुजु कायम भइ रु.५८ करोड ६६ लाख ८३ हजार फर्स्यौट हुन बाँकी रहेको छ। यससम्बन्धी विस्तृत विवरण **अनुसूची-९ र १०** मा समावेश छ।

(रु.हजारमा)

निकाय	प्रारम्भिक बेरुजु	प्रतिक्रियाबाट हटेको	प्रतिक्रियाबाट थप	बाँकी
प्रदेश सरकारी- १८२	६३८३३५	१२१२०७	७५५२	५२४६८०
समिति - २६	६८५३५	११५९०	५०५८	६२००३
जम्मा	**७०६८७०**	**१३२७९७**	**१२६१०**	**५८६६८३**

४.२ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३८ मा बेरुजु फर्स्यौट गर्ने जिम्मेवारी तथा दायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने, औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा लेखा उत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। उक्त व्यवस्था अनुसार बेरुजुको जानकारी सम्बन्धित पदाधिकारीहरूलाई दिइएको छ। सोही ऐनको दफा ४० मा बेरुजु फर्स्यौट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही व्यवस्था बमोजिम यो वर्ष कार्यरत लेखा उत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१५** मा समावेश गरिएको छ।

४.३ प्रदेश सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बेरुजु हुने मन्त्रालय तथा निकायहरू निम्नानुसार छन्:

(रु.हजारमा)

क्र. सं.	मन्त्रालय / निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प. अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	७०९८१	०	०	०	०	०	०
२.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३६७१९७५	१२५०	९४२	०	२१९२	०.४२	०.०६
३.	आर्थिक मामिला तथा योजना मन्त्रालय	१५३४५६५७	४१७	२१४	०	६३१	०.१२	०.०१
४.	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	१३२०२२१	२२७८	१६३५०		१८६२८	३.५५	१.४१
५.	खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालय	४६६६४५४	१९००	११४४७१	१०४९९	१२६८७०	२४.१८	२.७२

क्र. सं.	मन्त्रालय / निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प. अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
६.	पर्यटन, वन तथा वातावरण मन्त्रालय	२७१२७७६	२३१४२	२४१७०	१	४७३१३	९.०१	१.७४
७.	भौतिक पूर्वाधार विकास मन्त्रालय	९७२६५७५	११५९६७	१५९८८३	१८५००	२९४३५०	५६.१०	३.०२
८.	सामाजिक विकास मन्त्रालय	९८९५४९	२८७	१५९२५	०	१६२१२	३.१	१.६४
९.	स्वास्थ्य मन्त्रालय	३५४६१६७	१०३०	१५८६९	१३३७	१८२३६	३.४७	०.५१
१०.	प्रदेश लोक सेवा आयोग	२१६५४८	२१४	०	०	२१४	०.०४	०.१
११.	प्रदेश योजना आयोग	३१०५५	३४	०	०	३४	०.०१	०.११
१२.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१८७३९	०	०	०	०	०	०
१३.	स्थानीय तह (वित्तीय हस्तान्तरण)	४२२४७२६	०	०	०	०	०	०
	जम्मा	**४६५४१४२३**	**१४६५१९**	**३४७८२४**	**३०३३७**	**५२४६८०**	**१००**	**१.१३**

उल्लिखित प्रदेश सरकारी कार्यालयतर्फ लेखापरीक्षण अङ्कको तुलनामा १.१३ प्रतिशत बेरुजु कायम भएकोमा सबै भन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालयको ३.०२ प्रतिशत रहेको छ भने ५ मन्त्रालय तथा निकायको बेरुजु १ प्रतिशत भन्दा कम रहेको छ।

४.४ यो वर्ष २६ समिति तथा अन्य संस्थाको रु.५ अर्ब ८४ करोड ३५ लाख ५६ हजारको लेखापरीक्षण गरिएकोमा रु.६ करोड २० लाख ३ हजार अर्थात् १.१ प्रतिशत बेरुजु कायम भएको छ।

४.५ यो वर्ष १८२ प्रदेश कार्यालय र २६ समिति तथा अन्य संस्थाको लेखापरीक्षण गरेकोमा ७९ कार्यालय (३८.१६ प्रतिशत) मा उल्लेख्य बेरुजु देखिएन।

४.६ यो वर्ष प्रदेश कार्यालय र समिति तथा अन्य संस्थाको लेखापरीक्षणबाट ३ हजार ६८१ प्रारम्भिक बेरुजु दफा देखिएकोमा प्रतिक्रियाबाट २४८ दफा फस्यौंट भइ ३ हजार ४३३ दफा बेरुजु देखिएकोमा २ हजार २२६ दफा सैद्धान्तिक र १ हजार २०७ दफा लगती बेरुजु कायम भएको छ।

४.७ प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएकोमा मन्त्रालय तथा निकायअन्तर्गत् कार्यालयले लेखापरीक्षणको क्रममा रु.८२ लाख १८ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.१ करोड ६५ लाख ७२ हजार र सम्परीक्षणको क्रममा रु.६ करोड ८८ लाख ५५ हजारसमेत रु.९ करोड ३६ लाख ४५ हजार असुल गराएका छन्। यससम्बन्धी विवरण **अनुसूची-६** मा छ।

यो वर्षको प्रदेश सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रु.१४ करोड ६५ लाख १९ हजारमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयको रु.११ करोड ५९ लाख ६७ हजार (७९.१५ प्रतिशत) र बाँकी मन्त्रालय तथा निकायको रु.३ करोड ५ लाख ५२ हजार (२०.८५ प्रतिशत) देखिएको छ। यससम्बन्धी विवरण **अनुसूची- ९** मा छ।

४.८ प्रदेश सरकारी कार्यालयतर्फ म्याद नाघेको गत वर्षसम्मको पेस्की रु.३ अर्ब ७५ करोड ३३ लाख १८ हजार रहेकोमा यस वर्ष रु.२ करोड १७ लाख ७ हजार फस्यौंट भइ रु.३ अर्ब ७३ करोड १६ लाख ११ हजार बाँकी र यस वर्ष थप भएको रु.३ करोड ३ लाख ३७ हजारसमेत पेस्की रु.३ अर्ब ७६ करोड १९ लाख ४८ हजार बाँकी रहेको छ। त्यस्तै समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको पेस्की रु.१ करोड २४ हजार रहेकोमा यो वर्ष थप भएको रु.८ लाख समेत पेस्की रु.१ करोड ८ लाख २४ हजार बाँकी रहेको छ। यससम्बन्धी अद्यावधिक विवरण **अनुसूची-५** मा छ।

५. प्रदेशमा पहिलो प्रतिवेदन २०७५ सालमा बुझाइएको थियो। प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ८ वर्षको लेखापरीक्षण अङ्क र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	आर्थिक वर्ष	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
पहिलो, २०७५	२०७४।७५	६५६८९५	२२३४२	३.४०	२२२२६	३.३८
दोस्रो, २०७७	२०७५।७६	३४६६४८९७	१६७३९२६	४.८२	७६९५२९	२.२१
तेस्रो, २०७८	२०७६।७७	४४५७०३४०	१२६५१५६	२.८४	११७५४४९	२.६४
चौथो, २०७९	२०७७।७८	४५५९१७५८	१६२८६१३	३.५६	१४८१८२०	३.२५
पाँचौं, २०७९	२०७८।७९	४९०१९४३७	१६४६३१२	३.३६	१५२६५४२	३.१०
छैटौं, २०८१	२०७९।८०	५२७८७१३४	१३१७६१०	२.५०	१२४११४७	२.३५
सातौं, २०८२	२०८०।८१	५१४१६९१५	८६८१८९	१.६९	७६४५४०	१.४९
आठौं, २०८३	२०८१।८२	५२३८४९७९	५८६६८३	१.१२	५५५५४६	१.०६

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

परिच्छेद- ३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

१. **कानुन निर्माण -** प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७९ को नियम ४ अनुसूची-२ मा मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका विषयमा कानुन निर्माण गर्ने उल्लेख छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार हालसम्म १७ वटा कानुन संशोधन र ५१ वटा कानुन खारेजी सहित ८९ ऐन, ३५ नियमावली, ४९ कार्यविधि, २० निर्देशिका र ३ मापदण्ड समेत १९६ कानुन तर्जुमा एवम् संशोधन भइ कार्यान्वयनमा रहेको छ। आवश्यकताको पहिचान गरी समयमै कानुन निर्माण गर्नुपर्दछ।

२. **वार्षिक नीति तथा कार्यक्रम -** आर्थिक अनुशासन एवम् कार्यदक्षता र सुशासन व्यवस्थापन समेतलाई ध्यानमा राखी राजस्व परिचालनका अन्तरप्रदेश अनुभव आदान प्रदान कार्य, प्रदेश भ्रमण खर्च नियमावली, इन्धन सुविधा बापत रकम भुक्तानी गर्ने कानुन र आर्थिक सर्वेक्षण मार्गदर्शन तर्जुमा गर्ने, सार्वजनिक यातायातलाई डिजिटाइजेसन, वस्तु तथा सेवाहरूको उत्पादन, आपूर्ति र वितरणको परिमाण र गुणस्तरसम्बन्धी क्षेत्रगत मापदण्ड तयार गर्ने कार्य, वाणिज्य, आपूर्ति तथा उपभोक्ता हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति तर्जुमा, स्टार्ट अप नीति अनुरुप ब्याज अनुदान दिने, प्रदेशमा खेलकुद पूर्वाधारको विकास र खेलकुद गतिविधि सञ्चालन र खेल क्षेत्रको विकास एवं खेलाडीको क्षमता विकास गर्ने, प्रदेशमा प्रचलनमा रहेको भाषा, लिपिहरूको संरक्षण र सम्वर्धन गर्न, सामुदायिक विद्यालयका विद्यार्थीहरूको दिवाखाजाका लागि रैथाने बालीको संरक्षण र प्रोत्साहन गर्ने, प्रभावकारी एम्बुलेन्स ट्र्याकिङ सिस्टमको विकास गर्ने, उद्योगमा काम गर्ने व्यक्तिहरूको स्वास्थ्य सुरक्षा प्रवर्धनको लागि पेशागत स्वास्थ्य सुदृढीकरण कार्यक्रम लागू गर्ने, प्रदेश र स्थानीय तह मातहतका सबै स्वास्थ्य संस्थाहरूको एकीकृत नेटवर्क तयार गर्ने, अस्पतालहरू विद्युतीय स्वास्थ्य सूचना तथा अभिलेख प्रणालीको विकास गर्ने, लगायतका कार्यक्रम कार्यान्वयन हुन सकेको छैन। नीति, बजेट तथा कार्यक्रमबिच तादात्म्यता कायम गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **कर्मचारीको अभिलेख व्यवस्थापन -** प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७९ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्रमा कर्मचारीहरूको अभिलेख व्यवस्थापन समेत रहेको छ। प्रदेश कर्मचारीको अभिलेख व्यवस्थापनको लागि प्रदेश निजामती किताबखाना सञ्चालन सम्बन्धी निर्देशिका, २०८० जारी भइ स्थायी पद दर्ता सम्बन्धी कार्य सुरु भएतापनि सम्पूर्ण कर्मचारीको विवरण अद्यावधिक हुन सकेको छैन। प्रदेश तथा स्थानीय निकायमा कार्यरत कर्मचारीको तलबी प्रतिवेदन पारित गर्ने कार्य आंशिक रूपमा मात्र भएको छ। राष्ट्रिय किताबखानासँग समन्वय गरी तलबी प्रतिवेदन पारित गर्ने, पद तथा सङ्गठन दर्ता लगायत कर्मचारी अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

४. **तलबी प्रतिवेदन -** कोशी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६(४) मा तलबी प्रतिवेदन पारित गरी तलब भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। यो वर्ष तलबी प्रतिवेदन पारित नगरी प्रदेश

कार्यालय अन्तर्गतका कर्मचारीहरूलाई रु.२ अर्ब १९ करोड ५० लाख ४८ हजार पारिश्रमिक खर्च गरेको छ। कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गरेर तलब खर्च गर्नुपर्दछ।

५. **विपद् व्यवस्थापन कोष** - प्रदेशभित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट हुने जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि मन्त्रालयले विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ बमोजिम कोषको स्थापना गरिएको छ। उक्त कोषमा यो वर्षको रू.२ करोड समेत कुल रू.७ करोड ६३ लाख ९८ हजार आम्दानी भएकोमा १४ जिल्ला प्रशासन कार्यालयमार्फत विपद्जन्य घटनामा यो वर्ष आगलागी, चट्याङ, बमबिस्फोट र बाढी पहिरोबाट ज्यान गुमाउनेको संख्या १३४ जनाको लागि रू.३४ लाख र आगलागी, बाढीपहिरो र हावाहुरीबाट १३५ घरको रू.४६ लाख ४५ हजार समेत रू.८० लाख ४५ हजार खर्च भइ रू.६ करोड ८३ लाख ५३ हजार मौज्दात रहेको छ। सङ्घीय सरकार र स्थानीय तहबाट समेत विपद्जन्य घटनामा राहत तथा आर्थिक सहयोग वितरण हुने भएकोले अन्तरतहका निकायसँग समन्वय गरी परिचालन गर्नुपर्दछ।

६. **आर्थिक सहायता** - प्रदेश आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८० (संशोधित सहित) को बुँदा नं.४ अनुसार मन्त्रिस्तरीय निर्णयबाट विपन्न र बेखर्ची नागरिकलाई रू.२० हजारसम्म, चरम आर्थिक अभावमा रहेको नागरिकलाई रू.७५ हजारसम्म र कडा रोग बाहेक अन्य रोगका लागि चरम गरिबी र आर्थिक अभावका कारण उपचार गर्न असमर्थ नागरिकलाई चिकित्सकले दिएको प्रेस्क्रिप्सन समावेश भएमा रू.७५ हजारसम्म आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था रहेको छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालयले रू.२८ लाख ६९ हजार र स्वास्थ्य मन्त्रालयले रु.८ करोड ८१ लाख २४ हजार वितरण गरेको छ। आर्थिक सहायता उपलब्ध गराउने कार्यलाई लक्षित वर्गमा पुग्ने गरी पारदर्शी र मितव्ययी बनाउनु पर्दछ।

७. **पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान** - विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण र पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण र पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ को दफा नं. ५(२) मा प्रदेश सरकारले ३० प्रतिशत, महानगर/उपमहानगरपालिकाले २० प्रतिशत, नगरपालिकाले १५ प्रतिशत, गाँउपालिकाले १० प्रतिशत र बाँकी सङ्घीय सरकारले व्यहोर्ने गरी लागत सहभागिताका आधारमा तीनै तहका सरकारबाट वित्तीय प्रबन्ध गरी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण गर्ने व्यवस्था छ। यो वर्ष आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, सोलुखुम्बु, खोटाङ, इलाम र भोजपुरका १८६ घर निर्माणको लागि पहिलो किस्ता रु.२४ लाख ७५ हजार र दोस्रो किस्ता रु.७० लाख २० हजार तथा अन्तिम किस्ता बापत रु.३३ लाख १५ हजार समेत रु.१ करोड २८ लाख १० हजार अनुदान रकम ७ जिल्ला प्रशासन कार्यालय मार्फत स्थानीय तहलाई निकासा पठाएको छ। निर्माण गरेका निजी घरहरूको अनुदान लाभग्राही कार्यालयको एकीकृत सूचना सञ्जालमा सार्वजनिक गर्नुपर्दछ।

८. **बजेट व्यवस्था** - प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीबाट बजेट वक्तव्यमार्फत यस वर्ष रू.३५ अर्ब २७ करोड ९३ लाख विनियोजन गरेको छ। चालुतर्फ रू.१७ अर्ब ८३ करोड ४० लाख, पुँजीगततर्फ रू.१७ अर्ब ४२ करोड ५३ लाख र वित्तीय व्यवस्थापनतर्फ रु.२ करोड विनियोजन

भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेशअन्तर्गत सङ्घीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व र गत वर्षको बचत र स्वीस सरकारको सोझै भुक्तानी अनुदान रु.१० करोड ३१ लाख ११ हजार समेत रू.२९ अर्ब ३३ करोड २१ लाख आम्दानी प्राप्त भएकोमा रू.२८ अर्ब १८ करोड २९ लाख ७ हजार खर्च भइ रू.५ अर्ब ४८ करोड १ लाख बचत भएको छ। विनियोजित बजेटमध्ये चालुतर्फ सञ्चित कोषमा व्ययभार पर्ने रकमसमेत रू.१४ अर्ब ३५ करोड ९५ लाख ५२ हजार तथा पुँजीगततर्फ रू.१३ अर्ब ८२ करोड ३३ लाख ५५ हजार खर्च भएको छ। कुल बजेटको तुलनामा समग्रमा ७९.८९ प्रतिशत, चालुतर्फ ८०.५२ प्रतिशत र पुँजीगततर्फ ७९.३३ प्रतिशत खर्च भएको छ। विनियोजनको तुलनामा खर्च न्यून भएकोले बजेट तथा कार्यक्रमको समुचित परिचालन एवम् पुँजीगत खर्च गर्ने क्षमता बढाउनुपर्दछ।

९. **राजस्व प्राप्ति -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४ (३) मा प्रदेश सञ्चित कोषको सञ्चालन प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८१।८२ को प्रदेश सञ्चित कोषको विवरणअनुसार रु.३३ अर्ब ६६ करोड ३० लाख १२ हजार राजस्व र अनुदान प्राप्त भएको छ। सो मध्ये सङ्घीय राजस्व बाँडफाँटबाट रु.११ अर्ब १३ करोड ५३ लाख १८ हजार (३३.१० प्रतिशत), सङ्घीय सरकारबाट हस्तान्तरित अनुदान रु.१३ अर्ब ४० करोड ८४ लाख ४५ हजार (३९.८३ प्रतिशत), प्रदेशबाट सङ्कलित राजस्व रु.४ अर्ब ८९ करोड १६ लाख ७६ हजार (१४.५३ प्रतिशत) र बाँकी गत वर्षको मौज्दातबाट रु.४ अर्ब २२ करोड ७५ लाख ७३ हजार (१२.५४ प्रतिशत) रहेको छ। सङ्घीय अनुदान तथा राजस्व बाँडफाँटको अंश ७२.९२ प्रतिशत रहेकोले प्रदेश राजस्वको दायरा फराकिलो बनाइ राजस्व सङ्कलनमा जोड दिनुपर्दछ।

१०. **स्थानीय अनुदान -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८, ९ र १० मा नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुनबमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा अनुदान वितरण गर्ने उल्लेख छ। यो वर्ष १३७ स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान रु.१ अर्ब, सशर्त अनुदान रु.२ अर्ब ६ करोड ११ लाख ७६ हजार र १३६ स्थानीय तहलाई समपूरक अनुदान रु.१ अर्ब १६ करोड ३५ लाख ५० हजारसमेत रु.४ अर्ब २२ करोड ४७ लाख २६ हजार अनुदान हस्तान्तरण गरेको छ। निकासामध्ये सोही आर्थिक वर्षमा रु.४५ करोड १० लाख २३ हजार फिर्ता गरेको देखिएतापनि स्थानीय तहबाट खर्चको विवरण प्राप्त नभएकोले खर्चको अभिलेख गरी निकासा फिर्ता गर्नुपर्दछ।

(रु.हजारमा)

अनुदानको विवरण	पालिका संख्या	शुरु बजेट	निकासा रकम
समानीकरण अनुदान	१३७	१००००००	१००००००
सशर्त अनुदान	१३७	२३६६६८५	२०६११७६
समपूरक अनुदान	१३६	१४८९८५५	११६३५५०
जम्मा		**४८५६५४०**	**४२२४७२६**

११. **समपूरक अनुदान -** समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०७५ को दफा ६(१) मा नेपाल सरकारले प्रदेश सरकारलाई छनोट गरेका आयोजनाको कुल लागतको अधिकतम पचास प्रतिशतसम्म समपूरक अनुदान प्रदान गर्ने र दफा ९(१) मा प्रदेशले समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनाको लागि

प्राप्त भएको हो सो आयोजनामा खर्च गर्नुपर्ने उल्लेख छ। सङ्घीय सरकारबाट ७ योजनाको लागि यो वर्ष रु.६५ करोड ५० लाख प्राप्त भएकोमा उक्त आयोजनाहरूमा रु.५८ करोड ३१ लाख ८० हजार खर्च भएको छ। कुल खर्चको ५० प्रतिशतले हुने रु.२९ करोड १५ लाख ९० हजार समपूरक अनुदानबाट खर्च गर्नुपर्नेमा रु.३३ करोड २४ हजार खर्च गरी रु.३ करोड ८४ लाख ३४ हजार बढी खर्च गरेको छ। सङ्घीय स्रोतबाट बढी खर्च भएको सङ्घीय सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

१२. **अनुदान फिर्ता -** विनियोजन ऐन, २०८१ को दफा ६ (१०) मा सशर्त, समपूरक र विशेष अनुदान आर्थिक वर्षभित्र खर्च नभइ बचत भएमा सम्बन्धित प्रदेशले कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस वर्ष सङ्घीय सरकार मार्फत सशर्त अनुदान, विशेष अनुदान तथा समपूरक अनुदानतर्फ रु.५ अर्ब २० करोड २१ लाख ६५ हजार प्राप्त गरी रु.३ अर्ब ८३ करोड ५३ लाख ८ हजार खर्च भइ रू.१ अर्ब ३६ करोड ६८ लाख ५७ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा सोहि वर्षमा रु.१ अर्ब ३३ करोड २६ लाख ५९ हजार र बाँकी रु.३ करोड ४१ लाख ९८ हजार २०८२।८३ मा फिर्ता भएको छ। संघबाट प्राप्त अनुदान उपयोग हुन नसक्दा वित्तीय दक्षता देखिएन। अनुदान रकमको सदुपयोग गर्न क्षमता सुदृढ गर्नुपर्दछ।

१३. **भुक्तानी दायित्व -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४१ (१३) मा विशेष कारण एवं परिस्थितिवस चालु वर्षको बजेटले नखामेको भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी उपनियम १५ बमोजिम भुक्तानी गर्न सकिने व्यवस्था छ। एकीकृत वित्तीय विवरण वमोजिम विभिन्न ६ मन्त्रालयले समयमा अनिवार्य दायित्व अन्तर्गतको भुक्तानी नगरेकोले वर्षको अन्तमा चालुतर्फ पारिश्रमिक सुविधा, मालसमान तथा सेवा उपभोग र ब्याज, सेवा शुल्क तथा बैङ्क कमिशन शीर्षकमा रु.२० लाख ७५ हजार र पुँजीगततर्फ भवन तथा संरचना र निर्माण शीर्षकमा रु.४ करोड ९० हजार गरी जम्मा रु.४ करोड २१ लाख ६५ हजार भुक्तानी दिन बाँकी रहेको छ। आगामी वर्षको बजेटलाई थप व्ययभार नपर्ने गरी बजेट कार्यान्वयन गर्नुपर्दछ।

१४. **प्रदेश आकस्मिक कोष -** प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५ को दफा ३ मा प्रदेश आकस्मिक कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कोरोना जनसुरक्षा कोषमा रु.२२ करोड २५ लाख ८५ हजार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको विपद् व्यवस्थापन कोषमा रु.६ करोड ८३ लाख ५३ हजारसमेत रु.२९ करोड ९ लाख ३८ हजार मौज्दात रहेको मध्ये गतवर्षको रु.२७ करोड ४९ लाख ५० हजार छ। कोरोना जनसुरक्षा कोषको प्रयोजन समाप्त भएको अवस्थामा कोषलाई निरन्तरता दिनु उपयुक्त नभएकाले उक्त रकमको उचित व्यवस्थापन गर्नुपर्दछ।

१५. **एकीकृत वित्तीय विवरण–** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ मा प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ। गत वर्षको जिम्मेवारी रु.७ अर्ब २ करोड ८२ लाख २३ हजार रहेकोमा गत वर्षको एकीकृत वित्तीय विवरणमा समावेश नभएका ५ संस्था तथा समितिको मौज्दात रु.२ करोड ४८ लाख २ हजार थप गरी रु.७ अर्ब ५ करोड ३० लाख २५ हजार जिम्मेवारी सारेको छ। गत वर्षको

जिम्मेवारी रु. ७ अर्ब ५ करोड ३० लाख २५ हजार र यस वर्षको प्राप्ति रु.२९ अर्ब ६८ करोड ५६ लाख १३ हजारसमेत रु.३६ अर्ब ७३ करोड ८६ लाख ३८ हजार आम्दानी भएकोमा रु.२८ अर्ब ३२ करोड ९० लाख ६६ हजार भुक्तानी भएको छ। प्रदेशका अन्य कोषमा घट भएको रु.२० करोड २६ लाख ७१ हजार रहेकोमा वर्षको अन्त्यमा कोषसहितको मौज्दात रु.८ अर्ब २० करोड ६९ लाख रहेको छ। तेस्रो पक्षबाट सोझै भुक्तानी रु.१० करोड ३१ लाख ११ हजार प्राप्त गरी खर्च भएको रकम समावेश छ। प्रदेश सरकारले यो वर्ष फिर्ता गर्नुपर्ने सशर्त, समपूरक र विशेष अनुदान रु.३ करोड ४१ लाख ९८ हजार गतवर्षको मौज्दातबाट २०८२।८३ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ। प्रदेश सञ्चित कोषमा रहेको मौज्दात रकमबाट सङ्घीय सञ्चित कोषमा फिर्ता गरिएको हुँदा सञ्चित कोषको मौज्दात यथार्थपरक नहुने हुँदा कोषको हिसाब यथार्थ परक हुने गरी विवरण तयार गर्नुपर्दछ।

१६. **सरकारी सम्पत्तिको अभिलेख** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७८ (७) मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गरी कार्तिक मसान्तभित्र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको सम्पत्ति रु.६ अर्ब १४ करोड २२ लाख रहेको छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको विवरणमा सम्पूर्ण सम्पत्तिहरू समावेश हुन नसकेको, मूल्य नखुलेका सम्पत्तिको मूल्य रु.१ राखेको, घरजग्गा अभिलेख व्यवस्थित नगरेको अवस्था छ। प्रदेश सरकारको सम्पूर्ण सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख गरी व्यवस्थित गर्नुपर्दछ।

१७. **घरजग्गा रजिष्ट्रेसन** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ (१ख) मा स्थानीय तहले घर जग्गा रजिष्ट्रेसन शुल्क उठाउँदा प्रदेशले लगाएको घर जग्गा रजिष्ट्रेसन शुल्क उठाउने कानुनी व्यवस्था छ। हाल रजिष्ट्रेसन शुल्क जिल्लास्थित मालपोत कार्यालयहरूबाट सङ्कलन भइ सोको बाँडफाँट भएको अवस्था छ। रजिष्ट्रेसन शुल्कबापत यो वर्ष रु.१ अर्ब ४५ करोड लक्ष्य रहेकोमा रु.१ अर्ब ३८ करोड ५९ लाख ६९ हजार (९५.५८ प्रतिशत) प्रगति गरेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले मालपोत कार्यालयबाट बाँडफाँट गरी आम्दानी जनाएकाले बाँडफाँट नभएको अवस्थामा राजस्व अभिलेख लेखाङ्कन तथा प्रतिवेदन भएको अवस्था देखिदैन। राजस्व रकम तोकिएको अवधिभित्र बाँडफाँट गरी लेखाङ्कन र प्रतिवेदन गर्नुपर्दछ।

१८. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३५ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयबाट यस वर्ष २१० कार्यालयको आन्तरिक लेखापरीक्षण भएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा ४ कार्यालयमा बेरुजु नरहेको, ९ निकाय तथा मन्त्रालय अन्तर्गतमा असुल गर्नुपर्ने रु.१ करोड ९९ हजार, नियमित गर्नुपर्ने रु.९ करोड २५ लाख ९५ हजार र पेस्की रु.५ करोड ४५ लाख ९० हजारसमेत रु.१५ करोड ७२ लाख ८४ हजार बेरुजु औंल्याएको छ। आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरू अन्तिम लेखापरीक्षण हुनु अघि फर्स्यौंट गर्नुपर्दछ।

१९. **पेस्की** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ५२ अनुसार म्यादभित्र पेस्की फर्स्यौंट नगरेमा वार्षिक १० प्रतिशतका दरले व्याजसमेत असुल गर्नुपर्ने र विभागीय कारबाही गर्न सक्ने व्यवस्था छ। मन्त्रालयगत पेस्की बाँकीको विवरण अनुसार प्रदेश

सरकारअन्तर्गत रु.२८ करोड ३२ लाख म्याद ननाघेको पेस्की र रु.६ करोड ३९ लाख १ हजार म्याद नाघेको गरी जम्मा रु.३४ करोड ७१ लाख १ हजार पेस्की रहेको देखिन्छ। तथापी आन्तरिक लेखापरीक्षणको मन्त्रालयगत बेरुजु र पेस्कीको विवरण अनुसार म्याद नाघेको पेस्की रु.५ करोड ४५ लाख ९० हजार देखाएकोले रु.९३ लाख ११ हजार फरक हिसाव समायोजन गरी तोकिएको समयमा पेस्की फर्स्यौंट हुनुपर्दछ।

२०. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश मन्त्रालय र अन्तर्गतका खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भोजपुर, शहरी तथा भवन विकास डिभिजन कार्यालय धनकुटा, जिल्ला अस्पताल ताप्लेजुङ, लगायत २४ कार्यालयले रु.६० करोड ५७ लाख ५३ हजारको निर्माण, मर्मत सम्भार, फर्निचर तथा औषधि उपकरण, कार्यालय सामान प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको छ। खरिद नियमको पालना गर्नुपर्दछ।

२१. **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुनेसम्बन्धी व्यवस्था छ। पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनङ्कित द्वितीय र प्रथम तथा राजपत्रांङ्कित तृतीय र द्वितीय श्रेणीका कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा समायोजन ग्रेडको व्यवस्था रहेको पाइएन। प्रदेश अन्तर्गतका आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, उद्योग, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय सुनसरी लगायत २४ कार्यालयका ८६ कर्मचारीलाई यो वर्ष समायोजन ग्रेड थप गरी रु.३२ लाख ४७ हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल हुनुपर्दछ।

२२. **प्रदेश तहसिल कार्यालय** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४८ मा सरकारी बाँकीको लगत कायम गर्न प्रदेश तहसिल कार्यालय स्थापना गर्न सक्ने र ऐनको दफा ४९ (३) तथा नियमावली, २०७९ को नियम ९० (१०) अनुसार लगत कायम गरिएको रकम नियमित प्रकृयाबाट असुल उपर हुन नसकेमा लेखा उत्तरदायी अधिकृतले यकिन गरी कार्यालयमा लगत कस्न लेखि पठाउनुपर्ने व्यवस्था छ। प्रदेशमा तहसिल कार्यालयको स्थापना नहुँदा सरकारी बाँकीको लगत राख्ने र सो लगत अनुसार असुल उपर गर्ने कार्य भएको देखिएन। सरकारी बाँकीको लगत राख्ने र सो लगत अनुसार असुल उपर गर्न कार्यालयको स्थापना गरी लगत र असुली कार्य गर्नुपर्दछ।

२३. **बेरुजुको लगत** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८८(३) मा मन्त्रालय वा अन्य निकायले आफ्नो र मातहतको कार्यालयको बेरुजुको लगत राख्दा फर्स्यौंट अङ्क र बाँकी अङ्क खुलाई अनुसूची-२१ बमोजिमको ढाँचामा विवरण तयार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। बेरुजु लगतको आधारमा कार्यालय र मन्त्रालय वा अन्य निकायले बेरुजु फर्स्यौंटको चौमासिक कार्ययोजना बनाइ कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा प्रदेश मन्त्रालय तथा अन्तर्गतका कार्यालय र अन्य निकायको बेरुजुको विवरण अद्यावधिक रहेको छैन। मन्त्रालयको

कार्यक्षेत्र हेरफेर एवम् संख्या थप घट हुँदा बेरुजु अभिलेखसमेत अद्यावधिक गरी कानुनबमोजिम फर्स्यौंट गर्नुपर्दछ।

२४. **बहुवर्षीय योजना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १२ मा बहुवर्षीय दायित्व सिर्जना गर्नुपूर्व समष्टिगत आर्थिक परिसूचकहरूको विश्लेषण, स्रोत प्राप्तिको अवस्था, आवधिक योजनाको लक्ष्य एवम् उपलब्धि, मध्यमकालीन खर्च संरचना, सिर्जित दायित्वको विवरण सहित मन्त्रालयको बजेटको आधार लिनुपर्ने व्यवस्था छ। प्रदेश सरकारको बहुवर्षीय आयोजनाहरू खरिद प्रक्रियामा गएर सम्झौता भएका ४ मन्त्रालयका १३१ ठेक्काको कुल सम्झौता रु.२८ अर्ब ४५ करोड ८५ लाख ९८ हजारमध्ये यो वर्षसम्ममा रु.१२ अर्ब ७८ करोड २४ लाख ४५ हजार भुक्तानी गरी रु.१५ अर्ब ६७ करोड ६१ लाख ५३ हजारको कार्य बाँकी रहेको छ। गत वर्षको अन्त्यमा रु.२० अर्ब ४५ करोड ८५ लाख ९८ हजार रहेकोमा यो वर्ष ३०.५१ प्रतिशतले न्यून भएको छ। बहुवर्षीय आयोजनाको स्रोतगत आधार खुलाई स्पष्ट अभिलेख राख्नुपर्दछ।।

२५. **दिगो विकास लक्ष्य** - दिगो विकासका विश्वव्यापी १७ लक्ष्यमध्ये नेपालले अङ्गीकार गरेका १६ लक्ष्य, १६९ गन्तव्य मध्ये १५९ र २३७ सूचकमा २५७ थप समेत ४९४ सूचकलाई योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरी सन् २०३० सम्म पुरागर्ने कार्यसूचीमा उल्लेख छ। यस वर्ष गरिबीको रेखामुनिको जनसङ्ख्या, खानेपानी उपयोग गर्ने जनसङ्ख्या सूचकमा लक्ष्य अनुसार प्रगति भए तापनि बहुआयामिक गरिबीको सूचकाङ्क, महिला परिवारमूली सङ्ख्या, प्रतिव्यक्ति कूल गार्हस्थ्य उत्पादन, प्रादेशिक सडक कालोपत्रे, सरकारी क्षेत्रको नेतृत्व तहमा महिला सहभागिता, जलविद्युत उत्पादन र जडित क्षमता र लैङ्गिक विकास सूचकाङ्क लगायतमा लक्ष्यअनुसार प्रगति हासिल हुन सकेको छैन। बजेट निर्माण तथा कार्यान्वयन गर्दा दिगो विकास लक्ष्य प्राप्तिको लागि लक्ष्यसहितको सूचक निर्धारण तथा आन्तरिकीकरण गरी राष्ट्रिय लक्ष्य निर्धारण गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्नेमा सो गरेको देखिएन। बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्यअनुसार बजेट सांकेतीकरण गर्ने तथा समानरूपमा दिगो विकासका लक्ष्य प्राप्त गर्न दिगो र सन्तुलित बजेट तर्जुमा गर्नुपर्दछ।

२६. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १२ मा मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन दक्षता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी समष्टिगत वित्त, बजेट र नतिजा खाका समावेश गरी तयार गर्नुपर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम प्रदेश सरकारको २०८१।८२ को खर्च प्रक्षेपण र वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छः

(रु.लाखमा)

मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण					बजेट विनियोजन					प्रक्षेपणको तुलनामा घटी बजेट
कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	स्थानीय तह अनुदान	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	स्थानीय तह अनुदान	
३९०२८८	१४९३४९	२०१६६४	१२६	३९१४९	३५२७९३	१२९७७५	१७४२५३	२००	४८५६५	३७४९५

प्रदेश सरकारको लागि यो वर्ष मध्यमकालीन खर्च संरचनाले तयार गरेको प्रक्षेपण रू.३९ अर्ब २ करोड ८८ लाख भएकोमा रू.३५ अर्ब २७ करोड ९३ लाख विनियोजन गरी प्रक्षेपणको

तुलनामा रु.३ अर्ब ७४ करोड ९५ लाख न्यून बजेट विनियोजन गरेको छ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच समन्वय हुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

२७. **आवधिक योजना -** प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) ले स्वच्छ, सुखी र समुन्नत प्रदेश को दीर्घकालीन सोच वमोजिम योजना कार्यान्वयनको लागि प्रत्येक वर्ष हाँसिल गर्नुपर्ने नतिजा सूचक उल्लेख गरेको छ। आवधिक योजनाले २०८१।८२ मा कृषि क्षेत्रको आर्थिक वृद्धिदर ३.६४ प्रतिशत, मानव विकास सूचकाङ्क ०.५९,अपेक्षित आयु ७०.९ वर्ष, साक्षरता दर ८२.३ प्रतिशत,आधारभूत सरसफाइ पुगेको जनसङ्ख्या ९८.९ प्रतिशत, प्रादेशिक कालोपत्रे सडक निर्माण ७३० कि.मी.पुऱ्याउने, बेरोजगार दर ९ प्रतिशत, गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १६ प्रतिशतमा झार्ने, बेरुजुको तुलनामा फर्स्यौंट ३१.५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा प्राप्त उपलब्धि को समीक्षा गरेको छैन। वार्षिक कार्यक्रमलाई आवधिक योजनासँग आबद्ध गरी निर्धारित लक्ष्य वमोजिम प्रगति हासिल गर्नुपर्दछ।

२८. **आयोजना बैङ्क -** प्रदेश आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८१ अनुसार आयोजना बैङ्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य निर्माणाधीन एवम् क्रमागत सबै आयोजना सूचना प्रणालीमा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ५० हजार ५६७ आयोजनाहरू आयोजना बैङ्कमा अभिलेख गरेकोमा आयोजना बैङ्कको आधारमा बजेट निर्माण भएको देखिएन। प्रदेशमा आयोजना बैङ्कको सूचना प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

२९. **बजेट कार्यान्वयन स्थिति -** कोशी प्रदेश सरकारको देहायका मन्त्रालय तथा निकायहरूको २०८१।८२ को बजेट अनुमान रु.३५ अर्ब २७ करोड ९३ लाख भएकोमा रु.२८ अर्ब १८ करोड २९ लाख ७ हजार खर्च भएको छ। बजेट अनुमानको तुलनामा चालु खर्च ८०.५२ प्रतिशत र पुँजीगत खर्च ७९.३३ प्रतिशत भएको छ।

(रु.लाखमा)

क्र.सं.	मन्त्रालय। निकाय	बजेट				यथार्थ खर्च			चालु खर्च प्रतिशत	पुँजीगत खर्च प्रतिशत	खर्च प्रतिशत
		चालु	पुँजीगत	वित्तीय	जम्मा	चालु	पुँजीगत	जम्मा			
१	प्रदेश सभा सचिवालय	२४०४	५३	०	२४५७	१९५९	३४	१९९३	८१.४९	६४.१५	८१.१२
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३४२७	३९६	०	३८२३	१९०६	३०७	२२१३	५५.६२	७७.५३	५७.८९
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	५०४६	७८४१	०	१२८८७	३७७६	५७२०	९४९६	७४.८३	७२.९५	७३.६९
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	३९०११	२१२	०	३९२२३	३५००१	१९४	३५१९५	८९.७२	९१.५१	८९.७३
५	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	१३५९३	२४०८	०	१६००१	९६०९	२१०८	११७१७	७०.६९	८७.५४	७३.२३
६	खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालय	५४१०	३८६४३	२००	४४२५३	३८९९	३६५९६	४०४९५	७२.०७	९४.७	९१.५१
७	पर्यटन, वन तथा वातावरण मन्त्रालय	१३५०८	१०४७४	०	२३९८२	१०३९९	७८९६	१८२९५	७६.९८	७५.३९	७६.२९
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	४५९३	१०७२०९	०	१११८०२	२८२४	८२१३९	८४९६३	६१.४८	७६.६२	७५.९९
९	सामाजिक विकास मन्त्रालय	११२५९	१४४८	०	१२७०७	८५६१	९६४	९५२५	७६.०४	६६.५७	७४.९६
१०	स्वास्थ्य मन्त्रालय	२९६५५	४६६९	०	३४३२४	२१८५३	२१७९	२४०३२	७३.६९	४६.६७	७०.०२
११	प्रदेश लोक सेवा आयोग	११३६	८३	०	१२१९	१०८०	८३	११६३	९५.०७	१००	९५.४१
१२	प्रदेश योजना आयोग	४९९	१९	०	५१८	२९८	१०	३०८	५९.७२	५२.६३	५९.४६
१३	मुख्य न्यायाधिवक्ताको कार्यालय	२०९	४	०	२१३	१८३	४	१८७	८७.५६	१००	८७.७९
१४	अर्थ - विविध	२५	७९४	०	८१९	०	०	०	०	०	०
१५	स्थानीय तह	४८५६५	०	०	४८५६५	४२२४७	०	४२२४७	८६.९९	०	८६.९९
	जम्मा	**१७८३४०**	**१७४२५३**	**२००**	**३५२७९३**	**१४३५९५**	**१३८२३४**	**२८१८२९**	**८०.५२**	**७९.३३**	**७९.८९**

यो वर्ष कुल विनियोजित बजेटको ७९.८९ प्रतिशत खर्च गरेको छ। मन्त्रालय तथा निकायगत रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबैभन्दा न्यून अर्थात् विनियोजित बजेटको ५७.८९ प्रतिशत र प्रदेश लोक सेवा आयोगले सबैभन्दा बढी विनियोजित बजेटको ९५.४१ प्रतिशत खर्च गरेको छ। अन्तरसरकारी वित्तीय हस्तान्तरणको रूपमा प्रदेश सरकारले स्थानीय

तहलाई चालुतर्फबाट रु.४ अर्ब ८५ करोड ६५ लाख बजेट व्यवस्था गरेकोमा रु.४ अर्ब २२ करोड ४७ लाख अर्थात ८६.९९ प्रतिशत खर्च गरेको छ। विनियोजन कुशलता र खर्च दक्षता अभिवृद्धि गरी बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ।

३०. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराइ आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

खण्ड

१

मन्त्रालय र निकायगत बेहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम ९३ सदस्यीय प्रदेश सभा गठन भएको छ। संविधानको धारा १९५ बमोजिम प्रदेश सभाको काम कारबाही सञ्चालन तथा व्यवस्थापन गर्न प्रदेश सभा सचिवालय रहने व्यवस्था छ।

१. **बजेट तथा खर्च** - वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	१६२८०८	१६३६०८	१४२०३६	८६.८१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१७०	१७०	११०	६४.७१
२२१०० सेवा महसुल	३८२०	३८२०	३१४५	८२.३४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१६९२६	१६९२६	१३०३८	७७.०३
२२३०० कार्यालय सामान तथा सेवा	५१९४	५१९४	२८८०	५५.४६
२२४०० सेवा तथा परामर्श खर्च	९९०२	१०२५७	९८२८	९५.७९
२२५०० कार्यक्रम सम्बन्धी खर्च	२०६५६	१७२५६	१०५७७	६१.२९
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	१४८१४	१४८१४	९४६५	६३.८९
२२७०० विविध खर्च	६९००	६१००	३०४२	४९.८६
२७२०० सामाजिक सहायता	३३०	३३०	९७	२९.३९
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१९६८	१९६८	१७०८	८६.७९
जम्मा	**२४३४८८**	**२४०४४३**	**१९५९२७**	**८१.४९**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	५३२०	५३२०	३४००	६३.९१
कुल जम्मा	**२४८८०८**	**२४५७६३**	**१९९३२७**	**८१.१२**

उल्लिखित विवरणअनुसार चालुतर्फ ८१.४९ प्रतिशत, पुँजीगततर्फ ६३.९१ प्रतिशत र समग्रमा ८१.१२ प्रतिशत खर्च भएको छ।

२. **लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३६(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.१९ करोड ९३ लाख २७ हजार, राजस्वतर्फ रु.१ लाख ९२ हजार र धरौटीतर्फ रु.९ लाख ९० हजार समेत रु.२० करोड ५ लाख ९ हजारको लेखापरीक्षण गरिएको छैन।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार कार्यालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ :

- प्रदेश मन्त्रिपरिषद् सम्बन्धी कार्य,
- प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेशको अधिकार अन्तर्गत विषयगत नीति तर्जुमाका लागि मन्त्रालयलाई निर्देशन, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- मन्त्रालयहरूको कार्यको समन्वय, सुपरीवेक्षण, नियन्त्रण, अनुगमन र मूल्याङ्कन,
- प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
- विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति र तर्जुमा भएको विधेयक मस्यौदाको स्वीकृति, अध्यादेश जारीका लागि सिफारिस र प्रत्यायोजित विधायन मन्त्रिपरिषदबाट जारी गर्ने,
- प्रदेशको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी लिने र सोको सम्बोधन,
- उपाधि, सम्मान, विभूषणको सिफारिस तथा प्रदेश निजामती सेवा पुरस्कार,
- प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी कानुनको तर्जुमा र कार्यान्वयन,
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति तथा कानुन तर्जुमा एवम् कार्यान्वयन,
- कर्मचारीहरूको अभिलेख व्यवस्थापन,
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन,
- स्थानीय तहका न्यायिक समितिहरूको क्षमता विकास, सम्बन्ध, सहयोग र सहकार्य,
- स्थानीय तहहरूको कानुन निर्माणमा क्षमता विकास, सहयोग र सहकार्य लगायत।

१. **लेखापरीक्षण अङ्क -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको निम्नानुसार रु.७ करोड ९ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न भइको छ।

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६६६९०	१५७	२५३३	१६०१	७०९८१

२. **बजेट तथा खर्च** - वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	७०५३५	७०५३५	५०२७२	७१.२७
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१०८४	१०८४	२७५	२५.४१
२२१०० सेवा महसुल	५२१८	६४१८	५६९४	८८.७१
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१७७८४	१९४८४	१५७६७	८०.९२
२२३०० कार्यालय सामान तथा सेवा	७४४२	७४४२	६१३४	८२.४२
२२४०० सेवा तथा परामर्श खर्च	१४८०४	१५७२०	१२०५६	७६.६९
२२५०० कार्यक्रम सम्बन्धी खर्च	१९३८८५	१५९६६५	५२४६८	३२.८६
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	५७९३	७२९३	६०७२	८३.२६
२२७०० विविध खर्च	१०७६५	८९६५	८४५२	९४.२८
२६४०० सामाजिक सेवा अनुदान	१४०००	४२५००	३१२९५	७३.६४
२८१०० सम्पत्ति सम्बन्धी खर्च	३६०६	३६०६	२१८०	६०.४५
जम्मा	**३४४९१६**	**३४२७१२**	**१९०६६३**	**५५.६३**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	३९६००	३९६००	३०६६८	७७.४४
कुल जम्मा	**३८४५१६**	**३८२३१२**	**२२१३३१**	**५७.८९**

उल्लिखित विवरणअनुसार चालुतर्फ ५५.६३ प्रतिशत, पुँजीगततर्फ ७७.४४ प्रतिशत र समग्रमा ५७.८९ प्रतिशत खर्च भएको छ।

३. **लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३६(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.१५ करोड ४६ लाख ४१ हजार, राजस्वतर्फ रु.१ लाख ४० हजार र धरौटीतर्फ रु.३१ लाख ५७ हजार समेत रु.१५ करोड ७९ लाख ३८ हजारको लेखापरीक्षण गरिएको छैन।

समिति र अन्य संस्था

प्रदेश लगानी प्राधिकरण

सार्वजनिक, निजी, सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ बमोजिम कृषि तथा औद्योगिक क्षेत्रको उत्पादन, सार्वजनिक निजी सहकारी, साझेदारी तथा विदेशी लगानी परिचालनमार्फत परियोजनाको निर्माण तथा विकास गर्दै प्रतिस्पर्धी अर्थतन्त्रको विकास एवम् रोजगारीका अवसर समेत सिर्जना गरी गरिबी निवारणमा योगदान पुऱ्याउने उद्देश्यले प्रदेश लगानी प्राधिकरण गठन भएको छ।

४. **आय व्यय** - प्राधिकरणको यस वर्षको आय व्यय स्थिति देहाय बमोजिम रहेको छ।

(रु.हजारमा)

गत वर्षको जिम्मेवारी	यस वर्षको आम्दानी		जम्मा	खर्च	बाँकी
	अनुदान	आन्तरिक आय			
२०२९९	३५५००	२९९	३५७९९	३६३३०	१९७६८

५. **वार्षिक प्रतिवेदन -** सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण नियमावली, २०७७ को नियम ४९ मा प्राधिकरणले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र वर्षभरीमा गरेको प्रमुख काम कारबाही र त्यसबाट हासिल भएका उपलब्धि, प्रदेशको आर्थिक विकासका अवसर तथा सम्भावना र विकासका प्राथमिकता लगायतका विषय समावेश गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सरकार समक्ष प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले यो वर्ष शासकीय सुधार तथा सुशासनमा नियमित विषयमा बाहेक ऐनको व्यवस्था अनुसार प्रदेशको आर्थिक विकासका अवसर तथा सम्भावना लगायतको विषयहरू समावेश गरी वार्षिक प्रतिवेदन पेस गरेको छैन। कानुनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

६. **कार्यक्षेत्र तथा सेवा** - प्राधिकरणलाई प्रदेशमा विकास निर्माण, सञ्चालन तथा कार्यान्वयन, परियोजना छनोट, अनुमति, सम्भाव्यता अध्ययन एवम् कार्यान्वयनमा लगानी बोर्डसँगको समन्वय तथा स्वीकृत परियोजनाको कार्यान्वयनको लागि लगानी बोर्ड समक्ष प्रस्तुत गर्नुपर्ने कार्यक्षेत्र तोकिएको छ। प्राधिकरणले विगतका परियोजनामध्ये ग्रीन युरिया उत्पादन, विराटनगर नगरबस, उदयपुर क्लिङकर उद्योग स्थापना, बर्जुताल पर्यटन पूर्वाधार तथा विराटनगर बहुउद्देश्य व्यापारिक भवन र यो वर्ष थप भएका कोशी पोडवे, रासताल पर्यटकीय लगायतका ८ परियोजनामा रु.७२ अर्ब १९ करोडको प्रक्रिया अघि बढाएको छ। लगानी परियोजनाको वित्तीय व्यवस्थापन तथा लगानीको कार्ययोजना कार्यान्वयनको लागि सम्बद्ध पक्षसँग गरिएका समझदारीका सर्त कार्यान्वयन हुनुपर्दछ।

७. **लगानी सम्मेलन** - कोशी प्रदेश सरकार (मन्त्रिपरिषद्) को २०८१।९।२४ को निर्णयबाट प्रदेशमा २०८२ बैशाख १८ र १९ गते संशोधित तालिका अनुसार लगानी सम्मेलन भएको छ। सो लगानी सम्मेलन सञ्चालन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट रु.३ करोड सशर्त अनुदान प्राप्त गरेकोमा रु.२ करोड १६ लाख ८९ हजार खर्च भएको छ। सम्मेलनबाट कृषि, पर्यटन, पूर्वाधार लागयतका ८ लगानी क्षेत्रका ५१ परियोजना समझदारी पत्रको अनुमानित रु.१ खर्ब ५७ अर्ब १८ करोड सार्वजनिक निजी साझेदारी तथा निजी मोडलबाट प्रतिवद्धता प्राप्त भएको देखिन्छ। सम्मेलनबाट लगानीका लागि प्रतिवद्धता भएका समझदारी पत्र अनुसार परियोजना कार्यान्वयन हुनुपर्दछ।

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ अनुसार प्रदेश तथा स्थानीय तहलाई सबल र सक्षम बनाउन प्रदेश सरकार तथा प्रदेशभित्रका स्थानीय तहका पदाधिकारी, प्रदेश सरकारका निकाय, समिति, प्राधिकरण लगायतका निकायमा कार्यरत कर्मचारी र प्रदेशभित्रका स्थानीय तहका सेवामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्न र आवश्यक तालिम प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले यो केन्द्रको स्थापना भएको हो।

८. **आय व्यय -** प्रतिष्ठानको यस वर्षको आय व्यय स्थिति देहाय बमोजिम रहेको छ :

(रु.हजारमा)

गत वर्षको जिम्मेवारी	यस वर्षको आम्दानी		जम्मा	खर्च	बाँकी
	अनुदान	आन्तरिक आय			
१३९८	११६८३६	२७३५	११९५७१	११७३२५	३६४४

९. **घरजग्गाको लगत** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १०२ मा प्रत्येक कार्यालयले कार्यालय र अन्तर्गतको सरकारी घरजग्गाको लगत स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानको नाममा चन्द्रगढीमा ४६ बिगाहा १७ कठ्ठा, अनारमनी बिर्तामोडमा ४१ बिगाहा १६ कठ्ठा १ धुर र गरामनी बिर्तामोडमा ६ बिगाहा १ कठ्ठा समेत ९४ बिगाहा १४ कठ्ठा १ धुर जग्गा रहेकोमा सो जग्गाबाट प्राप्त हुने आम्दानी सम्बन्धी कागजात स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ललितपुरमा पठाएकोले उक्त घर जग्गाको अद्यावधिक अभिलेख प्रतिष्ठानसँग रहेको छैन। प्रतिष्ठानको नाममा भएको सम्पत्तिको अद्यावधिक अभिलेख राखी उपयोग एवम् सुरक्षा हुनुपर्दछ।

१०. **परामर्श सेवा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(ख) मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानबाट यस वर्ष आवधिक योजना निर्माण, मध्यमकालीन खर्च संरचना तयारी लगायत ३० परामर्श सेवा खरिदमा रु.१ करोड ३८ लाख ७१ खर्च गरेको देखिन्छ। प्रतिवेदन निर्माण गरी पालिकालाई हस्तान्तरण भइसकेको हुँदा ती प्रतिवेदनहरूको पालिकाहरूबाट कार्यान्वयन भए नभएको अवस्था बारे प्रतिष्ठानबाट अनुगमन तथा मूल्याङ्कन गरेको देखिएन। प्रतिष्ठानबाट हस्तान्तरण गरेका प्रतिवेदनहरूको कार्यान्वयन, यसको अनुगमन तथा मूल्याङ्कन गरी खर्चको उपादेयता मापन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा मातहत निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम कायम दरबन्दी पदपूर्ति नभएको, तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, प्रदेश सहयोग कार्यक्रमबाट भएको खर्च तथा उपलब्धिको मूल्याङ्कन र अनुगमनको अभिलेख पेस नभएको, जिन्सी व्यवस्थापन प्रभावकारी नभएको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** — यो वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः

➢ सङ्गठित संस्था एवम् समितितर्फ २ निकायमा यो वर्ष रु.१३ लाख बेरुजु देखिएकोमा फर्स्यौंट नगराएकोले रु.१३ लाख बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, नियमन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी, कानुन र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन,
- अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
- सङ्घीय कानुनबमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन,
- सङ्घीय तथा प्रदेश कानुनको कार्यान्वयन,
- प्रदेशस्तरको यातायात नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,
- प्रदेशस्तरको सूचना प्रविधि तथा विद्युतीय सञ्चार माध्यम सञ्चालन नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन तथा अनुमति, इजाजत र नवीकरण, नियमन,
- प्रेस सञ्चार माध्यमको दर्ता, अनुमति, अभिलेखाङ्कन, वर्गीकरण, आचार संहिता निर्धारण र अनुगमन,
- भूमि व्यवस्थापन, भू-उपयोग तथा चक्लाबन्दी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,
- गुठी तथा गुठी जग्गा व्यवस्थापन नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, नियमन र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन एवम् सो सम्बन्धमा सङ्घ र स्थानीय तहसँग समन्वय लगाएतका विषयहरू।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत ८ सरकारी कार्यालयको निम्नानुसार रु.३ अर्ब ६७ करोड १९ लाख ७५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
९१२४८३	२२३१८५९	२९५३६	४९८०९७	३६७१९७५

उल्लिखित विवरणमा यस मन्त्रालयमा विनियोजन भई सङ्घीय निकाय मातहतका सुरक्षा निकाय र कार्यालयलाई रु.५ करोड ७० लाख, नापी कार्यालयलाई रु.१ करोड २ लाख, मालपोत कार्यालयलाई रु.१ करोड २७ लाख र कानुन तथा न्यायसम्बद्ध निकायलाई रु.१ करोड ५० लाख समेत रु.९ करोड ४९ लाख निकासा गरेको रकमसमेत समावेश छ।

२. **बजेट खर्च** - वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	१५५४९१	१४५२५८	११५२७९	७९.३६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	११९९	१०५९	५७५	५४.३०
२२१०० सेवा महसुल	१०९९७	१०९९४	८१५९	७४.२१
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	३४३८२	३०७१५	२५२०२	८२.०५
२२३०० कार्यालय सामान तथा सेवाहरू	३७१२८	३७११३	३१८८६	८५.९२
२२४०० सेवा तथा परामर्श खर्च	४६९०१	४२५८३	३८४२७	९०.२४
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१३२५४५	७९६९५	४१६७६	५२.२९
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	८४२३	७९७३	६३९५	८०.२१
२२७०० विविध खर्च	१९५८८	१७७६३	१४८५२	८३.६१
२५००० सहायता	२५००	२,०००	०	०.००
२६४०० सामाजिक सेवा अनुदान	१४७७००	१०७५००	८२०६१	७६.३४
२७१०० सामाजिक सुरक्षा	५५००	५५००	२८६९	५२.१६
२७२०० सामाजिक सहायता	११५००	७५००	४२०८	५६.११
२८१०० सम्पत्ति सम्बन्धी खर्च	८८९६	८९७४	५९८६	६६.७०
जम्मा	**६२२७५०**	**५०४६२७**	**३७७५७६**	**७४.८२**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	४१६३४०	७८४१४८	५७२०१६	७२.९५
कुल जम्मा	**१०३९०९०**	**१२८८७७५**	**९४९५९२**	**७३.६८**

(लेखापरीक्षण प्रतिवेदन जारी नभएको यातायात व्यवस्था कार्यालय (३१४०११२०११) झापाको रु.३ करोड ७१ लाख ९ हजार रकम समेत समावेश)

उल्लिखित विवरणअनुसार चालुतर्फ ७४.८२ प्रतिशत, पुँजीगततर्फ ७२.९५ प्रतिशत र समग्रमा ७३.६८ प्रतिशत खर्च भएको छ।

३. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ (२) मा प्रत्येक आर्थिक वर्षको लागि मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको मध्यमकालीन खर्च संरचना (२०८१।८२-२०८३।८४) बमोजिम त्रिवर्षीय अनुमान तथा प्रक्षेपणमा २०८१।८२ को बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छ।

(रु.हजारमा)

मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण			बजेट विनियोजन			बजेट खर्च		
कुल	चालु	पुँजीगत	कुल	चालु	पुँजीगत	कुल	चालु	पुँजीगत
१०३९०९०	६२२७५०	४१६३४०	१०३९०९०	६२२७५०	४१६३४०	९४९५९२	३७७५७६	५७२०१६

मध्यमकालीन खर्च संरचनाले गरेको प्रक्षेपण अनुसार बजेट विनियोजन भए तापनि बजेटको ७३.६८ प्रतिशत मात्र खर्च भएको छ।

४. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रममा बुँदा नं.३० देखि ४० सम्म उल्लेख भएका मध्ये मन्त्रालयसँग देहाय बमोजिमका कार्यक्रमहरूमा बजेट विनियोजन भएकोमा कार्यान्वयन भएको देखिएन।

नीति बुँदा नं.	नीति तथा कार्यक्रम	विनियोजित बजेट
३१	सामाजिक रुपान्तरणका लागि योद्धाहरूलाई सम्मान	रु.५० लाख
३५	सार्वजनिक यातायातलाई डिजिटाइलेशन	रु.५० लाख
३६	यातायात व्यवस्था तथा सेवा कार्यालयहरूको प्रविधिमैत्री सेवाप्रवाह	रु.६ करोड
३७	चलचित्र क्षेत्रको विकास सम्बन्धी कानुन बनाउने	रु.३८ लाख
४०	कानुनी शिक्षा सचेतना कार्यक्रम	रु.३६ लाख

नीति तथा कार्यक्रममा समावेश गरी बजेट व्यवस्था भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५. **वार्षिक प्रतिवेदन** - प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४१ मा मन्त्रालयले तोकिए बमोजिमको अवधिभित्र यो वर्ष सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम, कामको स्थिति तथा प्रगति र लागत लगायतका विषयहरू समावेश गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा वार्षिक प्रतिवेदन पेस गरी सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो बमोजिम प्रतिवेदन तयार गरेको छैन। वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्नुपर्दछ।

६. **विपद् व्यवस्थापन कोष** - प्रदेशभित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट हुने जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि मन्त्रालयले विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ बमोजिम कोषको स्थापना भएको छ। उक्त कोषमा यो वर्षको रु.२ करोड समेत कुल रु.७ करोड ६३ लाख ९८ हजार आम्दानी भएकोमा १४ जिल्ला प्रशासन कार्यालयमार्फत विपद्जन्य घटनामा यो वर्ष आगलागी, चट्यान, बमबिस्पोट र बाढी पहिरोबाट ज्यान गुमाउनेको सङ्ख्या १३४ जनाको लागि रु.३४ लाख र आगलागी, बाढीपहिरो र हावाहुरीबाट १३५ घरको रु.४६ लाख ४५ हजार समेत रु.८० लाख ४५ हजार खर्च भई रु.६ करोड ८३ लाख ५३ हजार मौज्दात रहेको छ।

सङ्घीय सरकार र स्थानीय तहबाट समेत विपद्जन्य घटनामा राहत तथा आर्थिक सहयोग वितरण हुने भएकोले अन्तरतहका निकायसँग समन्वय गरी परिचालन गर्नुपर्दछ।

७. **मर्मत सम्भार तथा पुनर्निर्माण कोष** - प्रदेशभित्र विपद्बाट क्षतिग्रस्त तथा प्रभावित भएका पूर्वाधार तथा संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि मन्त्रालयले मर्मत सम्भार तथा पुनर्निर्माण कोष सञ्चालन कार्यविधि, २०८१ को बुँदा १६ बमोजिम २०८२।८३ को अन्त्यसम्म अवधि रहनेगरी मर्मत सम्भार तथा पुनर्निर्माण कोष स्थापना गरेको छ। कोषको आय-व्ययको स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

आम्दानी	रकम	खर्च	रकम
गत वर्षको जिम्मेवारी	०	भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत (७ कार्यालय)	११६४६८
विनियोजन	४०००००	खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालय अन्तर्गत (२० कार्यालय)	१३८३२४
अन्य (तलव भत्ता तथा अन्य अनुदान)	३७८६	सामाजिक विकास मन्त्रालय अन्तर्गतका विद्यालयहरूका लागि ७ स्थानीय तह	४४५२५
		मौज्दात	१०४४६९
जम्मा	**४०३७८६**	**जम्मा**	**४०३७८६**

मन्त्रालयले सम्बन्धित कार्यालय र स्थानीय तहको खातामा रु.२९ करोड ९३ लाख १७ हजार निकासा गरेको छ। कार्यविधिको दफा १७ अनुसार मर्मत तथा पुनर्निर्माण भएका संरचनाको प्रगति प्रतिवेदन प्राप्त गरी समयमा कार्यसम्पन्न गर्न कोषको परिचालन गर्नुपर्दछ।

८. **कानुन निर्माण** - प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७९ को नियम ४ अनुसूची-२ मा मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका विषयमा कानुन निर्माण गर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार हालसम्म १७ वटा कानुन संशोधन र ५१ वटा कानुन खारेजी सहित ८९ ऐन, ३५ नियमावली, ४९ कार्यविधि, २० निर्देशिका र ३ मापदण्ड समेत १९६ कानुन तर्जुमा भई कार्यान्वयनमा रहेको बेहोरा उल्लेख छ।

९. **आर्थिक सहायता** - प्रदेश आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८० (संशोधित सहित) को बुँदा नं.४ अनुसार मन्त्रिस्तरीय निर्णयबाट विपन्न र बेखर्ची नागरिकलाई रु.२० हजारसम्म, चरम आर्थिक अभावमा रहेको नागरिकलाई रु.७५ हजारसम्म र कडा रोगबाहेक अन्य रोगका लागि चरम गरिबी र आर्थिक अभावका कारण उपचार गर्न असमर्थ नागरिकलाई चिकित्सकले दिएको प्रेस्क्रिप्सन समावेश भएमा रु.७५ हजारसम्म आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था रहेको छ। मन्त्रालयले यो वर्ष रु.३५ लाख ४० हजार खर्च गरेकोमा विनियोजन भएको रु.५५ लाख बजेटबाट बेखर्ची २ जना र आर्थिक रूपमा कमजोर तथा बिरामी १२६ जनासमेत १२८ जनालाई रु.१० हजारदेखि रु.६० हजारसम्मको आर्थिक सहायतामा रु.२८ लाख ६९ हजार खर्च गरेको छ। आर्थिक सहायता उपलब्ध गराउदा पारदर्शी रूपमा लक्षित वर्गले मात्र प्राप्त गर्नेगरी वितरण गर्नुपर्दछ।

१०. **उद्धार, राहत तथा पुनर्स्थापना** - मन्त्रालयले यो वर्ष उद्धार, राहत तथा पुनर्स्थापना कार्यक्रममा रु.७५ लाख विनियोजन गरेकोमा रु.४२ लाख ८ हजार (स्थानीय निर्वाचनमा सुरक्षा निकायमा रु.१२ लाख इन्धनसमेत) खर्च गरेको छ। सो खर्च मध्ये विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि बन्दोवस्तीका सामग्री, राहत, विपद संकट व्यवस्थापन र प्रदेश सुरक्षा जोखिममा रु.३० लाख ८ हजार भएको छ।

मन्त्रालयबाट रु.१ करोड २८ लाख १५ हजारको विपद् खोज तथा उद्धार कार्यमा खटिने नेपाल प्रहरीलाई आवश्यक पर्ने उपकरण तथा सामाग्री खरिद गरी कोशी प्रदेश प्रहरी कार्यालयलाई हस्तान्तरण गरेको छ। सो बाहेक कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको लागि रु.२ लाख ९९ हजारको क्यामरा, रु.९ लाख ९० हजारको मेशिनरी औजार (साउनावाथ) र सोको लागि रु.३ लाखको फर्निचर समेत रु.१५ लाख ८९ हजार र ट्राफिक व्यवस्थापन कार्यालय, इटहरीको लागि रु.९ लाख ९२ हजारको मोबाइल र रु.९ लाख २१ हजारको कम्प्युटर तथा प्रिन्टर समेत रु.१९ लाख १३ हजार समेत रु.३५ लाख २ हजारको खरिद गरी हस्तान्तरण गरेको छ। उल्लिखित अनुसार मन्त्रालयबाट सुरक्षा व्यवस्थापनसँग सम्बन्धित उद्धार, राहत तथा पुनर्स्थापनामा कुल रु.२ करोड ५ लाख २५ हजार खर्च भएको छ। आवश्यकताको पहिचान गरी उद्धार, राहत तथा पुनर्स्थापनाको लागि मात्र उक्त रकम खर्च हुनुपर्दछ।

११. **पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान** - विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण र पुनर्स्थापना अनुदान कार्यविधि, २०८१, मनसुनजन्य बिपद प्रभावित निजी आवास पुनर्निर्माण र पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनःर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ को बुँदा नं. ५(२) मा प्रदेश सरकारले ३० प्रतिशत, महानगर/उपमहानगरपालिकाले २० प्रतिशत, नगरपालिकाले १५ प्रतिशत, गाँउपालिकाले १०

प्रतिशत र बाँकी सङ्घीय सरकारले व्यहोर्ने गरी लागत सहभागिताका आधारमा तीनै तहका सरकारबाट वित्तीय प्रबन्ध गरी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण गर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले ताप्लेजुङ, संखुवासभा, तेह्थुम, सोलुखुम्बु, खोटाङ, इलाम र भोजपुरका १८६ घर निर्माणको लागि पहिलो किस्ता रु.२४ लाख ७५ हजार र दोस्रो किस्ता रु.७० लाख २० हजार तथा अन्तिम किस्ता बापत रु.३३ लाख १५ हजार समेत रु.१ करोड २८ लाख १० हजार अनुदान विभिन्न ७ जिल्ला प्रशासन कार्यालय मार्फत स्थानीय तहलाई निकासा दिएको छ। निर्माण गरेका निजी घरहरूको अनुदान लाभग्राही कार्यालयको एकीकृत सूचना सञ्जालमा सार्वजनिक गर्नुपर्दछ।

१२. **अनुदानको अनुगमन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४२ मा कुनै सङ्घ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष जिल्ला र प्रदेश पत्रकार महासङ्घको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न अनुदानको रूपमा रु.५९ लाख ११ हजार, सामुदायीक रेडियो तथा चलचित्रकर्मी सङ्घको क्षमता अभिवृद्धि अनुदानमा रु.१५ लाख, १४ जिल्ला प्रशासन कार्यालयमार्फत विपद् प्रभावित साझेदारी अनुदानमा रु.१ करोड २८ लाख १० हजार, विपद्जन्य कार्यमा १७० जनालाई रु.२ करोड र अत्यावश्यक सेवा केन्द्र स्थापनामा २ स्थानीय तहलाई साझेदारी अनुदान रु.४ करोड १८ लाख ४० हजार समेत रु.८ करोड २० लाख ६१ हजार अनुदान खर्च गरेको छ। अनुदानको अनुगमन गरी लक्ष्य अनुसार नतिजा प्राप्त भएको/नभएको सम्बन्धमा मूल्याङ्कन गर्नुपर्दछ।

१३. **लेखापरीक्षण** - मन्त्रालयको २०८२।१०।६ को पत्र तथा जिल्ला प्रहरी कार्यालय, बिराटनगरको २०८२।६।२८ को मुचुल्काको आधारमा स्रेस्ता तथा कागजात २०८२।५।२३ र २४ मा भएको घटनाबाट क्षति भएकोले रु.९ करोड ५२ लाख ४४ हजारको लेखापरीक्षण हुन सकेको छैन। कार, जिप ८ थान, मोटरसाइकल/स्कुटर १७ थान, डेस्कटप कम्प्युटर २३ थान समेत २ हजार ६७७ संख्याका मूल्य नखुलेको जिन्सी मालसामान आगलागी, तोडफोड भई पूर्ण क्षति भएको उल्लेख छ। त्यस्तै यातायात व्यवस्था कार्यालय झापाको समेत सोही घटनाका कारण स्रेस्ता पूर्ण क्षति भएकोले सो आर्थिक कारोबारको पनि लेखापरीक्षण हुन सकेको छैन।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा समायोजन ग्रेड बढी भुक्तानी गरेको, राहत तथा आर्थिक सहयोग परिचालनमा सङ्घीय सरकार र स्थानीय तहबिचको समन्वय भएको अभिलेख नराखेको, अनुदानको अनुगमन गरी लक्ष्य अनुसार उपलब्धिको मूल्याङ्कन नगरेको, आर्थिक सहायता वितरण सार्वजनिकीकरण नगरेको, तोकिएको ढाँचामा वार्षिक प्रगति प्रतिवेदन तयार नगरेको, जिन्सी अभिलेख अद्यावधिक नगरेको लगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजुको विवरण** - मन्त्रालय र मातहतसमेतका ७ निकायको यो वर्ष रु.३८ लाख ६१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१६ लाख ६९ हजार फर्स्यौंट भई रु.२१ लाख ९२ हजार बेरुजु बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, नियमन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- आर्थिक स्थायित्व र मूल्य स्थिरतासम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,
- विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,
- राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन,
- सार्वजनिक खर्चसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
- सङ्घीय नीति अनुरुप सहवित्तीयकरण,
- आर्थिक कार्यविधिसम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन,

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत १५ सरकारी कार्यालयको निम्नानुसार रु.१५ अर्ब ३४ करोड ५६ लाख ५७ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
३५१९४८३	११७२५७७८	११४५६	८८९४०	१५३४५६५७

२. **बजेट तथा खर्च -** वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु. हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	६१८७६	६१९०१	५८८७९	९५।१२
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	८७५	८७५	२२२	२५।३७
२२१०० सेवा महसुल	५६३५	५६३५	४४४१	७८।८१
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१३०६०	१४९७०	१२८८९	८६।११
२२३०० कार्यालय सामान तथा सेवा	११२५१	११५५१	९६६५	८३।६७
२२४०० सेवा तथा परामर्श खर्च	१३९२७	१४४७९	१०५५७	७२।९१
२२५०० कार्यक्रम सम्बन्धी खर्च	४०४७५२	२७२२७७	८७७२२	३२.२१
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	६०३५	६०३५	३९९९	६६।२६
२२७०० विविध खर्च	७६१०	७६१०	६०३१	७९।२५

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
२८१०० सम्पत्ति सम्बन्धी खर्च	५७२४	५७२४	४२२६	७३।८३
२८२०० फिर्ता खर्च	३००००००	३५०००००	३३०१४८०	९४।३३
जम्मा	**३५३०७४५**	**३९०१०५७**	**३५००१११**	**८९।७२**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२१२२३	२१२२३	१९३७२	९१।२८
कुल जम्मा	**३५५१९६८**	**३९२२२८०**	**३५१९४८३**	**८९।७३**

उल्लिखित विवरणअनुसार चालुतर्फ ८९.७२ प्रतिशत, पुँजीगततर्फ ९१.२८ प्रतिशत र समग्रमा ८९.७३ प्रतिशत खर्च भएको देखिन्छ।

३. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगको समन्वयमा आवधिक योजनाको आधारमा आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम मन्त्रालयको २०८१।८२ को खर्च प्रक्षेपण र वास्तविक विनियोजनको अवस्था निम्नानुसार रहेको छ :

(रु.लाखमा)

मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण			बजेट विनियोजन			प्रक्षेपणको तुलनामा बढी बजेट
कुल	चालु	पुँजीगत	कुल	चालु	पुँजीगत	
१८८२९	१८७५६	७३	३५५१९	३५३०७	२१२	१६६९०

यो वर्ष मध्यमकालीन खर्च संरचनाले तयार गरेको प्रक्षेपण भन्दा रु.१ अर्ब ६६ करोड ९० लाख बढी विनियोजन गरेको छ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रममा मन्त्रालय अन्तर्गत समावेश भएका कार्यक्रममध्ये राजस्व परिचालनका अन्तरप्रदेश अनुभव आदान प्रदान कार्य, प्रदेश भ्रमण खर्च नियमावली, इन्धन सुविधा बापत रकम भुक्तानी गर्ने कानुन र आर्थिक सर्वेक्षण मार्गदर्शन तर्जुमा गर्ने नीति तथा कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। नीति तथा कार्यक्रममा समावेश भएका बेहोराहरू बजेटमा समावेश गरी कार्यान्वयन हुनुपर्दछ।

५. **बजेट व्यवस्था** - प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीबाट बजेट वक्तव्यमार्फत यस वर्ष रु.३५ अर्ब २७ करोड ९३ लाख विनियोजन गरेको छ। चालुतर्फ रु.१७ अर्ब ८३ करोड ४० लाख, पुँजीगततर्फ रु.१७ अर्ब ४२ करोड ५३ लाख र वित्तीय व्यवस्थापनतर्फ रु.२ करोड विनियोजन भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेशअन्तर्गत् सङ्घीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व र गत वर्षको बचत र स्वीस सरकारको सोझै भुक्तानी अनुदान रु.१० करोड ३१ लाख ११ हजार समेत रु.२९ अर्ब ४३ करोड ५४ लाख ३९ हजार आम्दानी प्राप्त भएको छ।

६. **बजेट र खर्च -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९ मा बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। प्रदेशको विगत ५ आर्थिक वर्षको विनियोजित र खर्चको विवरण देहायअनुसार रहेको छः

(रु.हजारमा)

क्र.सं.	आर्थिक वर्ष	विनियोजन	खर्च	खर्च प्रतिशत
१.	२०७७।७८	४३४०८५५०	२७९५१२६१	६४.३९
२.	२०७८।७९	३४७६०८५३	२९९६६४३६	८६.२१
३.	२०७९।८०	३९९२७५४३	३०७५७७८२	७७.०३
४.	२०८०।८१	३६८१९०७४	२८०२७५३३	७६.१२
५.	२०८१।८२	३५२७९३००	२८१८२९०७	७९.८९
जम्मा		**१९०१९५३२०**	**१४४८८५९१९**	**७६.१८**

उल्लिखित तालिका अनुसार बजेटको तुलनामा २०७७।७८ देखि २०८१।८२ सम्म ५ वर्षमा क्रमश ६४.३९, ८६.२१, ७७.०३, ७६.१२ र ७९.८९ प्रतिशत र औषतमा ७६.१८ प्रतिशत खर्च भएको छ। विनियोजन कुशलता र खर्च दक्षता वृद्धि गर्नुपर्दछ।

७. **खर्चको संरचना -** प्रदेश सरकारले २०८१।८२ को विनियोजित बजेट रु.३५ अर्ब २७ करोड ९३ लाख भएकोमा यो वर्ष खर्चको संरचना देहाय बमोजिम रहेको छः

(रु.लाखमा)

शीर्षक	विनियोजित रकम	खर्च रकम	प्रतिशत
चालु	१७८३४०	१४३५९५	८०.५२
पुँजीगत	१७४२५३	१३८२३४	७९.३३
वित्तीय व्यवस्था	२००	-	०
जम्मा	**३५२७९३**	**२८१८२९**	**७९.८९**

उल्लिखित विवरणअनुसार २०८१।८२ मा प्रदेश सरकारको कुल खर्च रु.२८ अर्ब १८ करोड २९ लाखमध्ये चालु खर्च रु.१४ अर्ब ३५ करोड ९५ लाख (८०.५२ प्रतिशत) र पुँजीगत खर्च रु.१३ अर्ब ८२ करोड ३४ लाख (७९.३३ प्रतिशत) तथा वित्तीय व्यवस्थातर्फ खर्च भएको छैन। खर्चमध्ये सञ्चित कोष माथि व्ययभार हुने खर्च रु.६६ लाख र सञ्चित कोषबाट विनियोजित हुने खर्च रु.२८ अर्ब १७ करोड ६२ लाख रहेको छ। समग्रमा विनियोजनको तुलनामा ७९.८९ प्रतिशत खर्च भएकोले विनियोजन कुशलता र खर्च दक्षता अभिवृद्धि गरी बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ।

८. **स्रोतगत खर्च** - प्रदेश सरकारको २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को अनुमान तथा यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.लाखमा)

क्र.सं.	स्रोत	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
१	सङ्घीय सरकारतर्फ	१२५९६९	१४५४२६	११३११२	-१०.२०
१.१	समानीकरण अनुदान	७५४१०	८९४३२	७४७५९	-०.८६
१.२	सशर्त अनुदान	४०२७७	४१६४३	२७५११	-३१.६९
१.३	समपूरक अनुदान	५३२१	६५५०	५८३२	९.५९
१.४	विशेष अनुदान	४९६१	७८०१	५०१०	०.१०
२	प्रदेश सरकारतर्फ	१५४३०६	२०७३६७	१६८७१७	९.३४%
कुल जम्मा		**२८०२७५**	**३५२७९३**	**२८१८२९**	**०.५५**

यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.२८ अर्ब १८ करोड २९ लाखमध्ये सङ्घीय सरकारको अनुदानबाट रु.११ अर्ब ३१ करोड १२ लाख (४०.१४ प्रतिशत) र प्रदेश सरकारको राजस्व र गतवर्षको बचत समेतबाट रु.१६ अर्ब ८७ करोड १७ लाख (५९.८६ प्रतिशत) बेहोरेको छ। यो वर्ष सङ्घीय सरकारबाट समानीकरण अनुदानमा रु.८ अर्ब ९४ करोड ३२ लाख र सशर्त अनुदान रु.४ अर्ब १६ करोड ४३ लाख प्राप्त हुने अनुमान गरेकोमा क्रमशः रु.७ अर्ब ४७ करोड ५९ लाख (८३.५९ प्रतिशत) तथा सोझै भुक्तानी वैदेशिक अनुदानको रु.१० करोड ३१ लाख समेत रु.२ अर्ब ७५ करोड १० लाख (६६.०६ प्रतिशत) प्राप्त भएको छ। गत वर्षको तुलनामा यो वर्षको खर्चमा सङ्घीय समानीकरण, सशर्त अनुदान क्रमशः ०.८६ र ३१.६९ प्रतिशतले घटेको तथा समपूरक अनुदान, विशेष अनुदान तथा प्रदेश सरकारतर्फ क्रमश ९.५९, ०.१० र ९.३४ प्रतिशतले वृद्धि भएको छ। स्रोतगत क्षेत्रमा लक्ष्य निर्धारण गरी हासिल गर्नुपर्दछ।

९. **सङ्घीय अनुदान** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८,९,१० र ११ अनुसार सङ्घीय सरकारबाट प्रदेश सरकारलाई अनुदानको प्राप्ति, खर्च र फिर्ता देहायअनुसार रहेको छः

(रु.लाखमा)

अनुदान प्रकार	बजेट अनुमान	अनुदान प्राप्ति	खर्च	फिर्ता
समानीकरण अनुदान	८९४३२	८२०६३	७४७५९	-
सशर्त अनुदान	४१६४३	३८७९७	२७५११	११२८६
समपूरक अनुदान	७८०१	६५५०	५८३२	७१८
विशेष अनुदान	६५५०	६६७४	५०१०	१६६४
जम्मा	**१४५४२६**	**१३४०८४**	**११३११२**	**१३६६८**

यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार रहेका छन्:

९.१. यो वर्ष सङ्घीय सरकारबाट वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदानबापत रु.१४ अर्ब ५४ करोड २६ लाख अनुमान गरेकोमा रु.१३ अर्ब ४० करोड ८४ लाख ४५ हजार (९२.२० प्रतिशत) प्राप्त भएको छ। बजेट अनुमान अनुसार विशेष अनुदान प्राप्त भएको, वित्तीय समानीकरण अनुदानको ८.२४ प्रतिशत कटौती भएको, सशर्त र समपूरक अनुदान अनुमानभन्दा क्रमशः रु.२८ करोड ४५ लाख ८८ हजार र रु.१२ करोड ५१ लाख न्यून प्राप्त भएको छ।

९.२. सशर्त, विशेष तथा समपूरक अनुदानको कुल निकासा रु.५ अर्ब २० करोड २१ लाख ६५ हजारमध्ये सोझै भुक्तानी वैदेशिक अनुदान बाहेक रु.३ अर्ब ८३ करोड ५३ लाख ८ हजार (७३.७३ प्रतिशत) खर्च भएको र वित्तीय समानीकरण अनुदानतर्फ रु.८ अर्ब ९४ करोड ३२ लाख आय अनुमान गरेकोमा रु.८ अर्ब २० करोड ६२ लाख ८० हजार प्राप्त भई रु.७ अर्ब ४७ करोड ५९ लाख ६ हजार (९१.१० प्रतिशत) खर्च भएको छ। सशर्त, विशेष र समपूरक अनुदानमा खर्च नभई बाँकी रु.१ अर्ब ३६ करोड ६८ लाख ५७ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा सोही वर्षमा रु.१ अर्ब ३३ करोड २६ लाख ५९ हजार र रु.३ करोड ४१ लाख ९८ हजार २०८२।८३ मा फिर्ता गरेको छ। अनुदान प्राप्त रकम खर्च नभई फिर्ता गरेकोले खर्च क्षमता सुदृढ गर्नुपर्दछ।

१०. **राजस्व प्राप्ति** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ नियम ४(३) मा प्रदेश सञ्चित कोषको सञ्चालन प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्ने व्यवस्था छ। प्रदेश लेखा

नियन्त्रक कार्यालयबाट प्राप्त २०८१।८२ को प्रदेश सञ्चित कोषको विवरणअनुसार रु.३३ अर्ब ६६ करोड ३० लाख १२ हजार राजस्व र अनुदान प्राप्त भएको छ। सो मध्ये सङ्घीय राजस्व बाँडफाँटबाट रु.११ अर्ब १३ करोड ५३ लाख १८ हजार (३३.१० प्रतिशत), सङ्घीय सरकारबाट हस्तान्तरित अनुदान रु.१३ अर्ब ४० करोड ८४ लाख ४५ हजार (३९.८३ प्रतिशत), प्रदेशबाट सङ्कलित राजस्व रु.४ अर्ब ८९ करोड १६ लाख ७६ हजार (१४.५३ प्रतिशत) र बाँकी गत वर्षको मौज्दातबाट रु.४ अर्ब २२ करोड ७५ लाख ७३ हजार (१२.५४ प्रतिशत) रहेको छ। सङ्घीय अनुदान तथा राजस्व बाँडफाँटको अंश उल्लेखनीय देखिएकोले प्रदेश राजस्वको दायरा फराकिलो बनाइ राजस्व सङ्कलनमा जोड दिनुपर्दछ। यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार रहेका छन्:

१०.१. **कर तथा शुल्क -** प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५, ७ र ९ बमोजिम सङ्कलन हुने कर तथा शुल्क स्थानीय तहले स्थानीय विभाज्य कोषमा जम्मा गर्ने र सङ्कलित रकममध्ये चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहबाट प्राकृतिक स्रोत ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबापत रु.३२ करोड ३० लाख ९३ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ। उक्त राजस्व गत वर्षको तुलनामा २४.५४ प्रतिशतले वृद्धि भएता पनि कानुन बमोजिम स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुनुपर्ने कर तथा शुल्क प्राप्त भएको यकिन गर्नुपर्दछ।

१०.२. **कानुनी व्यवस्था -** प्रदेश आर्थिक ऐन, २०८१ को दफा (७) मा प्रदेश भित्रको ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) को सङ्कलन गर्नु अघि वातावरणीय अध्ययन स्वीकृत गराउनु पर्ने तथा चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहबाट उल्लिखित पदार्थ सङ्कलन तथा बिक्रीबाट प्रदेश सञ्चित कोषमा ६१ पालिकाले रु.३२ करोड ३० लाख ९३ हजार दाखिला गरेको भए पनि कतिपय पालिकाले सङ्घीय र प्रदेश ऐनमा फरक व्यवस्था भएकोले प्रदेश सञ्चित कोषमा दाखिला गरेको पाइएन। सङ्घ तथा प्रदेश कानुनमा रहेको फरक प्रावधानले गर्दा कार्यान्वयनमा समस्या हुनेहुँदा एकरूपता हुनेगरी कानुन निर्माण तथा कार्यान्वयन गर्नुपर्दछ।

१०.३. **विज्ञापन कर -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ (१घ) मा एकल कर प्रशासन अन्तर्गत विज्ञापन करको दर पालिकाले लगाउने र उठाउने, सङ्कलित रकममध्ये साठी प्रतिशत स्थानीय सञ्चित कोषमा र चालीस प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ। आर्थिक ऐन,२०८१ को दफा १०(२) अनुसार प्रदेश सरकार अन्तर्गतका निकाय र स्थानीय तहमा रहेका सरकारी निकाय, गैरसरकारी संस्था, वित्तीय संस्था, कम्पनी लगायतका निकायले विज्ञापन वा सूचनाको प्रसारणको भुक्तानी गर्दा तिन प्रतिशतका दरले कट्टा गरी स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहबाट विज्ञापन कर प्रदेश सञ्चित कोषमा रु.९४ लाख ३७ हजार दाखिला गरेको छ। सङ्घ तथा प्रदेशको कानुनमा दुविधा नहुने गरी कानुन निर्माण तथा कार्यान्वयन हुनुपर्दछ।

१०.४. **मनोरञ्जन कर -** आर्थिक ऐन, २०८१ को दफा ५ (१) मा एकमुष्ट तोकिएको अवस्थामा सो बमोजिम र अन्यमा प्रवेश शुल्कको ५ प्रतिशत वा साना, मझौला वा ठूला कारोबार गर्ने करदाताको

स्वघोषणाको आधारमा जुन बढी हुन्छ सो बमोजिम स्थानीय तहको वर्गीकरण अनुसार न्यूनतम ५ हजार देखि अधिकतम १ लाख ५० हजारसम्म र क्यासिनो प्रवेश गर्ने ग्राहकबाट प्रतिव्यक्ति रु.१५० वा क्यासिनो सञ्चालन हुने होटलको वर्गीकरणको आधारमा क्रमशः थ्रीस्टारको ५ लाख, फोर स्टारको १० लाख र फाइभ स्टारको १५ लाख वार्षिक मनोरञ्जन करको दर निर्धारण गरेको छ। यो वर्ष मनोरञ्जन कर बापत स्थानीय तहबाट बाँडफाँट भई रु.५३ लाख ५ हजार प्रदेश सञ्चित कोष दाखिला भएकोमा क्यासिनो व्यवसायबाट असुल गरेको देखिएन। स्वघोषणाको आधार चुक्ता पुँजी वा वार्षिक कारोबार स्पष्ट उल्लेख नगरेकोले वास्तविक कर असुल हुन नसक्ने देखिन्छ। मनोरञ्जन कर सङ्कलनका स्पष्ट कानुनी तथा प्रशासनिक व्यवस्था गर्नुपर्दछ।

१०.५. **कृषि आयमा कर -** प्रदेश आर्थिक ऐन,२०८१ को दफा ६(१) मा स्वघोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्नेका लागि कृषि आयमा कर लगाई असुल गरिने र करको कार्यान्वयन र नियमन प्रदेश सरकारको कृषि क्षेत्र हेर्ने मन्त्रालय अन्तर्गतको निकायले गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको एकल अधिकार क्षेत्र रहेको कृषि क्षेत्रको कर प्रदेश सरकारले यो वर्ष राजस्वको अनुमान नगरेकोमा यो वर्ष राजस्व शीर्षक ११११३६ (कृषि आयमा लाग्ने कर) मा रु.४३ लाख सङ्कलन भएको छ। प्रदेश सरकारको एकल अधिकार रहेको कृषि आयमा लाग्ने करको दायरा वृद्धि गर्नुपर्दछ।

१०.६. **घरजग्गा रजिष्ट्रेसन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ (१ख) मा स्थानीय तहले घर जग्गा रजिष्ट्रेसन शुल्क उठाउँदा प्रदेशले लगाएको घर जग्गा रजिष्ट्रेसन शुल्क उठाउने कानुनी व्यवस्था छ। हाल रजिष्ट्रेसन शुल्क जिल्लास्थित मालपोत कार्यालयहरूबाट सङ्कलन भइ सोको बाँडफाँट भएको अवस्था छ। रजिष्ट्रेसन शुल्कबापत यो वर्ष रु.१ अर्ब ४५ करोड लक्ष्य रहेकोमा रु.१ अर्ब ३८ करोड ५९ लाख ६९ हजार (९५.५८ प्रतिशत) प्रगति गरेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले मालपोत कार्यालयबाट बाँडफाँट गरी आम्दानी जनाएकाले बाँडफाँट नभएको अवस्थामा राजस्व अभिलेख लेखाङ्कन तथा प्रतिवेदन भएको अवस्था देखिँदैन। आर्थिक वर्षको राजस्व तोकिएको अवधिभित्र बाँडफाँट गरी लेखाङ्कन र प्रतिवेदन गर्नुपर्दछ।

११. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ मा प्रदेश विनियोजन ऐनको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। मन्त्रालयले अर्थ विविधतर्फ एकमुष्ट रु.१ अर्ब ८ करोड २० लाख ३३ हजार विनियोजन गरेकोमा विभिन्न मन्त्रालयबाट समर्पण भएको रु.९३ करोड २७ लाख ४१ हजार थप र १३ निकायलाई रु.१ अर्ब ९३ करोड २८ लाख १७ हजार प्रदान गर्न घट गरी रु.८ करोड १९ लाख ५७ हजार बजेट कायम गरेको छ। रकमान्तरमध्ये रु.७ करोड ७१ लाख आषाढ महिनामा रकमान्तर गरेको छ। अर्थ विविध शीर्षकमा समर्पण थप गरी पटके निर्णयबाट रकमान्तर गरी खर्च गरेको छ। अर्थ विविधमा रकमान्तर गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

१२. **बहुवर्षीय योजना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १२ मा बहुवर्षीय दायित्व सिर्जना गर्नुपूर्व समष्टिगत आर्थिक परिसूचकहरूको विश्लेषण, स्रोत प्राप्तिको अवस्था, आवधिक योजनाको लक्ष्य एवम् उपलब्धि, मध्यमकालीन खर्च संरचना, सिर्जित दायित्वको विवरण सहित मन्त्रालयको बजेटको आधार लिनुपर्ने व्यवस्था छ। प्रदेश सरकारको बहुवर्षीय आयोजनाहरू खरिद प्रक्रियामा गएर सम्झौता भएका ४ मन्त्रालयका १३१ ठेक्काको कुल सम्झौता रु.२८ अर्ब ४५

करोड ८५ लाख ९८ हजारमध्ये यो वर्षसम्ममा रु.१२ अर्ब ७८ करोड २४ लाख ४५ हजार भुक्तानी गरी रु.१५ अर्ब ६७ करोड ६१ लाख ५३ हजारको कार्य बाँकी रहेको छ। कार्य गत वर्षको अन्त्यमा रु.२० अर्ब ४५ करोड ८५ लाख ९८ हजार रहेकोमा यो वर्ष ३०.५१ प्रतिशतले न्यून भएको छ। बहुवर्षीय आयोजनाको स्रोतगत आधार खुलाई स्पष्ट अभिलेख राख्नुपर्दछ। ।

१३. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३ (३) मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले चैत्र पन्ध्र गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ५ मन्त्रालय तथा निकायले रु.५९ करोड ११ लाख ४४ हजार बजेट समर्पण गरेकोमा सामाजिक विकास मन्त्रालयले रु.१ करोड ९६ लाख र उद्योग, कृषि तथा सहकारी मन्त्रालयले रु.११ करोड ३७ लाख ५० हजार तोकिएको अवधि पश्चात् समर्पण गरेको छ। लक्ष्य हासिल गर्न कार्ययोजना बनाइ बजेट कार्यान्वयन नभएमा तोकिएको समयमा बजेट समर्पण गर्नुपर्दछ।

१४. **स्थानीय अनुदान -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८, ९ र १० मा नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुनबमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा अनुदान वितरण गर्ने उल्लेख छ। यो वर्ष १३७ स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान रु.१ अर्ब, सशर्त अनुदान रु.२ अर्ब ६ करोड ११ लाख ७६ हजार र १३६ स्थानीय तहलाई समपूरक अनुदान रु.१ अर्ब १६ करोड ३५ लाख ५० हजारसमेत रु.४ अर्ब २२ करोड ४७ लाख २६ हजार अनुदान हस्तान्तरण गरेको छ। निकासामध्ये सोही आर्थिक वर्षमा रु.४५ करोड १० लाख २३ हजार फिर्ता गरेको देखिएतापनि स्थानीय तहबाट खर्चको विवरण प्राप्त नभएकोले खर्चको अभिलेख गरी निकासा फिर्ता गर्नुपर्दछ।

(रु.हजारमा)

अनुदानको विवरण	पालिका सङ्ख्या	सुरु बजेट	निकासा रकम
समानीकरण अनुदान	१३७	१००००००	१००००००
सशर्त अनुदान	१३७	२३६६६८५	२०६११७६
समपूरक अनुदान	१३६	१४८९८५५	११६३५५०
जम्मा		**४८५६५४०**	**४२२४७२६**

१५. **समपूरक अनुदान -** समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०७५ को दफा ६(१) मा नेपाल सरकारले प्रदेश सरकारलाई छनोट गरेका आयोजनाको कुल लागतको अधिकतम पचास प्रतिशतसम्म समपूरक अनुदान प्रदान गर्ने र दफा ९(१) मा प्रदेशले समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनाको लागि प्राप्त भएको हो सो आयोजनामा खर्च गर्नुपर्ने उल्लेख छ। सङ्घीय सरकारबाट ७ योजनाको लागि यो वर्ष रु.६५ करोड ५० लाख प्राप्त भएकोमा उक्त आयोजनाहरूमा रु.५८ करोड ३१ लाख ८० हजार खर्च भएको छ। कुल खर्चको ५० प्रतिशतले हुने रु.२९ करोड १५ लाख ९० हजार समपूरक अनुदानबाट खर्च गर्नुपर्नेमा रु.३३ करोड २४ हजार खर्च गरी रु.३ करोड ८४ लाख ३४ हजार बढी खर्च गरेको छ। सङ्घीय स्रोतबाट बढी खर्च भएको सङ्घीय सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

१६. **अनुदान फिर्ता** - विनियोजन ऐन, २०८१ को दफा ६ (१०) मा सशर्त, समपूरक र विशेष अनुदान आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा सम्बन्धित प्रदेशले कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस वर्ष सशर्त अनुदान, विशेष अनुदान तथा समपूरक अनुदानतर्फ रु.५ अर्ब २० करोड २१ लाख ६५ हजार प्राप्त गरी रु.३ अर्ब ८३ करोड ५३ लाख ८ हजार खर्च भई रु.१ अर्ब ३६ करोड ६८ लाख ५७ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा सोही वर्षमा रु.१ अर्ब ३३ करोड २६ लाख ५९ हजार र बाँकी रु.३ करोड ४१ लाख ९८ हजार २०८२।८३ मा फिर्ता भएको छ। सङ्घबाट प्राप्त अनुदान उपयोग हुन नसक्दा वित्तीय दक्षता देखिएन। अनुदान खर्च गरी क्षमता सुदृढ गर्नुपर्दछ।

१७. **भुक्तानी दायित्व** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४१ (१३) मा विशेष कारण एवं परिस्थितिबस चालु वर्षको बजेटले नखामेको भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी उपनियम १५ बमोजिम भुक्तानी गर्न सकिने व्यवस्था छ। एकीकृत वित्तीय विवरण बमोजिम विभिन्न ६ मन्त्रालयले समयमा अनिवार्य दायित्व अन्तर्गतको भुक्तानी नगरेकोले वर्षको अन्तमा चालुतर्फ पारिश्रमिक सुविधा, मालसमान तथा सेवा उपभोग र ब्याज, सेवा शुल्क तथा बैङ्क कमिसन शीर्षकमा रु.२० लाख ७५ हजार र पुँजीगततर्फ भवन तथा संरचना र निर्माण शीर्षकमा रु.४ करोड ९० हजार गरी जम्मा रु.४ करोड २१ लाख ६५ हजार भुक्तानी दिन बाँकी रहेको छ। आगामी वर्षको बजेटलाई दवाव पर्ने गरी दायित्व सिर्जना नहुने गरी सुधार हुनुपर्दछ।

१८. **अनुदानको अनुगमन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४२ मा कुनै सङ्घ वा संस्थालाई दिएको अनुदानको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। सरकारी निकाय, समिति एवं बोर्डहरूलाई प्रदान गर्ने अनुदानसमेत रु.४३ करोड ६१ लाख ६१ हजार अनुदान खर्च गरेको छ। संस्थालाई सशर्त चालु अनुदान रु.९ करोड ३५ लाख ५२ हजार, सशर्त पुँजीगत अनुदान रु.४२ लाख ६४ हजारसमेत रु.९ करोड ७८ लाख १६ हजार अनुदान खर्च लेखेको छ। अनुदानको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्दछ।

१९. **अन्तरसरकारी अख्तियारी** - विनियोजन ऐन, २०८१ को दफा ७ मा प्रदेश सरकारबाट कार्यान्वयन हुने कुनै योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले यो वर्ष आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत नेपाल सरकारका ६९ कार्यालयलाई पुँजीगत खर्चमा रु.९ करोड ४९ लाख बजेट विनियोजन गरेकोमा रु.७ करोड ४० लाख ७२ हजार खर्च भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश लेखा इकाई कार्यालय स्थापना नभएका ८ जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई प्रति कार्यालय रु.५ लाखका दरले रु.४० लाख निकासा गरेको छ।सङ्घीय सरकारका कार्यक्रम प्रदेश मार्फत गराउँदा सम्बन्धित मन्त्रालयको स्वीकृत लिएको देखिएन।

२०. **प्रदेश आकस्मिक कोष** - प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५ को दफा ३ मा प्रदेश आकस्मिक कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कोरोना जनसुरक्षा कोषमा रु.२२ करोड २५ लाख ८५ हजार, आन्तरिक मामिला तथा

कानुन मन्त्रालयको विपद् व्यवस्थापन कोषमा रु.६ करोड ८३ लाख ५३ हजारसमेत रु.२९ करोड ९ लाख ३८ हजार मौज्दात रहेको मध्ये गतवर्षको रु.२७ करोड ४९ लाख ५० हजार छ। कोरोना जनसुरक्षा कोषको प्रयोजन समाप्त भएको अवस्थामा कोषले निरन्तरता पाउँनु उचित नभएकाले व्यवस्थापन हुनुपर्दछ।

२१. **प्रदेश तहसिल कार्यालय**- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४८ मा सरकारी बाँकीको लगत कायम गर्न प्रदेश तहसिल कार्यालय स्थापना गर्न सक्ने र ऐनको दफा ४९ (३) तथा नियमावली, २०७९ को नियम ९० (१०) अनुसार लगत कायम गरिएको रकम नियमित प्रकृयाबाट असुल उपर हुन नसकेमा लेखा उत्तरदायी अधिकृतले यकिन गरी कार्यालयमा लगत कस्न लेखी पठाउनुपर्ने व्यवस्था छ। प्रदेशमा तहसिल कार्यालयको स्थापना नहुँदा सरकारी बाँकीको लगत राख्ने र सो लगतअनुसार असुलउपर गर्नेकार्य भएको देखिएन। सरकारी बाँकीको लगत राख्ने र सो लगतअनुसार असुलउपर गर्न कार्यालयको स्थापना गरी लगत र असुली कार्य गर्नुपर्दछ।

२२. **लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३६ मा आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। नेपाल सरकार तथा स्वीस विकास सहयोगबिच भएको सम्झौतामा प्रदेश सरकारलाई आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम उदय परियोजना अन्तर्गत नेपाल सरकारको रु.४४ करोड र दातृ निकायको रु.७० करोड ९४ लाखको सम्झौता गरेको छ।उक्त सम्झौताको अवधि २०८०।७।१५ देखि २०८४।५।१५ सम्म रहेको उल्लेख छ। नेपाल सरकारबाट यो वर्ष प्राप्त नभएको उदय परियोजनामा स्वीस विकास सहयोगबाट रु.२२ करोड ७९ लाख अनुमान गरेकोमा सोझै भुक्तानीबाट रु.१० करोड ३१ लाख ११ हजार प्राप्त गरी खर्च भएको छ। परियोजनामा स्वीस विकास सहयोगबाट हालसम्म रु.३४ करोड ७९ लाख अर्थात् लक्ष्यको तुलनामा ४९.०४ प्रतिशत खर्चको यस कार्यालयबाट लेखापरीक्षण गराएको छैन। परियोजनाको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्दछ।

२३. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा कन्टिन्जेन्सी खर्चसम्बन्धी व्यवस्था छ। यो वर्ष कन्टिन्जेन्सी खर्च सम्बन्धी अद्यावधिक विवरण र खर्चको उपलब्धिको प्रतिवेदन तयार गरेको देखिएन। प्रदेश सरकारले २०८१।५।२७ मा प्रदेश खरिद नियमावली, २०७७ संशोधन गरी खारेज गरेकोमा २०८१।११।९ मा कार्यविधि संशोधन गरी कन्टिजेन्सी खर्च सम्बन्धी व्यवस्था पुनः लागु गरी खर्च गरेकोमा आयोजना तथा कार्यक्रममा प्रशासनिक खर्च र अन्य सानातिना खर्चको बजेट एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्याको शीर्षकमा विनियोजन गरी खर्च गर्ने कार्यमा व्यवस्थित गर्नुपर्दछ।

२४. **बजेटको वार्षिक मूल्याङ्कन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम २३ मा राजस्व र व्ययको अनुमानसँगै मन्त्रालय वा अन्य निकायहरूको वार्षिक विनियोजन र खर्च तथा लक्ष्य अनुसारको प्रगति विवरण तयार गरी प्रदेश सभामा पेस गर्नुपर्ने व्यवस्था छ। बजेट वार्षिक मूल्याङ्कन प्रतिवेदन अनुसार प्राप्तिको ठूलो अंश सङ्घीय अनुदानमा निर्भर रहेको, आन्तरिक राजस्वको दायरा सीमित भएको, स्थानीय तहबाट बाँडफाँट हुने राजस्व प्राप्त नभएको, सार्वजनिक

खर्चलाई व्यवस्थापन गर्न सङ्घीय वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाएर आन्तरिक राजस्वमा अभिवृद्धि गर्नुपर्ने लगायतको बेहोरा उल्लेख छ। समस्या समाधान गर्न प्रदेश सरकारले कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

२५. **प्रदेश सञ्चित कोष -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ। प्रदेश सरकारको २०८१।८२ को सञ्चित कोषको अवस्था देहाय अनुसार छ।

(रु. लाखमा)

क्र.सं.	विवरण	आर्थिक वर्ष २०८१।८२	आर्थिक वर्ष २०८०।८१
१.	राजस्व, अनुदान र अन्य प्राप्ति	२९४३५४	२७०५७६
२.	वित्तीय व्यवस्थाबाट प्राप्ति	-	-
३.	यस वर्षको खुद प्राप्ति (१+२)	२९४३५४	२७०५७६
४.	भुक्तानी	२८१८२९	२८०२७६
५.	विनिमय दर वा अन्य समायोजन	-	-
६.	यस वर्षको जम्मा भुक्तानी (४+५)	२८१८२९	२८०२७६
७.	यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	१२५२५	(९७००)
८.	आर्थिक वर्षको सुरूवातको मौज्दात	४२२७५	५१९७५
९.	आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)	५४८००	४२२७५

२५.१. उल्लिखित विवरणअनुसार चालु वर्षको मौज्दात रु.१ अर्ब २५ करोड २५ लाख रहेको छ। गत वर्षको जिम्मेवारी रु.४ अर्ब २२ करोड ७५ लाख बचत रहेकोमा यो वर्षको अन्तमा सञ्चित कोषको मौज्दात रु.५ अर्ब ४८ करोड बचत देखिएको र गत वर्षको तुलनामा अन्तिम मौज्दात २९.६३ प्रतिशतले बढेको छ।

२५.२. प्रदेश सरकारको यो वर्षको अन्त्यमा रु.५ अर्ब ४८ करोड मौज्दातबाट सङ्घीय सरकारलाई २०८१।८२ मा खर्च नभई बाँकी रु.१ अर्ब ३६ करोड ६८ लाख ५७ हजार मध्ये रु.१ अर्ब ३३ करोड २६ लाख ५९ हजार सोही वर्षमा फिर्ता भएको छ। फिर्ता बाँकी रु.३ करोड ४१ लाख ९८ हजार गतवर्षको मौज्दातबाट २०८२।८३ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ। प्रदेश सञ्चित कोषमा मौज्दात जिम्मेवारी सारिने र सोही रकमबाट सङ्घीय सञ्चित कोषमा फिर्ता गरिएको हुँदा सञ्चित कोषको मौज्दात यथार्थपरक नदेखिएकोले सञ्चित कोषको हिसाब यथार्थ परक बनाउनुपर्दछ।

२६. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ मा प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ। गत वर्षको जिम्मेवारी रु.७ अर्ब २ करोड ८२ लाख २३ हजार रहेकोमा गत वर्षको एकीकृत वित्तीय विवरणमा समावेश नभएका ५ संस्था तथा समितिको मौज्दात रु.२ करोड ४८ लाख

२ हजार थप गरी रु.७ अर्ब ५ करोड ३० लाख २५ हजार जिम्मेवारी सारेको छ। गत वर्षको जिम्मेवारी रु.७ अर्ब ५ करोड ३० लाख २५ हजार र यस वर्षको प्राप्ति रु.२९ अर्ब ६८ करोड ५६ लाख १३ हजारसमेत रु.३६ अर्ब ७३ करोड ८६ लाख ३८ हजार आम्दानी भएकोमा भुक्तानी रु.२८ अर्ब ३२ करोड ९० लाख ६६ हजार भएको छ। प्रदेशका अन्य कोषमा घट भएको रु.२० करोड २६ लाख ७१ हजार रहेकोमा वर्षको अन्त्यमा कोषसहितको मौज्दात रु.८ अर्ब २० करोड ६९ लाख रहेको देखिन्छ। तेस्रो पक्षबाट सोझै भुक्तानी रु.१० करोड ३१ लाख ११ हजार प्राप्त गरी खर्च भएको रकम समेत समावेश गरी एकीकृत वित्तीय विवरण तयार गरेको छ।

२७. **धरौटी** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ को नियम ६४ बमोजिम कार्यालयको नाममा प्राप्त हुने धरौटी रकम प्रदेश लेखा इकाई कार्यालयको नाममा रहेको एकल कोष धरौटी खातामा जम्मा गर्ने व्यवस्था छ। प्रदेश अन्तर्गत ९ मन्त्रालय तथा ४ निकायको गत वर्षको जिम्मेवारी रु.१ अर्ब ८९ करोड ७८ हजार र यो वर्षको आम्दानी रु.६२ करोड ९७ लाख ९६ हजार समेत रु.२ अर्ब ५१ करोड ९८ लाख ७४ हजार धरौटी आम्दानी भएकोमा सदरस्याहा र फिर्तासमेत रु.५७ करोड २ लाख ८१ हजार खर्च गरी रु.१ अर्ब ९४ करोड ९५ लाख ९३ हजार बाँकी रहेको छ। धरौटीको विवरणअनुसार प्रदेश अन्तर्गत नपरेका कार्यालयहरू र नामनामेसी नखुलेको धरौटी रु.१४ लाख १९ हजार समावेश गरेकोले आर्थिक विवरण यथार्थपरक देखिएन। धरौटीको आर्थिक विवरण यथार्थपरक बनाउनुपर्दछ।

२८. **कार्यसञ्चालन कोष** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ को नियम १२३ बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले कार्यसञ्चालन कोषको हिसाब राख्ने र राख्र लगाउने व्यवस्था छ। प्रदेश अन्तर्गत ९ मन्त्रालय तथा १ निकायमा गतवर्षको जिम्मेवारी रु.४८ करोड ४७ लाख ६० हजार र यो वर्षको आम्दानी रु.१ अर्ब ४८ करोड ९८ लाख १३ हजार समेत रु.१ अर्ब ९७ करोड ४५ लाख ७३ हजार भएकोमा रु.१ अर्ब ७६ करोड २२ लाख ८१ हजार खर्च भई रु.२१ करोड २२ लाख ९२ हजार मौज्दात रहेको छ।

२९. **प्रदेश विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६(५) मा प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मासिक रूपमा बाँडफाँट गर्नुपर्ने व्यवस्था रहेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

२९.१. प्रदेश आर्थिक ऐन, २०८१ को दफा ३ बमोजिम विभाज्य कोषमा जम्मा भएको रकमको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभाज्य कोषमा सवारी साधन कर रु.२ अर्ब ५६ करोड ९३ लाख ९३ हजार सङ्कलन भएकोमा रु.१ अर्ब ४६ करोड ५१ लाख १८ हजार प्रदेश सञ्चित कोषमा र रु.९७ करोड ६७ लाख ४६ हजार स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरेको छ। आषाढ महिनामा सङ्कलन भएको सवारी साधन कर रु.१२ करोड ७५ लाख २९ हजार २०८२।८३ मा बाँडफाँट गरी स्थानीय तहमा पठाएको देखिन्छ। कानुन बमोजिम आर्थिक वर्षमा विभाज्य कोषमा दाखिला गरी बाँडफाँट गर्नुपर्दछ।

२९.२. प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ मा मनोरञ्जन कर र दफा १० मा विज्ञापन करको ६० प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ।यो वर्ष स्थानीय तहले मनोरञ्जन कर रु.५३ लाख ५ हजार, विज्ञापन

कर रु.९४ लाख ३७ हजार समेत रु.१ अर्ब ४७ करोड ४२ हजार प्रदेश सञ्चित कोष दाखिला गरेका छन्। प्रदेशका १३७ स्थानीय तह मध्ये ९४ स्थानीय तहले विभाज्य कोषमा जम्मा भएको रकमको बाँडफाँटको विवरण पेस नगरेकाले प्राप्त हुनुपर्ने रकम यकिन गरेको छैन। स्थानीय तहको विभाज्य कोषबाट प्राप्त गर्नुपर्ने रकम यकिन गर्नुपर्दछ।

३०. **पेस्की** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७९ को नियम ५२ अनुसार म्याद भित्र पेस्की फर्स्यौट नगरेमा वार्षिक १० प्रतिशतका दरले व्याजसमेत असुल गर्नुपर्ने र विभागीय कारबाही गर्न सक्ने व्यवस्था छ। मन्त्रालयगत पेस्की बाँकीको विवरण अनुसार प्रदेश सरकारअन्तर्गत रु.२८ करोड ३२ लाख म्याद ननाघेको पेस्की र रु.६ करोड ३९ लाख १ हजार म्याद नाघेको पेस्की जम्मा रु.३४ करोड ७१ लाख १ हजार रहेको देखिन्छ। तथापि आन्तरिक लेखापरीक्षणको मन्त्रालयगत बेरुजु र पेस्कीको विवरण अनुसार म्याद नाघेको पेस्की रु.५ करोड ४५ लाख ९० हजार देखाएकोले रु.९३ लाख ११ हजार फरक हिसाव समायोजन गरी तोकिएको समयमा पेस्की फर्स्यौट हुनुपर्दछ।

३१. **तलबी प्रतिवेदन** - कोशी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६(४) मा तलबी प्रतिवेदन पारित गरी तलब भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। यो वर्ष तलबी प्रतिवेदन पारित नगरी प्रदेश कार्यालय अन्तर्गतका कर्मचारीहरूलाई पारिश्रमिक रु.२ अर्ब १९ करोड ५० लाख ४८ हजार खर्च गरेको छ। कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गरेर तलब खर्च गर्नुपर्दछ।

३२. **सरकारी सम्पत्तिको अभिलेख** – प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७८ (७) मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गरी कार्तिक मसान्तभित्र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको सम्पत्ति रु.६ अर्ब १४ करोड २२ लाख २५ हजार रहेको छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको विवरणमा सम्पूर्ण सम्पत्तिहरू समावेश हुन नसकेको, मूल्य नखुलेका सम्पत्तिको मूल्य रु.१ राखेको, घरजग्गा अभिलेख व्यवस्थित नगरेको अवस्था छ। प्रदेश सरकारको सम्पूर्ण सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख गरी व्यवस्थित गर्नुपर्दछ।

३३. **आन्तरिक लेखापरीक्षण** – प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३५ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयबाट यस वर्ष २१० कार्यालयको आन्तरिक लेखापरीक्षण भएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा ४ कार्यालयमा बेरुजु नरहेको, ९ निकाय तथा मन्त्रालय अन्तर्गतमा असुल गर्नुपर्ने रु.१ करोड ९९ हजार, नियमित गर्नुपर्ने रु.९ करोड २५ लाख ९५ हजार बेरुजु र पेस्की रु.५ करोड ४५ लाख ९० हजारसमेत रु.१५ करोड ७२ लाख ८४ हजार बेरुजु औंल्याएको छ। आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरू अन्तिम लेखापरीक्षण हुनु अघि फर्स्यौट गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा विनियोजन अनुसार खर्च गर्न नसकेको, लक्ष्य अनुसार राजस्व प्राप्त हुन नसकेको, घोषित नीति तथा कार्यक्रम पूर्णरूपमा कार्यान्वयन हुन नसकेको, समयमा बजेट समर्पण

नभएको, वर्षको अन्तमा रकमान्तर गरेको, बहुवर्षीय आयोजनाको बजेट व्यवस्थापन हुन नसकेको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, प्रदान गरेको अनुदान रकमको अनुगमन गरी प्रतिवेदन तयार नगरेको, स्थानीय तहबाट हुने अनुदान फिर्ताको अभिलेख अद्यावधिक नगरेको, सरकारी सम्पत्तिको अभिलेख अद्यावधिक नभएको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी वार्षिक कार्ययोजना सहित कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** मन्त्रालय र मातहतसमेतका ३ निकायको यो वर्ष रु.१२ लाख १२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५ लाख ८१ हजार फर्स्यौट भई रु.६ लाख ३१ हजार बेरुजु बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, नियमन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- कृषि, पशु विकास तथा खाद्य सुरक्षासम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवम् महामारी नियन्त्रण,
- कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्धन,
- कृषि मल, बीउ र विषादी आपूर्ति व्यवस्था र नियमन,
- उद्योग तथा वाणिज्यसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन,
- उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी,
- औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत ५३ सरकारी कार्यालयको निम्नानुसार रु.१ अर्ब ३२ करोड २ लाख २१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
११७१७७०	१२४१०६	२३०२१	१३२४	१३२०२२१

२. **बजेट तथा खर्च -** वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	४०८३६९	३७०६९४	२४१५८४	६५.१७
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३४८७	३५२४	१४६७	४१.६४
२२१०० सेवा महसुल	२२५५५	२२६६३	१७८३१	७८.६८
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१०२३५२	१०३०७९	९२५६६	८९.८०
२२३०० कार्यालय सामान तथा सेवा	३७४७६	३६९१७	३४५००	९३.४५
२२४०० सेवा तथा परामर्श खर्च	१२५०७७	१२०८८८	९६०९७	७९.४९
२२५०० कार्यक्रम सम्बन्धी खर्च	६२२८०५	४७५५४६	३८७९२८	८१.५८
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	४२२२७	४०२९०	३५०१२	८६.९०
२२७०० विविध खर्च	४१८१८	४०४१३	२७४७३	६७.९७
२६४०० सामाजिक सेवा अनुदान	५८६५०१	१३६५०१	२०४६५	१४.९९
२८१०० सम्पत्ति सम्बन्धी खर्च	९३४५	८७९३	५९५८	६७.७६
जम्मा	**२००२०१२**	**१३५९३०८**	**९६०८८१**	**७०.६८**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२४४६३०	२४०८२७	२१०८८९	८७.५६
कुल जम्मा	**२२४६६४२**	**१६००१३५**	**११७१७७०**	**७३.२३**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७०.६८ प्रतिशत, पुँजीगततर्फ ८७.५६ प्रतिशत र समग्रमा ७३.२३ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना -** प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-८५।८६) अनुसार मन्त्रालय सम्बद्ध परिमाणात्मक लक्ष्य तथा २०८१।८२ सम्मको प्रगतिको स्थिति देहायबमोजिम रहेको छ :

कृषि, पशुपन्छी तथा मत्स्यपालन				
नतिजा सूचक	**एकाइ**	**आधार वर्ष (२०७९।८०)**	**२०८१।८२ लक्ष्य**	**२०८१।८२ प्रगति**
आर्थिक वृद्धिदर (कृषि क्षेत्रको प्रचलित मूल्यमा)	प्रतिशत	२.४	३.६४	२.०३
कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)	रु.अर्बमा	२४५.९५	२७१.७६	२९१.२
कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान	प्रतिशत	३३.१	३२.६३	३४.१
कृषि जमिनमा सिंचाइ सुविधा	प्रतिशत	३७.३	३९.३	४२.६
धान उत्पादन	मे.ट. (हजार)	१३३६	१४१६	१४२०
मकै उत्पादन	मे.ट. (हजार)	९७२	१०४६	११६६
दलहन उत्पादन	मे.ट. (हजार)	१४.८३	१५	४०
तेलहन उत्पादन	मे.ट. (हजार)	५४	५५.०	५२
तरकारी उत्पादन	मे.ट. (हजार)	८१३.१७	८६१.९७	८३१
दूध उत्पादन	मे.ट. (हजार)	५१०	५२०	५१५
मासु उत्पादन	मे.ट. (हजार)	७६	८३	७७
अन्डा उत्पादन	करोडमा	१५१	१९.६५	११.०८
माछा उत्पादन	मे.ट. (हजार)	१०.१४	२४.९१	१२.३४
पशु नश्ल सुधार	सङ्ख्या हजारमा	१४१	१५२	१८८
उद्योग, खनिज तथा वाणिज्य				
कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान	प्रतिशत	१६.८	१६.५७	१६.१
औद्योगिक लगानी (वार्षिक वृद्धि)	रु.करोड	६१९	१०२०	१२३३
उद्योग क्षेत्रको रोजगारी (लाखमा)	सङ्ख्या	१.२	१.४९	१.४३
सहकारी				
सहकारी क्षेत्रको लगानी	रु.अर्ब	११.६	१२.३५	१४.९८
सहकारीमा प्रत्यक्ष रोजगारी	सङ्ख्या हजारमा	१४.२	१५.४	१५.६

*(**स्रोतः** मन्त्रालयको वार्षिक प्रतिवेदन)*

मन्त्रालयले आवधिक योजनामा लिएको लक्ष्यमध्ये कृषि, पशुपन्छी तथा मत्स्यपालन क्षेत्रको उपलब्धि सन्तोषजनक देखिए तापनि कृषि क्षेत्रको आर्थिक वृद्धिदर, अण्डा उत्पादन, मासु उत्पादन, कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान जस्ता सूचकमा लक्ष्यअनुसार प्रगति हासिल गरेको छैन। निर्धारित लक्ष्य प्राप्त हुने गरी कार्य गर्नुपर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम -** मन्त्रालयको लागि स्वीकृत २०८१।८२ को नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका वस्तु तथा सेवाहरूको उत्पादन, आपूर्ति र वितरणको परिमाण र गुणस्तर सम्बन्धी क्षेत्रगत मापदण्ड तयार गर्ने कार्य, वाणिज्य, आपूर्ति तथा उपभोक्ता हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति तर्जुमा, स्टार्ट अप नीति अनुरुप ब्याज अनुदान दिने कार्यक्रम र उच्च उत्पादन क्षमता भएका पशुस्रोत केन्द्र तथा फार्महरूमा उन्नत नश्लका पशुहरूको सिमेन खरिद गर्ने कार्य कार्यान्वयन भएको देखिएन। वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिएका क्रियाकलाप कार्यान्वयन हुनुपर्दछ।

५. **कृषि क्षेत्रमा अनुदान** - प्रदेश कृषि व्यवसाय प्रवर्धन अनुदान ऐन, २०७७ को दफा ३ मा एक आर्थिक वर्षमा एकभन्दा बढी नहुने गरी कृषि तथा पशुपन्छीजन्य वस्तु उत्पादन, प्रशोधन, बजारीकरण, निर्यात प्रवर्धन लगायतका लागि अनुदान उपलब्ध गराउने र सोही ऐनको दफा १४ मा त्यस्ता अनुदानहरूको अनुगमन गर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहतका कार्यालयहरूबाट वितरण गरिएको अनुदानको स्थिति देहायबमोजिम रहेको छः

(रु.हजारमा)

क्र.सं.	विवरण	अनुदान रकम
१	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	८२९७
२	कृषि विकास निर्देशनालय र मातहतका कार्यालय	१६२३९
३	पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र मातहतका कार्यालय	६२३४
जम्मा		**३०७७०**

उल्लिखित अनुदान प्राङ्गारिक मल, दुग्धजन्य पदार्थ निर्यात, युवा लक्षित च्याउ, मह, तरकारी उत्पादन, महिला लक्षित विपन्न पिछडिएको समुदाय लक्षित कार्यक्रम, सुधारिएको भट्टी निर्माण सहयोग, रैथानीय बाली प्रवर्धन, व्यवसायिक फलफुल बँगैचा स्थापना सहयोग, कफी खेती विस्तार, गड्यौला मल उत्पादन, मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन अनुदान, नयाँ ब्लक विकास कार्यक्रम, कृषि बजार तथा सङ्कलन केन्द्र स्थापना, पुष्पखेती, च्याउ तथा लसुन उत्पादन, अदुवा उत्पादन, सुपारी प्रशोधन उद्योग पूर्वाधार तथा यन्त्र उपकरण सहयोग लगायतका कार्यक्रमहरूमा वितरण गरेको छ। मन्त्रालयले ऐनको व्यवस्था अनुसार अनुदानको प्रभावकारिताको अनुगमन गरी एक अनुदानग्राहीलाई एक आर्थिक वर्षमा एक भन्दा बढी अनुदान गए नगएको सम्बन्धमा समेत यकिन गरेको छैन। अनुदानको प्रभावकारिता सुनिश्चित गर्दै अनुदानग्राहीको विवरण सार्वजनिक गर्नुपर्दछ।

६. **सहकारी नियमन** - प्रदेश सहकारी ऐन, २०७६ को दफा ८१ मा मन्त्रालयले संस्थाको निरीक्षण एवम् अनुगमन गर्नुपर्ने व्यवस्था छ। सहकारी रजिष्ट्रारको कार्यालय सुनसरीले उपलब्ध गराएको विवरण अनुसार प्रदेशमा हालसम्म बचत तथा ऋण सहकारी संस्था ४४६, बहुउद्देश्यीय सहकारी संस्था १७०, कृषि सहकारी संस्था २४०, दुग्ध सहकारी संस्था ३०, सञ्चार सहकारी संस्था १८, सहकारी संङ्घ ६६, विशिष्टिकृत संङ्घ ४, विद्युत तथा बैकल्पिक उर्जा १६ र विविध सहकारी संस्था ८५ समेत १ हजार ७५ सहकारी सङ्घ/संस्थाहरूको दर्ता भएकोमा यी संस्थाहरूले गरेका वित्तीय कारोबारको अभिलेख अद्यावधिक रूपमा राखेको छैन। मन्त्रालयबाट प्राप्त अनुगमन प्रतिवेदनमा सहकारी संस्थाको अभिलेख व्यवस्थापन, निर्वाचन प्रणाली बमोजिम सञ्चालक समिति चयन र ऋण लगानी प्रक्रिया सन्तोष जनक नभएको, ऋण लगानी गर्दा जमानतको मूल्याङ्कन भन्दा बढी ऋण लगानी गरेको, ऋण उपलब्ध गराएको कुल पुँजीकोषको १० प्रतिशतभन्दा बढी एउटै व्यक्तिलाई ऋण उपलब्ध गराएको, कुनै पनि प्रकारका बचत ३ वर्षभन्दा बढी अवधिको लागि स्वीकार गर्न नसकिने व्यवस्था बिपरित ५ वर्ष भन्दा बढी अवधिको बचत सङ्कलन गरेको, ऋण नीति/कार्यविधिमा दुई लाख ऋण सीमा रहेकोमा १२ लाख भन्दा बढी ऋण लगानी गरेको, ऋणीलाई धितो जमानत भन्दा बढी ऋण प्रवाह गरेको, सफ्ट्वेयरको समस्याको कारण देखाइ संस्थाको वित्तीय अवस्थाको अनुगमन नगरेको, सहकारी संस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्डको

व्यवस्था अनुसार सदस्य बनेको तीन महिना पूरा भएपछि मात्र ऋण लगानी गर्न मिल्ने व्यवस्था विपरीत ऋण लगानी गरेको उल्लेख छ।

सहकारी सदस्य एवं बचतकर्ताको निक्षेपमा हुन सक्ने जोखिम न्यूनीकरण गर्न अनुगमन मूल्याङ्कन गरी ऋण लगानी विपरीत कार्य गरेकोमा ऐन अनुसार कारबाही गर्नुपर्दछ।

७. **अनुगमन मूल्याङ्कन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ ले प्रत्येक मन्त्रालयको कार्य विभाजनमा आफू र अन्तर्गत निकायको समग्र कार्य सञ्चालन व्यवस्था र प्रक्रियाको अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याको समाधान गर्नुपर्ने व्यवस्था गरेको छ। मन्त्रालयमा अनुगमनकर्ताले पेस गरेको प्रतिवेदनको अभिलेख राखेको छैन। प्रतिवेदनमा उल्लेख भएका विषयहरूको अभिलेख राखी कार्यान्वयन गर्नुपर्दछ।

कृषि ज्ञान केन्द्र

८. **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को बुँदा नं.४.२.४ मा दलहन तेलहन मसलाबाली र फलफूलको लागि तराई भुभागमा न्युनतम १०० हेक्टरको क्षेत्रफल पुरा गर्नुपर्ने व्यवस्था छ। कृषि ज्ञान केन्द्र, झापाले जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको सिफारिसको आधारमा अनुदानग्राहीलाई केरा खेती विकास कार्यक्रमको लागि रु.७ लाख १२ हजार भुक्तानी गरेकोमा जग्गाको क्षेत्रफल ४५.३८ हेक्टर मात्र रहेको देखिन्छ। ब्लकको मापदण्डले तोकेको न्युनतम क्षेत्रफल नभएको फार्मलाई ब्लक विकास कार्यक्रमको लागि भुक्तानी गरेको रकम रु.७ लाख १२ हजार नियमसम्मत देखिदैन।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा वित्तीय जिम्मेवारी र जवाफदेहिता पालना नभएको, नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, आवधिक योजना बमोजिमको लक्ष्य अनुसार प्रगति नभएको, अनुदान अनुगमन गर्ने कार्यविधि, सूचक तथा संयन्त्र तयार नभएको, सहकारी संस्थाहरूले गरेका कारोबारको अद्यावधिक अभिलेख नराखेको, अनुगमनको एकीकृत अभिलेख तयार गरी मूल्याङ्कन गरेको नदेखिएको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय र मातहतसमेतका २६ निकायको यो वर्ष रु.२ करोड ६९ लाख १८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८२ लाख ९० हजार फर्स्यौट भई रु.१ करोड ८६ लाख २८ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची** ९ मा संलग्न छ।

खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- प्रदेशस्तरको खानेपानी, सिँचाइ, ऊर्जा तथा जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन,
- प्रदेशस्तरमा खानेपानी, सिँचाइ तथा ऊर्जा सम्बन्धी सेवाको गुणस्तर र सेवाशुल्कको आधार निर्धारण र नियमन,
- खानेपानी, सिँचाइ तथा ऊर्जा सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,
- खानेपानी, सिँचाइ तथा ऊर्जा सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन नीति तथा मापदण्ड निर्धारण र नियमन,
- राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग आयोजनाको पहिचान, निर्माण, सञ्चालन, संम्भार र व्यवस्थापन,
- प्रदेशको जलस्रोत उपयोग, नदी नियन्त्रण तथा संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- प्रदेशको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,
- प्रदेशमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन, जल गुणस्तर प्रयोगशाला व्यवस्थापन,
- खानेपानीको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड कार्यान्वयन,
- स्वच्छ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धन नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- स्वच्छ खानेपानीको उपलब्धता र पहुँचको सुनिश्चितता,
- ढल निकास तथा सरसफाइ व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय मातहतका २४ सरकारी कार्यालयको निम्नानुसार रु.४ अर्ब ६६ करोड ६४ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
३८३०७१४	१८६०५	६७२८०७	१४४३२८	४६६६४५४

२. **बजेट तथा खर्च** - वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	२३६०३०	२३५८८०	१७७५५३	७५.२७
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	४६१३	४६१३	१६००	३४.६९
२२१०० सेवा महसुल	१३८३३	१४९८८	१२०३५	८०.२९
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	७४६०७	७६६५७	७३५०६	९५.८९
२२३०० कार्यालय सामान तथा सेवा	३०६७३	२९९२३	२८९३९	९६.७१
२२४०० सेवा तथा परामर्श खर्च	५३३२६	५३१९५	४४५१९	८३.६९
२२५०० कार्यक्रम सम्बन्धी खर्च	२६७३०	८८३०	८०६९	९१.३८
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	२०७७५	२११५०	२०५१४	९६.९९
२२७०० विविध खर्च	२६३२४	२५०१०	१६४९४	६५.९६
२६४०० सामाजिक सेवा अनुदान	७००००	६३०००	०	०.००
२८१०० सम्पत्ति सम्बन्धी खर्च	८५८९	७७६४	६६६६	८५.८७
जम्मा	**५६५५००**	**५४१०१०**	**३८९८९६**	**७२.०७**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	३७७९९७३	३८६४३६३	३६५९६४८	९४.७०
३२१०० आन्तरिक वित्तीय सम्पत्ति	२००००	२००००	०	०.००
जम्मा	**३७९९९७३**	**३८८४३६३**	**३६५९६४८**	**९४.२२**
कुल जम्मा	**४३६५४७३**	**४४२५३७३**	**४०४९५४४**	**९१.५१**

उल्लिखित विवरणअनुसार चालु खर्च ७२.०७ प्रतिशत, पुँजीगत खर्च ९४.२२ प्रतिशत र समग्रमा ९१.५१ प्रतिशत खर्च भएको छ।

३. **लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३६(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। मन्त्रालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.२१ करोड ८८ लाख ३० हजार, राजस्वतर्फ रु.२ लाख ५० हजार र धरौटीतर्फ रु.१ करोड १९ लाख ६८ हजार समेत रु.२३ करोड १० लाख ४८ हजारको लेखापरीक्षण गरिएको छैन।

४. **तलबी प्रतिवेदन** - प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६(४) मा तलबी प्रतिवेदन पारित गरेर तलब भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। यो वर्ष खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय झापाले रु.१ करोड ५ लाख ९१ हजार र जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू उदयपुर, ओखलढुंगा, मोरङ, संखुवासभा, सोलुखुम्बु र पाँचथरले रु.३ करोड ४५ लाख ४० हजारसमेत रु.४ करोड ५१ लाख ३१ हजार तलबी प्रतिवेदन पारित नगरी खर्च अभिलेख गरेका छन्। तलबी प्रतिवेदन पारित गरी तलब भत्ता खर्च लेख्नुपर्दछ।

५. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रापारी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा सेवा खरिद गर्नुपर्दा खुला राष्ट्रिय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय मातहतको कन्काई सिँचाइ व्यवस्थापन कार्यालय, झापाले १७ पटकमा रु.१ करोड ५१ लाख ८४ हजार, खानेपानी तथा सरसफाइ डिभिजन, खोटाङले १७ पटकमा रु.१ करोड ६३ लाख ९ हजार, धनकुटाले २० पटकमा रु.१ करोड ८१ लाख ३२ हजार, ओखलढुंगाले ५८ पटकमा रु.५ करोड ५९ लाख ७२ हजार, सुनसरीले रु.४ करोड २९ लाख ४ हजार, भोजपुरले ७४ पटकमा रु.७ करोड ४ लाख ७७ हजार र झापाले रु.५ करोड ३७ लाख २२ हजारको सोझै खरिद गरी खर्च गरेका छन्।

साथै, भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन मोरङले १६ पटकमा रु.१ करोड २० लाख ३८ हजार, जलस्रोत तथा सिँचाइ विकास डिभिजन, भोजपुरले १२ पटकमा रु.५४ लाख ५८ हजार, मोरङले ७६ पटकमा रु.४ करोड ७६ लाख ७९ हजार, खोटाङले ३० पटकमा रु.२ करोड ३४ लाख ४२ हजार, झापाले ३७ पटकमा रु.३ करोड ९ लाख ३९ हजार, सोलुखुम्बुले १९ पटकमा रु.१ करोड ३४ लाख १६ हजार र सुनसरीले ४ पटकमा रु.३३ लाख ४२ हजार समेत जम्मा रु.४० करोड ९० लाख १४ हजारको निर्माण, मर्मत सम्भार, पाइप तथा फिटिङ्सका सामान प्रतिस्पर्धा बेगर सोझै खरिद गरेका छन्। सरकारी खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्दछ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू

६. **विस्तृत आयोजना प्रतिवेदन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१क) मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट सम्पादन हुन नसक्ने र उच्च विशेषज्ञता तथा दक्षता आवश्यक पर्ने भएमा विशेषज्ञताको प्रकृति अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, खोटाङले १३ योजनाका लागि रु.६० लाख ३७ हजार, संखुवासभाले ५ योजनाका लागि रु.१९ लाख ९३ हजार, मोरङ्गले ७ योजनाका लागि रु.३३ लाख ३२ हजार, भोजपुरले ७ योजनाका लागि रु.२७ लाख ३२ हजार, झापाले ५ योजनाका लागि रु.१९ लाख ५७ हजार, धनकुटाले ३ योजनाका लागि रु.९ लाख ४२ हजार, उदयपुरले ६ योजनाका लागि रु.२९ लाख ९७ हजार र इलामले ९ योजनाका लागि रु.४२ लाख ३१ हजारसमेत यस वर्ष ८ कार्यालयले ५५ योजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरी रु.२ करोड ४२ लाख २१ हजार खर्च गरेका छन्। कार्यालयको जनशक्तिबाट सम्पादन हुने कामको लागि बाह्य क्षेत्रबाट परामर्श सेवा लिने व्यवस्था गरी प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरू

७. **विस्तृत आयोजना प्रतिवेदन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१क) मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट सम्पादन हुन नसक्ने र उच्च विशेषज्ञता तथा दक्षता आवश्यक पर्ने भएमा विशेषज्ञताको प्रकृति अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले

खरिद गर्नुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय खोटाङले ९ खानेपानी आयोजनाको लागि रु.५८ लाख ८५ हजार, पाँचथरले ३ योजनामा रु.४९ लाख ३८ हजार, ओखलढुंगाले ८ योजनामा रु.७८ लाख २१ हजार, झापाले ६ योजनामा रु.९२ लाख ४२ हजार, धनकुटाले १३ योजनामा रु.४२ लाख २९ हजार र भोजपुरले २० योजनामा रु.६० लाख २३ हजार सहित जम्मा ५९ योजना रु.३ करोड ८१ लाख ३८ हजार विस्तृत आयोजना प्रतिवेदन तयार गर्न खर्च गरेका छन्। कार्यालयको जनशक्तिबाट हुने जटिल प्रकृतिका एवम् विशिष्टिकृत ज्ञान आवश्यक पर्ने कार्यको लागि बाह्य परामर्शदाताको सेवा लिनुपर्दछ।

८. **पाइप तथा फिटिङ्गस मौज्दात -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कारबाही गर्दा आवश्यकताको पहिचान गर्नुपर्ने उल्लेख छ। साथै लागत अनुमानको आधारमा पुरानो मौज्दातसमेत विचार गरी पाइप तथा फिटिङ्गस खरिद गर्नुपर्दछ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय खोटाङमा रु.१९ लाख ४० हजार, ओखलढुङ्गामा रु.७८ लाख ११ हजार, धनकुटामा रु.५ करोड ३२ लाख ८७ हजार, सुनसरीमा रु.२ करोड ६० लाख २४ हजार, भोजपुरमा रु.२ करोड ३९ लाख ४६ हजार र झापामा रु.१ करोड ९४ लाख २७ हजार समेत ६ कार्यालयमा रु.१३ करोड २४ लाख ३५ हजारको पाइप तथा फिटिङ्गस सामाग्री भण्डारणमा रहेको छ। खरिद भएका खानेपानी पाइप तथा फिटिङ्गको उपयोग गर्नुपर्दछ।

९. **पाइप तथा फिटिङ्गस जडान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा नापजाँच पश्चात नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिन मिल्ने अवस्था छ। यो वर्ष खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, धनकुटाले रु.२७ लाख ४९ हजार, झापाले रु.२ करोड ६९ लाख ६१ हजार, ओखलढुंगाले रु.६१ लाख ८१ हजार, खोटाङले रु.१ करोड ७ लाख ९२ हजार र पाँचथरले रु.८८ लाख १६ हजारसमेत रु.५ करोड ५४ लाख ९९ हजार मूल्यका विभिन्न साईजका पाइप र फिटिङ्गस् नापी किताबमा प्रविष्टि नगरी जिन्सी खाताबाट खर्च लेखेको छ। पाइप तथा फिटिङ्गस सामाग्री प्राविधिक मूल्याङ्कनबाट उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

१०. **उपभोक्ता समिति -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण गराउँदा रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण गराउने वा सेवा लिन सकिने उल्लेख छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१४) मा उपभोक्ता समितिबाट गराउने काम श्रममूलक प्रकृतिको हुनुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, खोटाङले १० योजनामा पाइप तथा पम्प मेसिन उपभोक्ता समितिबाट खरिद कार्य गराइ रु.९२ लाख २४ हजार उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। श्रममूलक बाहेकको कार्य उपभोक्ता समतिबाट गराउनु उचित देखिएन।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा तलबी प्रतिवेदन पारित नगरेको, पाइप तथा फिटिङ्ग सामग्री जडानको नापी किताब तथा कार्यसम्पन्न नभएको, उपभोक्ता समितिबाट सीमाभन्दा बाहिरको खरिद कार्य, विस्तृत आयोजना प्रतिवेदन वाह्य परामर्शदाताबाट खरिद र सोझै खरिद गरेको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्ययोजना सहित कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु विवरण** - मन्त्रालय र मातहतसमेतका २१ निकायको यो वर्ष रु.१४ करोड ९९ लाख २५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ३७ लाख ४६ हजार फर्स्यौट तथा रु.६ लाख ९१ हजार थप भई रु.१२ करोड ६८ लाख ७० हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रु.१ करोड ४ लाख ९९ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण, कार्यान्वयन र नियमन,
- पर्यटन पूर्वाधारको विकास र प्रवर्धन,
- सङ्घीय कानुन बमोजिम क्यासिनो दर्ता, अनुमति र नियमन,
- सङ्घ र प्रदेशको सम्बन्धित मन्त्रालयसँगको समन्वयमा पर्यटकीय प्रहरीको व्यवस्थापन,
- साहसिक पर्यटन पूर्वाधार निर्माण र प्रवर्धन,
- प्रदेशस्तरमा वनक्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन,
- वातावरणीय सूचना प्रणालीको स्थापना,
- भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन र
- वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहत समेत २४ सरकारी कार्यालयको निम्नानुसार रु.२ अर्ब ७१ करोड २७ लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
१८२९५४१	४२८१४४	१९३५५९	२६१५३२	२७१२७७६

२. **बजेट तथा खर्च** - वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त विवरण अनुसार मन्त्रालयको यो वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छ :

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	७८३५१६	७९६७८२	६१६४७०	७७.३७
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	५१९१	५१९१	३६१४	६९.६२
२२१०० सेवा महसुल	१५३४९	१५८३४	१३२७०	८३.८१
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१२९१९८	५९५२९	५४६८४	९१.८६
२२३०० कार्यालय सामान तथा सेवा	२०१०९	२१२५४	१९९३६	९३.८०
२२४०० सेवा तथा परामर्श खर्च	४७५७५	६५६०८	४२८४६	६५.३१
२२५०० कार्यक्रम सम्बन्धी खर्च	३३२५९४	३१९२५४	२३१७५४	७२.५९
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	१४८०९	२३००४	१६५४७	७१.९३
२२७०० विविध खर्च	१३१८२	१०९७२	१०३१८	९४.०२

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२६४०० सामाजिक सेवा अनुदान	०	२५००	२५००	१००.००
२७२०० सामाजिक सहायता	२५०००	२५०००	२२८३९	९१.३५
२८१०० सम्पत्ति सम्बन्धी खर्च	५९४५	५८८०	५१३२	८७.२६
जम्मा	**१३९२४६८**	**१३५०८०८**	**१०३९९१०**	**७६.९८**
पुँजीगततर्फ				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१०३१३८०	१०४७३८०	७८९६३१	७५.४०
कुल जम्मा	**२४२३८४८**	**२३९८१८८**	**१८२९५४१**	**७६.२९**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७६.९८ प्रतिशत, पुँजीगततर्फ ७५.४० प्रतिशत र समग्रमा ७६.२९ प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना** - प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) मा वन क्षेत्रको विकास तथा दिगो व्यवस्थापन गर्दै वातावरण, जैविक विविधता तथा जलाधारको संरक्षण गर्नु, वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गरी समुदायलाई न्यायोचित वितरण सुनिश्चत गर्नु, उच्च मूल्य जडीबुटी र गैह्र काष्ठ वन पैदावारको उत्पादन र मूल्य अभिवृद्धि गरी निर्यात प्रवर्धन गर्नु लगायतका उद्देश्य रहेको देखिन्छ। प्रमुख कार्यक्रमहरूमा वन, वनस्पति संरक्षण तथा दिगो वन व्यवस्थापन, प्रदेश हरित अभियान, जडीबुटी विकास, जैविक विविधता संरक्षण, मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन, भू तथा जलाधार संरक्षण र व्यवस्थापन कार्यक्रम, वन डढेलो नियन्त्रण तथा व्यवस्थापन समेतका कार्यक्रमहरू रहेका छन्। यो प्रदेशमा वन तथा बुट्यान गरी कुल क्षेत्रफलको ४८.९६ प्रतिशत वनक्षेत्र रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा वनक्षेत्रको योगदान २ प्रतिशत रहेको छ। अधिक जैविक विविधताका लागि वृक्षारोपण मार्फत वनक्षेत्रको विस्तार गरी कार्बन ट्रेडबाट वैदेशिक मुद्रा प्राप्त गर्न र जैविक विविधताको संरक्षण गरी पारिस्थितिक प्रणालीमा सन्तुलन कायम गर्नुपर्दछ। योजना अवधिमा प्रदेशमा बुट्यानसहित वनको क्षेत्रफल ५० प्रतिशत पुगेको हुने, सामुदायिक वनको क्षेत्रफल १ हजार हेक्टरले वृद्धि भएको हुने, सहभागितामूलक वन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन भएको हुने, काठ उत्पादन ३३० लाख क्युविक फिट र दाउरा उत्पादन ८ हजार ३५० चट्टा भएको हुने, उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वन पैदावारको उत्पादन २० प्रतिशतले वृद्धि भएको हुने, मिचाहा वनस्पतिहरूको नियन्त्रण तथा व्यवस्थापन भएको हुने तथा पर्यापर्यटनको विकास भएको हुने राखेकोमा प्रगति विवरण तयार गरेको छैन।

३.१. **प्राप्त उपलब्धिको विश्लेषण** - वन क्षेत्रको विकास विस्तार भई अपनाइएका रणनीति तथा कार्यनीतिको कार्यान्वयनबाट जैविक विविधता संरक्षण भएको वनको क्षेत्रफल ५ लाख ५४ हजार हेक्टर, तथा ३ हजार ७२१ सामुदायिक वनको क्षेत्रफल ४ लाख ६७ हजार हेक्टर रहेको, गैह्र काष्ठ वन पैदावर तथा उच्च मूल्यका जडीबुटी उत्पादन ४९ लाख ५७ हजार किलोग्राम उत्पादन भएको, सल्लाको खोटो ३ लाख ६२ हजार किलोग्राम रहेको, काठ २ करोड ६८ लाख ७२ हजार घनफिट उत्पादन भएको देखिन्छ। त्यसैगरी, मन्त्रालय अन्तर्गत वन पैदावर बिक्रीबाट रु.१७ करोड २२ लाख ५२ हजार, गैह्र काष्ठ वन पैदावरबाट रु.३३ लाख २९ हजार, मूल्य अभिवृद्धि करबाट रु.८३ करोड ८९ लाख १४ हजार र बनक्षेत्र अन्य प्रयोजनबाट रु.९ करोड ३२ लाख ३३ हजार र प्रदेश सेवा शुल्क बापत रु.१० करोड ८९ लाख ७९ हजार गरी जम्मा रु.१ अर्ब २१ करोड ६७ लाख ७ हजार

राजस्व सङ्कलन भएको छ। हालसम्म विरूवा उत्पादन/खरिद सङ्ख्या ३१ लाख ८६ हजार भएको तथा वृक्षारोपण २३४ हेक्टर क्षेत्रफलमा भएको देखिन्छ। हरित गृह उत्सर्जनमा कमी, वायु प्रदुषणको मात्रामा कमी लगायतको प्रगति विवरण तयार गरेको छैन। मन्त्रालयले आवधिक योजनाले लिएको लक्ष्य प्राप्त हुने गरी कार्य गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ मा प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको पाँचौ मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम यस मन्त्रालयको त्रिवर्षीय अनुमान तथा प्रक्षेपणमा २०८१।८२ को लागि गरेको प्रक्षेपण तथा वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छ :

(रु.हजारमा)

मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण			बजेट विनियोजन			प्रक्षेपणको तुलनामा बढी बजेट
कुल	चालु	पुँजीगत	कुल	चालु	पुँजीगत	
१८१०९९०	१२२७७९०	५८३२००	२३९८१९०	१३५०८१०	१०४७३८०	५८७२००

मन्त्रालयमा यो वर्ष मध्यमकालीन खर्च संरचनाले तय गरेको प्रक्षेपण भन्दा रु.५८ करोड ७२ लाख (३२.४२ प्रतिशत) बढी बजेट विनियोजन गरेको देखिन्छ। आवधिक योजना मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट तथा कार्यक्रमबीच आवद्धता कायम गर्नुपर्दछ।

५. **बहुवर्षीय योजनाको बजेट व्यवस्था** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १२ मा मन्त्रालयले आगामी वर्षहरूको लागि बहुवर्षीय दायित्व सिर्जना गर्दा प्रदेशको समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण, स्रोत प्राप्तिको अवस्था, प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य एवम् उपलब्धि मध्यमकालीन खर्च संरचना सम्बन्धित मन्त्रालयको बजेट व्यवस्था लगायतका आधार लिनुपर्ने व्यवस्था छ। मन्त्रालयको एकीकृत वित्तीय प्रतिवेदन बमोजिम यस मन्त्रालयबाट संचालित १२९ बहुवर्षीय आयोजनाहरूको खरिद सम्झौता भएको देखिन्छ। सम्झौता रकम रु.१ अर्ब ४९ करोड ८२ लाखमध्ये यो वर्षसम्ममा रु.४७ करोड ४२ लाख भुक्तानी भई रु.१ अर्ब २ करोड ४० लाख दायित्व बाँकी देखिन्छ। स्रोत सुनिश्चितता गरी बहुवर्षीय आयोजनाहरूको कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट समर्पण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३ मा प्रदेश विनियोजन ऐनमा समावेश भएको रकम खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र पन्ध्र गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने उल्लेख छ। यो वर्ष मन्त्रालयले चैत्र पन्ध्रभन्दा पछि रु.९० लाख बजेट समर्पण गरेको छ। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

७. **लक्ष्य तथा प्रगति** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३८(१) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-५ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने तथा नियम ३८ (२) मा मन्त्रालय वा अन्य निकायले बजेट शीर्षकको आधारमा त्रैमासिक प्रगति विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र

प्रदेश योजना आयोगमा पठाउनु पर्ने व्यवस्था रहेको छ। मन्त्रालयले यस वर्ष सो बमोजिमको प्रगति प्रतिवेदन तयार गरेको छैन। गत विगतका प्रतिवेदनमा समेत उक्त बेहोरा औल्याइएकोमा सुधार भएको छैन। उल्लेखित कानुनको कार्यान्वयन हुनुपर्दछ।

८. **वन विकास कोष** - प्रदेश वन ऐन, २०७७ को दफा ७५ मा राष्ट्रिय तथा प्रादेशिक वनको संरक्षण र संवर्द्धन गर्न एवं अन्य प्रवर्धनात्मक कार्यका लागि प्रदेश सरकारले वन विकास कोष स्थापना गर्न सक्ने व्यवस्था छ। मन्त्रालयले हालसम्म उक्त कोष स्थापना गरेको छैन। वन संरक्षणका कार्य गर्न कोष व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

९. **वन पैदावार उत्पादन र बिक्री** - प्रदेश वन ऐन, २०७७ को दफा ४५ मा निजी वनको पैदावार ओसार पसार र व्यवस्थापन सम्बन्धी व्यवस्था रहेको छ। ऐनको उक्त दफामा निजी वनको धनीले आफ्नो इच्छाअनुसार निजी वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्ने व्यवस्था गरी व्यवसायिक प्रयोजनको लागि वन पैदावारको कटान र ओसार पसार गर्नु परेमा एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसारपसार गर्नुपर्ने भएमा सम्बन्धितले डिभिजन वन वा सव-डिभिजन वन कार्यालयबाट काठको प्रजाति र परिमाण समेत खुलाई स्वीकृति लिनुपर्ने व्यवस्था छ। मन्त्रालयको प्रगति विवरणमा यो वर्ष निजी वनबाट देहाय अनुसार काठ, दाउरा र गैर काष्ठ वन पैदावार उत्पादन र बिक्री गरेको छः

उत्पादित परिमाण			बिक्री वितरण परिमाण		
काठ (घनफिट)	दाउरा (चट्टा)	जडिबुटी तथा गैर काष्ठ वन पैदावार किलोग्राम	काठ (घनफिट)	दाउरा (चट्टा)	गैर काष्ठ वन पैदावार किलोग्राम
२६८७१६९६.१२	३४१३३.६	४९५६७३३.४७	२६८७१६९६.१२	३४१३३.६	४९५६७३३.४७

काठको बिक्री वितरण कार्यलाई व्यवस्थित गर्न क्यालेन्डर तयार गरी यथासमयमा काठ दाउरा बिक्री गरी राजस्व आय प्राप्त गर्नुपर्दछ।

१०. **काठ दाउरा बिक्री** - वनपैदावर सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ को बुँदा नं. १८ मा आफूले सङ्कलन गरी घाटगद्दी गरेको काठ दाउरा सम्बन्धित निकायले सदुपयोगको व्यवस्था गर्नुपर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार गत वर्षको काठ दाउराको मौज्दात १ लाख २२ हजार २५५ घन फिट रहेकोमा यो वर्ष २ करोड ६८ लाख ७१ हजार ६९६ क्यू फिट काठ र ३४ हजार १३३ चट्टा दाउरा उत्पादन तथा बिक्री वितरण भएको छ। साल जातका ९६ हजार ९१९ र अन्य जातका १ लाख ३४ हजार ७२५ गरी कुल २ लाख ३१ हजार ६ सय ४४ घन फिट काठ लिलाम बिक्री गरी रु.१६ करोड ८ लाख ७४ हजार र दाउरातर्फ ६४८.३१ चट्टा बिक्री बापत रु.३३ लाख ६८ हजार राजस्व आम्दानी भएको छ। सङ्कलन गरिएको काठ दाउरामध्ये घाटगद्दीमा करिव रु.७ करोड २८ लाख ९७ हजार मूल्यका साल जातका ५८ हजार २८७ क्यू. फिट र अन्य जातका ५० हजार ५० क्यू. फिट काठ मौज्दात रहेको छ। लामो समयसम्म घाटगद्दी स्थलमा रहँदा काठको गुणस्तर र उपयोगितामा ह्रास आउने हुँदा समयमै लिलाम बिक्री गरी राजस्व आम्दानी गर्नुपर्दछ।

११. **वन अतिक्रमण** - वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८ मा कार्यविधि बनाइ वन कार्यालयले वन अतिक्रमण हटाउनुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेश अन्तर्गत ११ लाख ३४ हजार २५० हेक्टर वन क्षेत्र रहेकोमा १८ हजार ६९५ हेक्टर (कुल वन

क्षेत्रको १.६४ प्रतिशत) वन क्षेत्र अतिक्रमणमा रहेको छ। अतिक्रमण नियन्त्रण गरी अतिक्रमण भैसकेका वनको अतिक्रमण हटाउनुपर्दछ।

१२. **विरूवाको उत्पादन -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार यस वर्ष उत्पादन भएका एक वर्षे, बहुवर्षीय फलफूल र जडीबुटी समेत विभिन्न जातका ३२ लाख ४४ हजार ६७० विरूवा मध्ये विभिन्न व्यक्ति, वन उपभोक्ता समूह तथा विभिन्न सङ्घ संस्थालाई १६ लाख १३ हजार १३१ विरूवा वितरण गरी १६ लाख ३१ हजार ५३९ मौज्दात रहेको छ। उत्पादित विरूवा वृक्षारोपण गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

१३. **वन क्षेत्रको जग्गा प्रयोजनमा -** वन ऐन, २०७६ को दफा ४२(२) मा वन क्षेत्र उपलब्ध गराउँदा जति वन क्षेत्र उपलब्ध गराउनु पर्ने हो त्यति नै क्षेत्रमा रूख रोप्नको लागि आयोजना स्थलको नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वन विकास गर्न सकिने भू-बनोट भएको जग्गा उपलब्ध गराउनुपर्ने व्यवस्था छ। साथै उक्त ऐनको दफा ४२ को उपदफा ५,६ र ७ मा त्यस्तो जग्गा उपलब्ध हुन नसकेको अवस्थामा वन विकासको लागि जग्गाको व्यवस्था गर्नको लागि आवश्यक रकम र उल्लेखित जग्गामा पाँच वर्षसम्म रूख हुर्काउन र सम्भार गर्नको लागि आवश्यक पर्ने रकम समेत वन विकास कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार कोशी प्रदेशमा १२७ वन क्षेत्रको जग्गा प्रयोग गर्ने पक्षले स्थायी रूपमा २ हजार ९४ हेक्टर र अस्थायी रूपमा १ हजार ९८३ हेक्टर जग्गा प्रयोग गरी रु.९ करोड ३२ लाख ३२ हजार राजस्व सङ्कलन भएको छ। डिभिजन वन कार्यालय लगायत ९ कार्यालयले आयोजना वा वन क्षेत्रको जग्गा प्रयोग गर्ने पक्षले लिज बापतको रकम दाखिला गरेको भएपनि ताप्लेजुङ, मोरङ, गाईघाट, खोटाङ, ओखलढुंगा र सोलुखुम्बुमा रकम दखिला गरेको देखिएन। नियमानुसार रुख रोप्ने वा रकम दाखिला हुने व्यवस्था मिलाउनु पर्दछ।

१४. **वातावरणीय परीक्षण -** प्रदेश वन ऐन, २०७७ को दफा ५१ र कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा १० बमोजिम विकास आयोजना सञ्चालन गर्दा र उद्योग स्थापना तथा सञ्चालन र वन व्यवस्थापन कार्य योजनाहरूको वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष मन्त्रालयमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन ५, प्रारम्भिक वातावरणीय परीक्षण ५३ र वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृति भएको छ। तर वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण/कार्य सूची तयार गरेको देखिएन। तोकिएको प्रक्रिया पूरा गरी यथा समयमै प्रतिवेदनहरूको कारबाही टुंगो लगाउनुपर्दछ।

१५. **वन पैदावार आयात -** प्रदेश वन ऐन, २०७७ को दफा ११(५) मा वन क्षेत्र नभएका स्थानीय तहमा सामुदायिक वन वा साझेदारी वन वा प्रादेशिक वनबाट एक/एक काठ दाउरा बिक्री डिपो राख्न सकिने व्यवस्था भएता पनि यो वर्ष वन क्षेत्र नभएका स्थानीय तह छुट्याई बिक्री डिपो स्थापना गरेको पाइएन। कानुनी व्यवस्थाको पालना हुनुपर्दछ।

१६. **दिगो वन व्यवस्थापन** - नेपालको पूर्वी पहाडमा वन, भूमि र जैविक विविधताको दिगो व्यवस्थापन सम्बन्धी आयोजना विश्व वातावरणीय सुविधाको आर्थिक सहयोगमा नेपाल सरकार तथा संयुक्त राष्ट्र सङ्घ, खाद्य तथा कृषि सङ्गठनबीच २०८०।१।१३ मा सम्झौता भई कार्यान्वयनमा रहेको छ। यो आयोजनाको अवधि ४ वर्ष (२०८०।१।१३ देखि २०८४।१।१३) रहेको छ भने कूल अनुदान रु.५५ करोड रहेको छ। यस आयोजनाको कार्यान्वयन क्षेत्र पाँचथर, तेह्रथुम, संखुवासभा, इलाम र ताप्लेजुङ जिल्लाहरूका ३४ वटा स्थानीय तहहरूमा रहेको छ। आयोजना अवधिमा प्रदेश सरकारबाट

जम्मा रु.९ करोड ७६ लाख ६२ हजार (१९.५२ प्रतिशत) खर्च भएको विवरण पेस भएको छ। आयोजना अवधि करिव १ वर्ष मात्र बाँकी रहेको र प्रगति न्यून देखिएकाले वैदेशिक अनुदानको पूर्ण उपयोग भएको देखिएन। तोकिएका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्ने गरी क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ।

१७. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थानले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय संखुवासभाले उक्त ऐनको प्रावधान अनुसार ढुङ्गा, गिट्टी, वालुवा, माटो दहत्तर, बहत्तर ठेक्का नलगाई बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी दाखिला गर्नु पर्नेमा अरूण तेस्रो जलविद्युत आयोजनाका दुई वटा निर्माण व्यवसायीहरूलाई ढुङ्गा, गिट्टी बिक्री गरेकोमा रु.७९ लाख ८० हजार मूल्य अभिवृद्धि कर असुल गरेको देखिएन। उक्त रकम असुल गर्नुपर्दछ।

१८. **राजस्व बक्यौता** - वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ को बुँदा ४६(३) मा काठ दाउराको बिक्रि सदर भएको मितिले सात दिनभित्र डिभिजन वन कार्यालयले स्वीकृत वा अस्वीकृत गर्नुपर्ने तथा स्वीकृत भएको अवस्थामा स्वीकृत भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र सकारकर्ताले रकम दाखिला गर्नुपर्ने उल्लेख छ। डिभिजन वन कार्यालय, मोरङले रु.२६ लाख ८५ हजार, उदयपुरले रु.११ लाख २९ हजार र झापाले रु.१० लाख ६ हजार राजस्व असुल गर्न बाँकी देखिन्छ। लिलाम सकार गरेको काठको राजस्व सम्बन्धित सकारकर्ताबाट दाखिला गर्न लगाई समयमा काठ दाउरा उठाउने व्यवस्था गर्नुपर्दछ।

१९. **सम्झौता कार्यान्वयन** - वन ऐन, २०७६ को दफा ६८ बमोजिम नेपाल विद्युत प्राधिकरणद्वारा निर्माण प्रस्ताव गरिएको मिर्चैया-कटारी-ओखलढुंगा-सोलुसम्मको ८८.४० कि.मी. लम्बाई १३२ के.भी. प्रशासरण लाइन आयोजना दोस्रो खण्ड सोलु कोरिडोरको दायाँ बायाँ सहितका संरचनाहरू निर्माण गर्न ओखलढुंगा र सोलुखुम्बु जिल्लामा परेका १५ वटा सामुदायिक वनहरू सहितको राष्ट्रिय वन क्षेत्रको १७.६३८ हेक्टर जग्गा २५ वर्षसम्म प्रयोग गर्न दिई त्यहाँ रहेका विभिन्न प्रजातिका ५ हजार २७९ रूख विरूवाहरू हटाउन स्वीकृत दिने भनी नेपाल सरकार मन्त्रिपरिषद्को २०७५।१२।०४ मा निर्णय भएको पाइयो। सोही बमोजिम वन तथा भू संरक्षण विभाग र नेपाल विद्युत प्राधिकरण सोलु कोरिडोर १३२ के.भी. प्रशारण लाइन आयोजनाबीच २०७६।१।२० मा सम्झौता भएको पाईयो। सम्झौता बमोजिम डिभिजन वन कार्यालय, ओखलढुंगाले तोकेको क्षेत्रमा आयोजनाले आफ्नै खर्चमा वृक्षारोपण गरी ५ वर्षसम्म स्याहार सम्भार गरी कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेमा ३ हजार ५०९ वटा विरूवाको सट्टाभर्ना र वृक्षारोपण समेतको रु.१ करोड ५३ लाख वन विकास कोषमा दाखिला गरेको छ। रूख विरूवा हटाएको क्षेत्रमा हुन सक्ने सम्भावित वातावरणीय क्षति तथा पर्यावरणीय असरलाई न्यूनीकरण गर्न तोकेको क्षेत्रमा वृक्षारोपण गर्नुपर्नेमा वन विकास कोषमा रकम जम्मा गर्नाले सम्झौताको उद्देश्य पुरा भएको देखिँदैन। वन विकास कोषमा दाखिला भएको रकमबाट वृक्षारोपण हुनुपर्दछ।

२०. **वन क्षेत्रको प्रयोग** - वन ऐन, २०७६ को दफा ४२ (४) बमोजिम स्वीकृति प्राप्त योजना, आयोजना वा उद्योग सञ्चालनको लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न दिँदा त्यस्तो योजना, आयोजना वा उद्योगले जति वनक्षेत्र प्रयोग गर्ने हो कम्तीमा त्यति नै क्षेत्रफल बराबरको निजी जग्गाको व्यवस्था गर्न, त्यस्तो जग्गामा वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्न र आयोजना सञ्चालन गर्दा हटाईने रुखको पाँच गुणाको दरले वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा

सम्भार गर्नको लागि आवश्यक पर्ने तोकिए बमोजिमको दफा ४५ बमोजिमको वन विकास कोषमा जम्मा गर्नु पर्नेछ। वन विभाग र सगरमाथा विमानस्थलको भौतिक पूर्वाधार निर्माण आयोजनाबीच २०७८।१०।२४ मा विमानस्थल आयोजनाले वन क्षेत्र प्रयोग बापत १५६.११ हेक्टर क्षेत्रफल भन्दा कम नहुने गरी प्रबर्द्धकले वन विकास गर्नका लागि नेपाल सरकारलाई सट्टा स्वरूप जग्गा उपलब्ध गराउनु पर्ने सो अनुरुप जग्गा उपलब्ध नभएमा वन विकासको लागि आवश्यक पर्ने रकम आयोजनाले ऐनले तोकेको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। सम्झौता बमोजिम सगरमाथा विमानस्थलको भौतिक पूर्वाधार निर्माण गर्न १०५ हेक्टरमा रहेको १८ हजार ४२३ थान रूख कटानी गर्न तथा ५० हेक्टर वन क्षेत्र प्रयोग गर्न वन तथा भू-संरक्षण विभागले अनुमति दिएकोमा सो बापतको रोयल्टी २०७९।८० मा रु.४३ करोड ९२ लाख वन विकास कोषमा जम्मा गर्न वन तथा भू-संरक्षण विभागबाट २०८०।१।३ मा डिभिजन वन कार्यालय उदयपुर, गाईघाटलाई पत्राचार भएकोमा उक्त रकम हालसम्म जम्मा भएको पाइएन। सम्झौता बमोजिमको रकम असुल हुनुपर्दछ।

२१. **फरक सूत्रको प्रयोग** - वन नियमावली, २०७९ को अनुसूची ९ मा गोलिया काठको आयतन निकाल्दा हुवर सूत्र अनुसार घनफिटमा निकाल्नु पर्ने व्यवस्था रहेकोमा २०८१।२।३१ को दोस्रो संशोधनले क्वार्टर गर्थ सूत्र बमोजिम निकाल्नु पर्ने व्यवस्था गरेको देखिन्छ। साथै सोही नियमावलीको अनुसूची ९(४) को द्रष्टव्य (२) मा यो खण्ड प्रारम्भ हुनु अघि सङ्कलन भई घाट गद्दीमा रहेका तर बिक्री प्रक्रियामा नगएका गोलिया काठको हकमा क्वार्टर गर्थ सूत्र अनुसार पुनःमूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। डिभिजन वन कार्यालय, मोरङ अन्तर्गत रहेको पथरी शनिश्चरे साझेदारी वनले गोलिया काठ सङ्कलनको लागि हुवर सूत्र बमोजिम सङ्कलन गरेको काठ नियमावलीमा भएको दोस्रो संशोधन बमोजिम क्वार्टर गर्थ सूत्र बमोजिम पुनःगणना गर्दा करिव २१ प्रतिशत काठ न्यून मूल्याङ्कन गरी बिक्री गरेको देखिन्छ। यसरी फरक सूत्र प्रयोग गर्दा सरकारलाई प्राप्त हुने राजस्व समेत कम हुने देखिन्छ। काठको वास्तविक आयतन प्राप्त हुने सुत्रको सम्बन्धमा सम्बन्धित निकायले पुनः यकिन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, सोझै खरिद गरेको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः

➢ सरकारी कार्यालयतर्फ १९ निकायको यो वर्ष रु.५ करोड १५ लाख २८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पछि रु.४२ लाख १५ हजार फर्स्यौट भई रु.४ करोड ७३ लाख १३ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- ग्रामीण तथा सहरी विकास योजना तर्जुमा, ग्रामीण तथा सहरी पूर्वाधार निर्माण, सञ्चालन र मर्मत संभार,
- ग्रामीण तथा सहरी आवास/भवन योजनाहरूको कार्यान्वयन र नियमन,
- प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक पूर्वाधार र व्यवस्थापन नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशभित्र भवन निर्माण प्रविधिको प्रवर्धन,
- प्रदेशस्तरमा भवनसंहिताको कार्यान्वयन र नियमन,
- प्रदेशको राजधानी शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन र संयोजन,
- भौगर्भिक अध्ययन, सुरक्षित बसोबास, बस्ती एकीकरण र स्थानान्तरण प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- रज्जुमार्ग, जलमार्ग, लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
- प्रदेश लोकमार्गसम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन,
- सडक, पुल, झोलुङ्गे पुल भौतिक पूर्वाधार व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन,
- फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई प्राविधिक सहयोग र समन्वय,
- आदिबासी, सीमान्तकृत, गरिब, लोपोन्मुख, जेष्ठनागरिक लक्षित आवास नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय मातहतका १२ सरकारी कार्यालयको निम्नानुसार रु.९ अर्ब ७२ करोड ६५ लाख ७५ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
७६५७२६२	२७२७८१	१३७४८५७	४२१६७५	९७२६५७५

२. **बजेट तथा खर्च** - वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालुखर्च				
२११०० पारिश्रमिक/सुविधा	१९६५४०	१९६५४०	१०३२७३	५२.५५
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	४६७४	४६७४	८२४	१७.६२
२२१०० सेवा महसुल	१४५७२	१३५७२	९१४९	६७.४१
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	६४७१०	६५७६०	५७०५७	८६.७७
२२३०० कार्यालय सामान तथा सेवा	३२४६८	३१८१८	२८६६२	९०.०८
२२४०० सेवा तथा परामर्श खर्च	७५३५५	६६४५५	३४०२७	५१.२०
२२५०० कार्यक्रम सम्बन्धी खर्च	२६५७१	१६५७१	४४५७	२६.९०
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	२०२२५	२०७२५	१७३७०	८३.८१
२२७०० विविध खर्च	२७४४४	२६७४४	१५२०८	५६.८६
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१६४७९	१६१७९	१२०१४	७४.२६
२८२०० फिर्ता खर्च	०	३०५	३०५	१००.००
जम्मा	**४७९०३८**	**४५९३४३**	**२८२३४५**	**६१.४७**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	९९२५१२७	१०७०७२६९	८२१०६५१	७६.७१
३१४०० प्राकृतिक सम्पत्ति	११०००	१३६००	३२६२	२३.९८
जम्मा	**९९३६१२७**	**१०७२०८६९**	**८२१३९१३**	**७६.६४**
कुल जम्मा	**१०४१५१६५**	**१११८०२१२**	**८४९६२५८**	**७६.०२**

उल्लिखित विवरण अनुसार चालुतर्फ ६१.४७ प्रतिशत, पुँजीगततर्फ ७६.६४ प्रतिशत र समग्रमा ७६.०२ प्रतिशत खर्च भएको छ।

३. **लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३६(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। भौतिक पूवाधार विकास मन्त्रालय, कोशी प्रदेश, मोरङ र सहरी विकास तथा भवन कायालय मोरङको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.८३ करोड ८९ लाख ९६ हजार, राजस्वतर्फ रु.८४ लाख ७९ हजार, धरौटीतर्फ रु.११ करोड ८५ लाख ४२ हजार र कार्य सञ्चालन कोषतर्फ रु.१८ लाख ५९ हजार समेत रु.९६ करोड ७८ लाख ७६ हजारको लेखापरीक्षण गरिएको छैन।

४. **दोहोरो नापी किताव -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, पाँचथरले गुफा भुजे देउराली चाँगे दोभान जोड्ने सडकको चेनेज ०+००० देखि ०७+३५० को काममा प्रिमिक्स कार्पेटको लागि बेस कोर्स तयारी कार्यमा रु.९ लाख २३ हजार भुक्तानी गरेको छ। सुरु चेनेज क्षेत्रमा पर्ने चेनेज ७+१०० देखी ७+२०० सम्मको सडक निर्माण कार्यको भुक्तानी गर्दा पहिला भुक्तानी भएको कालोपत्रे एवम् बेस कोर्सको कार्यमा दोहोरो पर्ने गरी रु.९ लाख २३ हजार भुक्तानी दिएको छ। दोहोरो भुक्तानी असुल गर्नुपर्दछ।

५. **विशेष परिस्थितिमा खरिद** - पूर्वाधार विकास कार्यालय, पाँचथरले फेमे खोला पुल वाढीले वगाए पश्चात कावेली खोलमा रहेको सङ्घीय सरकार अन्तर्गतको वेलीब्रिजको काम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको २०८२।१।९ को निर्णय अनुसार कोशी प्रदेश सरकारलाई हस्तान्तरण गर्ने निर्णय गरेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयले २०८२।१।३१ मा फेमे खोला पुल विशेष परिस्थितमा निर्माण गर्न अनुमति दिएकोमा उक्त कार्यको लागि रु.१ करोड ५९ लाख ९९ हजार लागत अनुमान स्वीकृत गरी एक निर्माण व्यवसायीसँग तीन महिना तीनदिनभित्र निर्माण सम्पन्न गर्ने गरी २०८२।२।२६ मा रु.१ करोड ३९ लाख ८३ हजारको सम्झौता गरेको छ। डिभिजनले हालसम्म निर्माण व्यवसायीलाई रु.२५ लाख ९९ हजार भुक्तानी गरेको र २०८२ पौष २३ सम्मका लागि अवधि थप भएको छ। हालसम्म निर्माण कार्यको वित्तीय प्रगति १० प्रतिशत र भौतिक प्रगति २५ प्रतिशत रहेको छ। विशेष परिस्थितिमा निर्माण कार्य गर्न गरेको सम्झौताको म्याद १०० प्रतिशतभन्दा बढी थप गर्नु उपयुक्त देखिदैन। समयमा निर्माण सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्दछ।

६. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक १२ महिना भन्दा बढी अवधिको खरिद सम्झौतामा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। मूल्य समायोजन सम्वन्धमा देखिएका मुख्य बेहोरा निम्नानुसार छन्:

६.१. पूर्वाधार विकास कार्यालय, ओखलढुंगाले एक निर्माण व्यवसायीलाई खरिद सम्झौताको विशेष सर्तको ५३.७ मा मूल्य समायोजन दिने व्यवस्था नदेखिएतापनि १२ औँ रनिङ्ग बिलसम्म मूल्य समायोजन रु.९२ लाख ३४ हजार भुक्तानी गरेकोले सो रकम असुल गर्नुपर्दछ।

६.२. पूर्वाधार विकास कार्यालय, मोरङले एक निर्माण व्यवसायीलाई अघिल्लो बिल सम्मको मूल्य समायोजन रु ६८ लाख २२ हजार घटाउनु पर्नेमा रु ४१ लाख ७७ हजार घटाएको कारण मूल्य अभिवृद्धि कर समेत रु.२९ लाख ९९ हजार र अर्को निर्माण व्यवसायीलाई मूल्य समायोजन बापत रु.९ लाख ८६ हजार घटाई छैठौं रनिङ बिलको मूल्य समायोजन गणना गर्नुपर्नेमा रु.६ लाख १३ हजार घटाई गणना गरेकोले मूल्य अभिवृद्धि कर सहित रु.४ लाख २२ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

७. **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम एक करोड रुपैँयासम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, ओखलढुंगाले फेरिचेखोला पुल निर्माणका लागि मूल्य अभिवृद्धि कर समेत रु.१ करोड ४ लाख ६० हजारको लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग लागत अनुमान बराबरको खरिद सम्झौता गरी २०८१।८।१० सम्म म्याद थपगरी सम्पन्न गरेको छ। कार्यालयले खरिद सीमाभन्दा रु.४ लाख ६० हजार बढीको कार्य नियमसम्मत देखिएन।

८. **कटिङ कार्य** - सडक विभागको स्ट्याण्डर्ड स्पेशिफिकेसन अफ रोड एण्ड ब्रिज २०७३ को बुँदा नं ९१७ मा सडक निर्माण गर्दा कटिङ र फिलिङको परिमाण नापी गर्दा एउटा चेनेजमा कटिङ र फिलिङ गर्नुपरेमा कटिङ गर्दा फिलिङ गर्ने गरी कटिङ गर्नुपर्ने र कटिङ परिमाणमा फिलिङको परिमाण घटाई नापी तयार गरी भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। पूर्वाधार विकास कार्यालय, उदयपुरले ४ निर्माण कार्यका लागि ४ व्यवसायीलाई ठेक्कामा माटो फिलिङ गरी इम्बेङ्कमेन्ट तयार गर्ने कार्यको लागि माटो कटानमा फिलिङको परिमाण नघटाई रु.३७ लाख ६३ हजार भुक्तानी दिएको छ। पहाडी क्षेत्रमा सडक कटिङबाट इम्बेङ्कमेन्टको लागि उपयुक्त माटो नभएकाले कटिङ र

फिलिङको अलग नापी गरी भुक्तानी भएको यकिन गरी कटिङ्गको माटो प्रयोग गर्न योग्य नरहेको प्रमाण पेस नभएमा व्यवसायिबाट असुल गर्नुपर्दछ।

९. **अस्फाल्टको काम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा नापजाँचका आधारमा गर्नुपर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, मोरङले भाउन्ने आमतोला सडक स्तरोन्नति कार्यका लागि एक निर्माण व्यवसायीलाई ११ औँ बिलबाट अस्फाल्टको १४१.६६ घनमिटर भुक्तानी गर्नुपर्नेमा ४४६.५२ घनमिटरको प्रति एकाई रु.१३ हजारका दरले ३०४.८६ घनमिटरको भुक्तानी गर्दा मुल्य अभिवृद्धि करसमेत रु.४४ लाख ७८ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

१०. **भुक्तानी अवस्था -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा नापजाँचका आधारमा गर्नुपर्ने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, मोरङले मिति २०७६।६।२४ मा रु.३१ करोड ६४ लाख ७५ हजारमा सम्झौता गरेको विर्जुदिखी गढी गाउँपालिका जोडने सडक निर्माण कार्यको १० औँ बिलसम्म मूल्य समायोजन समेत रु.२८ करोड ५८ लाख २६ हजार भुक्तानी गरेपछि २०८२।३।२५ मा ११ औँ रनिङ्ग बिल गणना गर्दा १० औँ रनिङ्ग बिल सम्मको सम्पन्न कामको बिल रु.२८ करोड ६ लाख ५ हजार खर्च मौज्दात सारेको कारण रु.५२ लाख २१ हजार बढी भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ।

११. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता बमोजिमको काम तोकिएको अवधिमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। सम्झौताको विशेष सर्त अनुसार तोकिएको अवधिमा कार्यसम्पन्न नभएको अवस्थामा सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। सहरी विकास तथा भवन कार्यालय, ओखलढुंगाले थुलुङ दुधकोशी आवासीय भवन निर्माण कार्य गर्ने खरिद सम्झौताको सुरु म्याद २०८१।५।५ सम्म रहेकोमा सो अवधिमा निर्माण कार्य सम्पन्न नभएकोले २०८१।११।६ सम्म म्याद थप गरेको छ। व्यवसायीलाई २०८२।३।२० मा नापी भएको चौँथो रनिङ बिलको भुक्तानी गर्दा अवधि थप नगरी विलम्ब अवधि १३६ दिनको सम्झौता रु.१ करोड १८ लाख ९९ हजारको प्रति दिन ०.०५ प्रतिशतका दरले हुन आउने पूर्वनिर्धारित क्षतिपूर्ति रु.८ लाख ९ हजार हर्जना लगाएको छैन। खरिद कानुनको पालना गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा मूल्य समायोजन, बढी भुक्तानी, परामर्श सेवा खरिद तथा कार्यान्वयन, जनता आवास कार्यक्रमको न्यून प्रगति, बहुवर्षीय आयोजनाको दायित्व, ढिलो बजेट समर्पण, बजेटको कमजोर कार्यान्वयन लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण** - मन्त्रालय र मातहत ११ निकायको यो वर्ष रू.३२ करोड ३९ लाख ७५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ करोड २८ लाख २२ हजार फर्स्यौट तथा रु.३१ लाख ९७ हजार थप भई रु.२९ करोड ४३ लाख ५० हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रु.१ करोड ८५ लाख म्याद नाघेको पेस्की रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची**-९ मा संलग्न छ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकको हकहित सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकको अधिकार सम्बन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,
- लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन,
- बालमैत्री शासकीय प्रबन्ध, सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बालसुधार तथा पुनर्स्थापना,
- प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय र अशक्त बालबालिका र महिला सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन,
- प्रदेशभित्रका गैरसरकारी सङ्घ संस्थाहरूको अभिलेख व्यवस्थापन र समन्वय,
- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,
- युवा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत ८ सरकारी कार्यालयको निम्नानुसार रु.९८ करोड ९५ लाख ४९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
९५२३७८	१५१८४	३७१०	१८२७७	९८९५४९

यो वर्ष ९ समिति तथा संस्थाको रु.१ अर्ब ६ करोड ५० लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट तथा खर्च** - वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार बजेट तथा खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु. हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	२३०५३३	२२८४६३	१४५७१२	६३.७८
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१३०८	१३०८	३१८	२४.२८
२२१०० सेवा महसुल	८९२१	९५३३	६९७७	७३.१९
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२५६९६	२५२९६	२२०७२	८७.२६
२२३०० कार्यालय सामान तथा सेवा	३५४१९	३५६१९	३२२८०	९०.६३
२२४०० सेवा तथा परामर्श खर्च	५२७२३	५२३८३	४२८१८	८१.७४
२२५०० कार्यक्रम सम्बन्धी खर्च	४०९८५२	४०९४७२	२७३३७४	६६.७६
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	१६१५९	१६१४४	११७४३	७२.७४
२२७०० विविध खर्च	९३९०	९३९०	५८९४	६२.७६
२५३०० अन्य सहायता	७२०	७२०	७२०	१००.००
२६४०० सामाजिक सेवा अनुदान	३५२१६४	३०२७३९	२८५४८०	९४.३०
२७२०० सामाजिक सहायता	२६८८५	२९३८५	२४६६१	८३.९२
२८१०० सम्पत्ति सम्बन्धी खर्च	५३६६	५३६६	४००७	७४.६७
जम्मा	**११७५१३६**	**११२५८१८**	**८५६०५५**	**७६.०४**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१४९०८०	१४४५६५	९६३२३	६६.६३
कुल जम्मा	**१३२४२१६**	**१२७०३८३**	**९५२३७८**	**७४.९७**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७६.०४ प्रतिशत, पुँजीगततर्फ ६६.६३ प्रतिशत र समग्रमा ७४.९७ प्रतिशत खर्च भएको छ।

३. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ को उपदफा २ मा प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। बजेट प्रस्ताव गर्दा मध्यमकालीन खर्च संरचनालाई समेत ध्यानमा राख्नु पर्ने उल्लेख छ। मध्यमकालीन खर्च संरचना अनुसार आर्थिक वर्ष २०८१।८२ को लागि रु.१ अर्ब ८० करोड बजेट प्रक्षेपण गरेकोमा २०८१।८२ को वार्षिक बजेटमा रु.१ अर्ब ३२ करोड ४२ लाख १६ हजार समावेश गरेर रु.९५ करोड २३ लाख ७८ हजार मात्र खर्च गरेको छ। यसरी पञ्चवर्षीय योजना र वार्षिक योजनाबीच तादात्म्यता कायम गर्ने र विषयगत मन्त्रालय तथा निकायका बजेट बाँडफाँटलाई वस्तुपरक र यथार्थपरक बनाउनु मध्यमकालीन खर्च संरचनाको उद्देश्य रहेकोमा प्रक्षेपणले सो विषयलाई आत्मसात गरेको देखिदैन। मन्त्रालयले तयार गरेको मध्यमकालीन खर्च संरचना (२०८०।८१ देखि २०८२।८३) बमोजिम आर्थिक वर्ष २०८१।८२ को लागि प्रक्षेपण गरेको र वास्तविक विनियोजनको अवस्था देहाय बमोजिम रहेको छ।

(रु. हजारमा)

मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण			बजेट विनियोजन			प्रक्षेपणको तुलनामा न्यून बजेट
चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	
१५०००००	३०००००	१८०००००	११७५१३६	१४९०८०	१३२४२१६	४७५७८४

मन्त्रालयमा मध्यमकालीन खर्च संरचनाले आर्थिक वर्ष २०८१।८२ को लागि प्रक्षेपण गरेको भन्दा रु.४७ करोड ५७ लाख ८४ हजार घटी बजेट विनियोजन भएको देखिन्छ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेटबीच तादात्म्यता कायम गर्नु पर्दछ।

४. **वार्षिक नीति तथा कार्यक्रम -** आर्थिक वर्ष २०८१।८२ को वार्षिक क्षेत्रगत नीति तथा कार्यक्रम र बजेटमा उल्लेख भएका भोटखोला आवासीय विद्यालय स्थापना र सञ्चालन सहित, भाषा संस्कृति र पुरातत्व सम्बन्धी नीति निर्माण गरी यस क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई प्रोत्साहित गर्ने, प्रदेशमा प्रचलनमा रहेको भाषा, लिपिहरूको संरक्षण र सम्वर्धन गर्न, सांस्कृतिक, ऐतिहासिक तथा पुरात्तात्विक सम्पदाहरूको संरक्षण, सम्वर्धन र विकास गर्न तथा भाषा आयोगले सिफारिस गरेका भाषाहरूलाई प्रादेशिक सरकारी कामकाजको भाषाको रूपमा कार्यान्वयन गरिने, सामुदायिक विद्यालयका विद्यार्थीहरूको दिवाखाजाका लागि रैथाने बालीको संरक्षण र प्रोत्साहन गर्नका लागि स्थानीय उत्पादनको प्रयोग गरी खाजा व्यवस्थापनका लागि स्थानीय तह मार्फत विद्यालयहरूलाई प्रोत्साहन गर्ने, प्रदेशमा विज्ञान पार्क तथा प्लानेटोरियम स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्ने, विद्यालय शिक्षाको अवसर सबैलाई उपलब्ध गराइ शिक्षालाई गुणस्तरीय र नतिजामूलक बनाउने, प्रदेश शिक्षाक्षेत्रको नीति र योजना तर्जुमा, कक्षा १० को परीक्षा प्रदेश तहबाटै व्यवस्थापन गर्न आवश्यक नीतिगत तथा संरचनागत विकास गर्ने, सङ्घीय सरकारसँगको सहकार्यमा बैजनाथपुर क्रिकेट रंगशालाको निर्माण गरी प्रदेश सरकार मातहत सञ्चालनमा ल्याउने, प्रदेशमा खेलकुद पूर्वाधारको विकास र खेलकुद गतिविधि सञ्चालन र खेल क्षेत्रको विकास एवं खेलाडीको क्षमता विकास गर्न पाँचथर रंगशाला निर्माण गर्ने, झापा जिल्ला कमल गाउँपालिका स्थित आदिवासी जनजाति रंगशालालाई प्रादेशिक रंगशालाको रूपमा विकास गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन भएका छैनन्।

५. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को परिच्छेद ९ मा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ। मन्त्रालय र मातहतको लागि विनियोजित बजेट रु.१ अर्ब ३२ करोड ४२ लाख १६ हजार रहेकोमा रकमान्तरबाट घट भई रु.१ अर्ब २७ करोड ३ लाख ८३ हजार अन्तिम बजेट कायम भएकोमा रु.९५ करोड २३ लाख ७८ हजार(७४.९७ प्रतिशत) खर्च भएको, खर्चमध्ये चालु तर्फ रू.१ अर्ब १२ करोड ५८ लाख १८ हजार विनियोजन भएकोमा रू.८५ करोड ६० लाख ५५ हजार (७६.०४ प्रतिशत) तथा पुँजीगततर्फ रू.१४ करोड ४५ लाख ६५ हजार विनियोजन भएकोमा रू.९ करोड ६३ लाख २३ हजार (६६.६३ प्रतिशत) गरी जम्मा रु.९५ करोड २३ लाख ७८ हजार खर्च भएको छ। स्वीकृत कार्यक्रम अनुसार बजेट खर्च गर्नुपर्दछ।

६. **कानुन निर्माण तथा कार्यान्वयन -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ को नियम ४ मा मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका विविध कानुन निर्माण गर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार हालसम्म ३ नीति/रणनीति, ७ ऐन, ४ नियमावली, १४ कार्यविधि, ८ निर्देशिका, ९ मार्गदर्शन, २ गठन आदेश र २ मापदण्ड समेत ४९ कानुन तर्जुमा भएको देखिन्छ। मन्त्रालयको कार्यविभाजन अनुसार यस वर्ष प्राविधिक धारमा सामुदायिक विद्यालयमा कृषि विज्ञान पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८२, स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरूको कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८२, अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८२, डिजिटल सिकाई सामग्री र भर्चुअल/भौतिक उपस्थिति मोडेलबाट पठनपाठन कार्यक्रम सम्बन्धी विस्तृत मार्गदर्शन, २०८२, हलेसी महादेव स्थान विकास समिति (गठन) आदेश, २०८१, बृहत्तर बराहक्षेत्र विकास समिति (गठन) आदेश, २०८१ समेत ६ कानुन निर्माण भएको देखिन्छ। तर्जुमाको चरणमा रहेका नीति तथा विधेयकहरू प्रदेश सभामा विचाराधीन रहेको र विभिन्न क्षेत्रसँग सम्बन्धित ९ कार्यविधिहरू निर्माणको क्रममा रहेको विवरण पेस भएको छ। मन्त्रालयबाट कार्यक्षेत्रसँग सम्बन्धित आवश्यक सबै प्रकारका कानुन तर्जुमा गर्नेतर्फ ध्यान दिनुपर्दछ।

७. **कार्यसम्पादन अवस्था -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ को अनुसूची-२ बमोजिम यस मन्त्रालयलाई तोकिएका कार्यहरूमध्ये शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, प्रदेशस्तरमा पुस्तकालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम सम्बन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन, प्रदेशस्तरमा विद्यालयतहको शिक्षकको सेवा सर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन, बालमैत्री शासकीय प्रबन्ध, सेवा प्रवाह, बाल उद्धारकोष व्यवस्थापन, ज्येष्ठ नागरिक हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन, सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, ऐतिहासिक महत्त्वका धार्मिक, सास्कृतिक धरोहर संरक्षण सम्बन्धी नीति र कानुन तर्जुमा र प्रदेश भित्र रोजगारी प्रवर्धन सम्बन्धमा स्थानीय तहसँग समन्वय र सहकार्य लगायतका कार्यहरू हालसम्म सम्पादन हुन बाँकी रहेको छ। कार्य विभाजन नियमावली बमोजिम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

८. **विद्यालय शिक्षामा वित्तीय हस्तान्तरण -** नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूची अन्तर्गत आधारभूत र माध्यमिक शिक्षा रहेको तर अनुसूची ६ मा रहेको प्रदेशको अधिकार सूची भित्र आधारभूत र माध्यमिक शिक्षा रहेको देखिदैन। कोशी प्रदेश (कार्यविभाजन) नियमावली, २०७९ को अनुसूची २ मा तोकिएको सामाजिक विकास मन्त्रालयको काम, कर्तव्य र अधिकारमा पनि विद्यालय शिक्षा तर्फ माध्यमिक तहको परीक्षा व्यवस्थापन लगायतको कार्य रहे तापनि विद्यालय शिक्षाको लागि वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था छैन। मन्त्रालयले अधिकार क्षेत्र भन्दा बाहिर आर्थिक वर्ष २०८१।८२ मा प्रदेशका विभिन्न विद्यालयहरूमा रु.२० करोड ९२ लाख विद्यालय शिक्षाको लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण गरेको छ। संविधानले दिएको अधिकार र

कार्यविभाजन नियमावलीले तोकेको काम, कर्तव्य र अधिकारलाई प्राथमिकतामा राखी कार्यसम्पादन गर्नुपर्दछ।

९. **विशेष सीप विकास तालिम -** व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ५ मा तालिमको प्रभाव मूल्याङ्कनको व्यवस्था छ। व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, ओखलढुङ्गाले यस वर्ष विशेष सीप विकास तालिम अन्तर्गत ४ समूहलाई ४ विधामा तालिम सञ्चालन गरी ४ तालिम प्रदायक संस्थालाई रु.१३ लाख ३ हजार भुक्तानी गरेको छ। यस कार्यक्रम अन्तर्गत ३६१ जना प्रशिक्षार्थीलाई कम्प्युटर, सिलाइकटाइ, केश श्रृङ्गार, सिकर्मी, ढाका बुनाई, च्याउ खेती लगायतका तालिम प्रदान गरिएकोमा उक्त प्रशिक्षार्थीहरू तालिम पश्चात सिकेको सीपको आधारमा स्वरोजगार भई आ-आफ्नो पेशा व्यवसाय सञ्चालन गरे नगरेको सम्बन्धमा अनुगमन गरी तालिम कार्यक्रमको प्रभावकारिता भए नभएको सुनिश्चित गरेको देखिएन। तालिम प्राप्त व्यक्ति स्वरोजगार भई लक्षित उद्देश्य हासिल भएको यकिन हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

समिति तथा अन्य संस्था

मनमोहन प्राविधिक विश्वविद्यालय

मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ अनुसार उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने, बहुप्राविधिक विश्वविद्यालयको अवधारणा अनुरुप प्रतिस्पर्धात्मक, गुणस्तरयुक्त, उपलब्धिमूलक र अन्तर्राष्ट्रिय विकास क्रमसँग आबद्ध गर्न सक्ने मानव संशाधन विकास गर्ने लगायतका उद्देश्यले यस विश्वविद्यालयको स्थापना भएको छ।

१०. **आय व्यय स्थिति** - विश्वविद्यालयको यस वर्षको एकीकृत आय व्यय स्थिति देहायबमोजिम रहेको छः

(रु.हजारमा)

गत वर्षको जिम्मेवारी	यस वर्षको आम्दानी		जम्मा	खर्च	बाँकी
	अनुदान	आन्तरिक आय			
१४४३१४	१९४७५०	१७०८५७	५०९९२१	३६५२९६	१४४६२५

गत वर्षको जिम्मेवारी रु.१४ करोड ४३ लाख १४ हजार अल्या भई आएकोमा यस वर्ष अनुदान र आन्तरिक आयबाट जम्मा रु.३६ करोड ५६ लाख ७ हजार गरी रु.५० करोड ९९ लाख २१ हजार आम्दानी गरेकोमा रु.३६ करोड ५२ लाख ९६ हजार खर्च गरी रु.१४ करोड ४६ लाख २५ हजार मौज्दात बाँकी देखिन्छ।

११. **लागत अनुमान** - मनमोहन प्राविधिक विश्वविद्यालयको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०७८ को नियम ६१ मा कुनै मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यससम्बन्धी स्पेशिफिकेसन, नक्सा, डिजाइन, योजना तथा अन्य आवश्यक विवरण अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, नियम ६३ मा प्रचलित कानुन अनुसार लागत अनुमान तयार गर्नुपर्ने, नियम ६४ मा तोकिएको सीमाको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने, नियम ६६ मा यसरी लागत अनुमान तयार भइसकेपछि प्रचलित कानुनमा तोकिएबमोजिमका खरिद विधि अपनाई खरिद प्रकृया अगाडि बढाउनुपर्ने व्यवस्था छ। विश्वविद्यालयले रु.२४ लाख ५२ हजारको ४ खरिद कार्य गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराएको

पाइएन। यस्तो खरिद कार्य गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरेर मात्र गर्नुपर्दछ।

प्रदेश खेलकुद विकास बोर्ड

१२. **आय व्ययको स्थिति** - बोर्डको यस वर्षको आय व्यय स्थिति देहायबमोजिम रहेको छ :

(रु.हजारमा)

गत वर्षको जिम्मेवारी	यस वर्षको आम्दानी		जम्मा	खर्च	बाँकी
	अनुदान	आन्तरिक आय			
२९४६	९८१७१	१९८८	१०३१०५	१०१११६	१९८९

गत वर्षको जिम्मेवारी रु.२९ लाख ४६ हजार, यस वर्षको अनुदान र आन्तरिक आयबाट प्राप्त रु.९ करोड ८५ लाख ५७ हजार गरी रु.१० करोड ३१ लाख ५ हजार आम्दानी गरेकोमा रु.१० करोड ११ लाख १६ हजार खर्च गरी रु.१९ लाख ८९ हजार मौज्दात बाँकी देखिन्छ।

१३. **अनुदानको अनुगमन** - खेल सङ्घ तथा खेल संस्थाहरूको दर्ता, नवीकरण सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०८१ बमोजिम प्रस्तावमा आधारित खेल सम्बन्धी सङ्घ, संस्था, क्लबहरूलाई अनुदान कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१।८२ मा विभिन्न २४ संस्थालाई रु.६९ लाख ९८ हजार अनुदान निकासा दिएको छ। बोर्डबाट अनुदान लिने संस्थाहरूले कुल लागत अनुमान बराबरको कागजात पेस नगरी अनुदान रकमको मात्र कागजात पेस गर्ने गरेको छ। यसरी अनुदान दिएको संस्थालाई स्थानीय तह र सङ्घीय सरकारबाट समेत रकम विनियोजन हुने गरेकोले एउटै प्रकृतिको कार्यक्रमा दोहोरो रकम विनियोजन नहुने सुनिश्चितताको लागि अनुगमन गरी प्रतिवेदन पेस गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, सोझै खरिद गरेको लगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः

➢ सरकारी कार्यालयतर्फ ३ निकायको यो वर्ष रु.६ करोड १७ लाख ४७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पछि रु.४ करोड ९१ लाख ८३ हजार फर्स्यौंट तथा प्रतिक्रियाबाट रु.३६ लाख ४८ हजार बेरुजु थप भई रु.१ करोड ६२ लाख १२ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

➢ सङ्गठित संस्था एवम् समितितर्फ ५ निकायमा यो वर्ष रु.६८ लाख ९३ हजार बेरुजु देखिएकोमा रु.२५ लाख ८३ हजार फर्स्यौंट भई रु.४३ लाख १० हजार बाँकी रहेको छ। सोमध्ये रु.८ लाख म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

स्वास्थ्य मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन, नियमन तथा प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशमा स्वास्थ्य सेवामा आबद्ध जनशक्तिको विकास र व्यवस्थापन सम्बन्धी कार्ययोजनाको निर्माण, कार्यान्वयन र अनुगमन,
- प्रदेशभर स्वास्थ्य सेवामा प्रभावकारिता ल्याउन स्वास्थ्य जनशक्तिको अभिलेख व्यवस्थापन सहित समुचित वितरण र परिचालन,
- स्वास्थ्य सम्बन्धी विपद् तथा महामारी पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण र कार्यान्वयन,
- प्रदेशमा स्वास्थ्य प्रयोगशालाको मापदण्ड तथा गुणस्तर निर्धारण र अनुगमन,
- ग्रामीण क्षेत्रमा स्वास्थ्य घुम्ती शिविर सम्बन्धी कार्ययोजना निर्माण, कार्यान्वयन तथा अनुगमन,
- स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृद्धिका लागि सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य,
- स्वास्थ्यकर्मीको आचारसंहिता निर्माण, कार्यान्वयन तथा अनुगमन,
- प्रदेशमा स्वास्थ्यको भौतिक संरचना, स्वास्थ्य उपकरण, एम्बुलेन्स, शवबाहन र सम्पत्तिको प्रादेशिक अभिलेखको निर्माण र सोको समुचित व्यवस्थापन,
- नागरिकलाई अत्याधुनिक तवरले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति,
- प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,
- स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेशागत सङ्घ संस्थाको अभिलेख व्यवस्थापन र नियमन,
- प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,
- राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र नियमन,
- राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियममन लगायत।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत ३४ सरकारी कार्यालयको निम्नानुसार रु.३ अर्ब ५४ करोड ६१ लाख ६७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२४०३१७१	३९६५९	७०९११	१०३२४२६	३५४६१६७

यो वर्ष १५ समिति र अन्य संस्थाको रु.४ अर्ब ४६ करोड ९४ लाख ८८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट तथा खर्च -** वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार बजेट तथा खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	८०५७२५	८११०३८	५१५२५०	६३.५३
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	५९५८	५९५८	२६१२	४३.८४
२२१०० सेवा महसुल	६३४८६	६९५९८	६१४८६	८८.३४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	८५३३०	८६५५०	८१५०७	९४.१७
२२३०० कार्यालय सामान तथा सेवा	५९०८५	६१०८०	५७८६४	९४.७३
२२४०० सेवा तथा परामर्श खर्च	४६३२१६	४४८२७६	३६८९४१	८२.३०
२२५०० कार्यक्रम सम्बन्धी खर्च	१०५९७५१	१०४९७३१	७३४८०१	७०.००
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	२८७३९	२५२३०	१९३५८	७६.७३
२२७०० विविध खर्च	६५९०२	७२६५३	६४६३४	८८.९६
२६४०० सामाजिक सेवा अनुदान	१५०००	१५०००	१४३५९	९५.७३
२७१०० सामाजिक सुरक्षा	७३२७३	१२७२७३	९९७०५	७८.३४
२७२०० सामाजिक सहायता	१७२९१०	१७५९४८	१५०९९७	८५.८२
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१५९४४	१६१८४	१२८८९	७९.६४
२८२०० फिर्ता खर्च	०	९००	९००	१००.००
जम्मा	**२९१४३१९**	**२९६५४१९**	**२१८५३०४**	**७३.६९**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	४६३१७३	४६६९७३	२१७८६७	४६.६६
कुल जम्मा	**३३७७४९२**	**३४३२३९२**	२४०३१७१	**७०.०१**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७३.६९ प्रतिशत, पुँजीगततर्फ ४६.६६ प्रतिशत र समग्रमा ७०.०१ प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना कार्यान्वयनको अवस्था -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६(२) मा प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने र आयोगले समग्र प्रदेशको मध्यमकालीन खर्च संरचना तर्जुमा गरी मन्त्रालयको वार्षिक बजेट तथा कार्यक्रम मार्फत आवधिक योजनाको कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) ले मन्त्रालयसँग सम्बन्धित पहिलो आर्थिक वर्षमा भएको सूचकको उपलब्धि अनुसार आधारभूत, विशिष्टिकृत र गुणस्तरीय स्वास्थ्य सेवा सञ्चालन गर्ने लक्ष्य अनुसार घुम्ती शिविर सञ्चालन, कोशी प्रदेशमा रहेका ५७० एम्बुलेन्समध्ये ९७ मा जी.पी.एस.जडान भएको, एकीकृत स्वास्थ्य प्रणाली सुनिश्चित गर्न कोशी आयुर्वेद प्रतिष्ठानको रूपमा विकास, पोषण विशेष लगाएतका प्रवर्धनात्मक कार्यहरूमा अपेक्षित प्रगति हुन सकेको देखिएन। मन्त्रालयले आवधिक योजनाले लिएको लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६(२) मा प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले तयार गरेको मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम यो वर्षको लागि प्रक्षेपण गरेको र वास्तविक विनियोजनको अवस्था देहाय बमोजिम रहेको छ।

(रु.हजारमा)

मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण				बजेट विनियोजन			प्रक्षेपणको तुलनामा घटी बजेट
चालु	पुँजीगत	वित्तीय व्यवस्था	जम्मा	चालु	पुँजीगत	जम्मा	
२९१३३१९	४६३१७३	२१००००	३५८६४९२	२९१४३१९	४६३१७३	३३७७४९२	२०९०००

मन्त्रालयमा मध्यमकालीन खर्च संरचनाले यो वर्षको लागि वित्तीय व्यवस्था समेत प्रक्षेपण गरेको देखिए तापनि प्रक्षेपण भन्दा रु.२० करोड ९० लाख घटी विनियोजन गरेको देखिन्छ। मध्यमकालीन खर्च संरचना र बजेटबीच तादात्म्यता कायम गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रम -** आर्थिक वर्ष २०८१।८२ को वार्षिक क्षेत्रगत नीति तथा कार्यक्रममा प्रभावकारी एम्बुलेन्स ट्रयाकिङ सिस्टम, दुर्गम जिल्लाका लक्षित नागरिकसम्म स्वास्थ्य सेवाको पहुँच वृद्धिका लागि प्रदेश घुम्ती स्वास्थ्य शिविर कार्यक्रम, उद्योगमा काम गर्ने व्यक्तिहरूको स्वास्थ्य सुरक्षा प्रवर्धनको लागि पेशागत स्वास्थ्य सुदृढीकरण, प्रदेश र स्थानीय तह मातहतका सबै स्वास्थ्य संस्थाहरूको एकीकृत नेटवर्क तयार गरी सबै अस्पतालमा विद्युतीय स्वास्थ्य सूचना तथा अभिलेख प्रणालीको विकास गर्ने कार्य भएको देखिएन। समयमै पृष्ठपोषण लिई कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनुपर्दछ।

६. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३(३) मा प्रदेश विनियोजन ऐनमा समावेश भएको रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र पन्ध्रभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने उल्लेख छ। मन्त्रालयको रु.२४ करोड ५० लाख ६६ हजार समेत मन्त्रालय र मातहतका कार्यालयको लागि रु.३ अर्ब ३७ करोड ८३ लाख ९२ हजार विनियोजन भएकोमा रकमान्तरबाट रु.५ करोड ४० लाख थप भई रु.३ अर्ब ४३ करोड २३ लाख ९२ हजार अन्तिम बजेट कायम भएर रु.२ अर्ब ४० करोड ३१ लाख ७१ हजार खर्च भएको छ। कायम बजेटबाट खर्च नभएको रु.१ अर्ब २ करोड ९२ लाख २१ हजार बजेट समर्पण नगर्दा बजेट निष्क्रिय रहेको देखिन्छ। समयमै बजेट समर्पण गर्ने गराउनेतर्फ मन्त्रालयले ध्यान दिनुपर्दछ।

७. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ देखि ५७ मा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने, बेरुजु फर्स्यौट गर्ने गराउने, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा कार्यालय प्रमुख, विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ। मन्त्रालय र मातहतको लागि शुरु बजेट रु.३ अर्ब ३७ करोड ७४ लाख ९२ हजार रहेकोमा रकमान्तरबाट थप भई रु.३ अर्ब ४३ करोड २३ लाख ९२ हजार अन्तिम बजेट कायम भएकोमा चालु तर्फ रु.२ अर्ब ९६ करोड ५४ लाख १९ हजार विनियोजन भएकोमा रु.२ अर्ब १८ करोड ५३ लाख ४ हजार (७३.६९ प्रतिशत) र

पुँजीगत तर्फ रु.४६ करोड ६९ लाख ७३ हजारमा रु.२१ करोड ७८ लाख ६७ हजार (४६.६६ प्रतिशत) गरी जम्मा रु.२ अर्ब ४० करोड ३१ लाख ७१ हजार (७०.०१ प्रतिशत) खर्च भएको छ। बजेट बनाउँदा कार्यान्वयनको सुनिश्चितता नहुने र सञ्चालन हुन नसक्ने योजना तथा कार्यक्रममा बजेट व्यवस्था गर्ने, वर्षान्तमा रकमान्तर गर्ने, समयमा बजेट समर्पण नगर्ने लगायतका कारणले वित्तीय जवाफदेहिताको स्थिति कमजोर देखिएको छ। ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नुपर्दछ।

८. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७८(६) मा मन्त्रालयले आफ्नो र मातहत कार्यालयको सम्पत्ति तथा दायित्वको अभिलेख राखी वार्षिक विवरण असोज मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। मन्त्रालयको एकीकृत वित्तीय प्रतिवेदन अनुसार मन्त्रालय र मातहतका कार्यालय तथा अस्पताल विकास समितिको सम्पत्ति रु.१ अर्ब २४ करोड ९८ लाख ६३ हजार देखाएकोमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा विवरण अद्यावधिक गरेको छैन। सम्पत्तिको एकीकृत विवरण देखिने गरी अध्यावधिक गर्नुपर्दछ।

९. **कार्यसम्पादन अवस्था -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ को अनुसूची-२ बमोजिम मन्त्रालयलाई तोकिएका कार्यहरूमध्ये पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशभर स्वास्थ्य सेवामा प्रभावकारिता ल्याउन स्वास्थ्य जनशक्तिको अभिलेख व्यवस्थापन सहित समुचित वितरण र परिचालन, स्वास्थ्य प्रयोगशालाको मापदण्ड तथा गुणस्तर निर्धारण, स्वास्थ्यकर्मीको आचार संहिता तर्जुमा, स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेशागत सङ्घ संस्थाको अभिलेख व्यवस्थापन र नियमन, राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधिसम्बन्धी सामग्रीको उत्पादन तथा गुणस्तर र मापदण्ड निर्धारण, स्वास्थ्य सरसफाइ तथा स्वच्छता अभियानमा निजी क्षेत्रको सहभागिता प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन तथा नियमन लगायतका कार्यहरू सम्पादन हुन बाँकी रहेका छन्। आफ्नो कार्यक्षेत्रको जिम्मेवारी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

१०. **एम्बुलेन्स व्यवस्थापन -** एम्बुलेन्स सेवा निर्देशिका, २०८२ को दफा नं.९ मा एम्बुलेन्सको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था छ। निर्देशिकाको अनुसूची ५ बमोजिम प्रदेश भरिका क र ख वर्गको एम्बुलेन्समा जी.पी.एस. अनिवार्य जडान गर्नुपर्ने व्यवस्था रहेकोमा क वर्गको ५, ख वर्गको १२० र ग वर्गको ४४५ समेत ५७० एम्बुलेन्स रहेकोमा क वर्गको २ र ख वर्गको ९५ समेत ९७ एम्बुलेन्समा जी.पी.एस. जडान भएको छ। बाँकी एम्बुलेन्समा समेत जी.पी.एस. जडान गर्नुपर्दछ।

११. **आर्थिक सहायता -** आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ को बुँदा नं.५ मा विपन्न नागरिकलाई आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था छ। यो वर्ष मन्त्रालयले मृगौला प्रत्यारोपण, क्यान्सर, मुटुरोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, अल्जाइमर्स, पार्किन्सन्स्, कलेजो, मस्तिष्कघात र एप्लास्टिक एनिमिया रोगका लागि १ हजार ७ सय १५ व्यक्तिलाई बिल बीजकको आधारमा प्रतिव्यक्ति अधिकतम रु.१ लाखसम्मको उपचार रकम रु.८ करोड ८१ लाख २४ हजार निकासा खर्च लेखेको छ। निःशुल्क तथा विपन्न नागरिकको औषधि तथा कडा रोग उपचार सम्बन्धी कानुन बेगर कार्यविधिको आधारमा आर्थिक सहायता भुक्तानी गरेको उचित देखिएन।

स्वास्थ्य कार्यालयतर्फ

१२. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्नु नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा सार्वजनिक निकायले एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक तोकेको सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने उल्लेख छ। मन्त्रालय मातहत ४ कार्यालयले मालसामानको प्रकृति अनुसार एउटै प्याकेज बनाइ दरभाउपत्र वा बोलपत्र मार्फत खरिद गर्नुपर्नेमा प्रतिस्पर्धा सीमित हुने गरी रु.२ करोड ६२ लाख ३४ हजारको मालसामान, औषधि तथा औषधिजन्य सामग्री सोझै खरिद गरेको छ। सार्वजनिक खरिद ऐन तथा नियमावलीमा तोकिएको व्यवस्था अनुसार प्रतिस्पर्धा हुने गरी खरिद गर्नुपर्दछ।

१३. **तालिमको प्रभाव मूल्याङ्कन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४१(१०) मा खर्च लेखु अघि आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नुपर्ने व्यवस्था छ। स्वास्थ्य कार्यालय इलामले जिल्ला भरी प्रतिकारात्मक र प्रबर्धनात्मक स्वास्थ्य सेवा प्रदान गर्न विभिन्न १० विधामा रु.५८ लाख ६४ हजार खर्च गरी ४०९ जनालाई तालिम दिएको छ। सञ्चालित तालिमको प्रभाव मूल्याङ्कन गर्नुपर्दछ।

१४. **मेसिन जडान** - प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगरले प्रदेश भित्रका १४ अस्पतालका १४ पोर्टेवल अल्ट्रासाउण्ड मेसिनको लागत अनुमान रु.१ करोड ५८ लाख ८१ हजार तय गरी एक आपूर्तकसँग २०८२।३।१० सम्ममा सामान आपूर्ति गर्ने गरी रु.८७ लाख ५० हजारको २०८२।२।११ मा सम्झौता गरेकोमा दुई अस्पतालको पोर्टेवल अल्ट्रासाउण्ड मेसिन कार्यालयमा मौज्दात रहेको देखियो। सम्बन्धितलाई हस्तान्तरण गरी जिन्सी दाखिला गरेर मेसिन जडान गर्नुपर्दछ।

१५. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) मा मालसामानको लागत अनुमान तयार गर्दा नियम ११(२) मा सम्बन्धित सार्वजनिक निकाय वा सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरूमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च समेतलाई आधार लिनुपर्ने व्यवस्था छ। प्रदेश जनस्वास्थ्य प्रयोगशाला मोरङले यस वर्षमा ल्याब केमिकल्स तथा रिएजेन्टको लागत अनुमान तयार गर्दा कार्यालयको अघिल्लो आर्थिक वर्षको लागत अनुमान गरिएको सामग्रीको मूल्यमा १० प्रतिशत जोडी लागत मूल्य कायम गरी यो वर्ष ६ एनालाइजर रु.१ करोड १२ लाख ८० हजारमा खरिद गरेको छ। लागत अनुमानमा अघिल्लो आर्थिक वर्षको खरिद मूल्यमा १० प्रतिशत थप गर्न मिल्ने कानुनी आधार देखिएन।

अस्पतालतर्फ

१६. **तलबी प्रतिवेदन -** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६(४) मा तलबी प्रतिवेदन पारित गरी तलब भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। यो वर्ष तलबी प्रतिवेदन पारित नगरी मन्त्रालय अन्तर्गतका ८ अस्पतालका कर्मचारीहरूलाई पारिश्रमिकमा रु.१४ करोड ३६ लाख ३५ हजार खर्च गरेको छ। तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च गर्नुपर्दछ।

१७. **प्रयोगविहीन उपकरण** - स्वास्थ्य सेवा प्रवाहका लागि खरिद भएका मेसिन उपकरणहरू चालु हालतमा राखी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्नेमा प्रादेशिक अस्पताल, भद्रपुरले रु.२ करोड ९६ लाख ७५ हजारमा प्लाज्मा स्टेरिलाइजर मेसिन १ थान र भेन्टिलेटर ६ थानसहित ७ थान तथा ३ जिल्ला अस्पतालहरूले रु.२ करोड १२ लाख ५१ हजारमा खरिद गरेका ९२ थान स्वास्थ्य उपकरण प्रयोगविहीन अवस्थामा रहेको छ। खरिद भएका स्वास्थ्य उपकरण प्रयोगमा ल्याई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

१८. **स्वास्थ्य बिमा** - स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम २१ मा सेवा प्रदायकले रकम दाबी गर्दा बिमा व्यवस्थापन सूचना प्रणालीमार्फत दाबी प्रविष्ट गरी भुक्तानी लिनुपर्ने व्यवस्था छ। बिमा सेवा प्रदायक संस्थाले रकम सोधभर्ना प्राप्त गर्न जिल्ला अस्पताल तेह्रथुम, ताप्लेजुङ, भोजपुर, पाँचथर, खोटाङ, उदयपुर, संखुवासभा, कटारी अस्पताल र प्रादेशिक अस्पताल, भद्रपुरले यो वर्ष रु.५९ करोड ५४ लाख १७ हजार मागदाबी गरेकोमा बिमा बोर्डबाट रु.३० करोड ९६ लाख ६० हजार मात्र सोधभर्ना भई रु.२८ करोड ५७ लाख ५७ हजार सोधभर्ना हुन बाँकी छ। उक्त रकम सोधभर्ना लिनुपर्दछ।

१९. **भाडा बक्यौता** - प्रदेश आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३० तथा नियमावली, २०७९ को नियम ५९ बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम सम्झौता तथा प्रचलित कानुन अनुसार तोकिएको समयमा प्राप्त नभएमा बाँकी रकमको दश प्रतिशतले जरिवानासमेत दाखिला गर्न लगाउनसक्ने व्यवस्था छ। जिल्ला अस्पताल धनकुटा, इलाम, ताप्लेजुङ, भोजपुर, कटारी अस्पताल र प्रदेशिक अस्पताल, भद्रपुरले यस वर्षको सरकारी सम्पत्तिको भाडाबापत रु.११ लाख ५९ हजार असुल गर्न बाँकी छ। उक्त रकम जरिवानासहित असुल गर्नुपर्दछ।

२०. **पारिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८(१) मा आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिक आय मानी गणना गर्नुपर्ने र रोजगारीबाट प्राप्त पारिश्रमिक गणनामा ज्याला, तलब, विदाको रकम, अतिरिक्त समय काम गरेको रकम, शुल्क, कमिसन, पुरस्कार, उपहार, बोनस लगायतका आय समावेश गर्नुपर्ने व्यवस्था छ। जिल्ला अस्पताल ताप्लेजुङ, सुनसरी, भोजपुर र सोलुखुम्बुले पारिश्रमिक कर रु.१६ लाख ५६ हजार कट्टी नगरी भुक्तानी दिएको छ। उक्त रकम असुल गर्नुपर्दछ।

२१. **बढी भुक्तानी** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४१(१०) मा खर्च लेख्नु अघि आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नुपर्ने उल्लेख छ। जिल्ला अस्पताल, धनकुटाले १ डाक्टरलाई पाउनेभन्दा रु.३ लाख २५ हजार, जिल्ला अस्पताल भोजपुरले औषधि खरिदमा रु.२ लाख ५२ हजार र जिल्ला अस्पताल पाँचथरले यु.एस.जी. र निरोगिताको प्रमाण पत्रको रकम भुक्तानी गर्दा निर्णयभन्दा फरक गरी रु.४ लाख ४६ हजार समेत रु.१० लाख २३ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

२२. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा गरी खरिद गर्नु नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्नुपर्ने तथा नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक-पटक गरी सीमाभन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। जिल्ला अस्पताल धनकुटा, तेह्रथुम, ताप्लेजुङ, पाँचथर र सोलुखुम्बुले रु.५ करोड ३४

लाख ४१ हजारको मालसामान सोझै खरिद गरेका छन्। सार्वजनिक खरिद ऐन तथा नियमावलीमा तोकिएको व्यवस्था अनुसार प्रतिस्पर्धा हुने गरी खरिद गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा न्यून भौतिक तथा वित्तीय प्रगति रहेको, सञ्चालित कार्यक्रममा पर्याप्त अनुगमन नभएको, जवाफदेहिदाताको पालना नभएको, खरिद कानुन अनुसारको खरिद कार्य नभएको, सञ्चालित कार्यक्रमको समीक्षा नभएको, प्रयोगविहीन उपकरण सञ्चालन गरी सेवा प्रवाहलाई प्रभावकारी नबनाएको, स्वास्थ्य बिमाको सोधभर्ना नभएको, बेरुजु लगत र आन्तरिक नियन्त्रण प्रणाली नबनाएको, समायोजन ग्रेड बढी भुक्तानी दिएको लगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः

➢ सरकारी कार्यालयतर्फ १६ निकायको यो वर्ष रु.१ करोड ८९ लाख २१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७ लाख १ हजार फर्स्यौंट तथा प्रतिक्रियाबाट रु.१६ हजार थप भई रु.१ करोड ८२ लाख ३६ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रु.१३ लाख ३७ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ।

➢ सङ्गठित संस्था एवम् समितितर्फ १३ निकायमा यो वर्ष रु.६ करोड ३ लाख ४२ हजार बेरुजु देखिएकोमा रु.९० लाख ७ हजार फर्स्यौंट तथा प्रतिक्रियाबाट रु.५० लाख ५८ हजार थप भई रु.५ करोड ६३ लाख ९३ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

प्रदेश योजना आयोग

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ अनुसार देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशको समग्र समृद्धिको लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी कार्यान्वयनको लागि सिफारिश,
- आर्थिक, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा, अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीति, नीति तथा योजना तयार,
- लाभ लागत विश्लेषणको आधारमा आयोजना बैंक व्यवस्थापन प्रणाली निर्माण,
- प्रदेश सरकारका स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि मापदण्ड तयारी,
- अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण गरी क्षेत्रगत नीतिहरूको निर्माण तथा सोको कार्यान्वयनको समन्वय र सहजीकरण,
- अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी नीति तथा योजनाको तर्जुमा,
- प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण,

१. **लेखापरीक्षण अङ्क -** आयोगको निम्नानुसार रु.३ करोड १० लाख ५५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
३०८२६	५५	-	१७४	३१०५५

२. **बजेट तथा खर्च -** वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार बजेट तथा खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	१९४६९	१९७५९	१४३४७	७२.६१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१२५	१२५	४०	३२.६४
२२१०० सेवा महसुल	१४०६	१४०६	७१५	५०.९१
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	५१९१	५१९१	२८५९	५५.०९
२२३०० कार्यालय सामान तथा सेवा	२२९२	२२९२	१४५१	६३.३२
२२४०० सेवा तथा परामर्श खर्च	३९२९	३९२९	३०१०	७६.६२

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२५०० कार्यक्रम सम्बन्धी खर्च	१४३२९	१०८३९	३४३७	३१.७१
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	१९४४	१९४४	१२४५	६४.०६
२२७०० विविध खर्च	२६०७	२६०७	११५७	४४.४०
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१५३६	१८३६	१५६६	८५.३२
जम्मा	**५२८२८**	**४९९२८**	**२९८३१**	**५९.७५**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१५००	१९००	९९५	५२.३७
कुल जम्मा	**५४२३८**	**५१८२८**	**३०८२६**	**५९.४८**

उल्लिखित विवरणअनुसार चालुखर्च ५९.७५ प्रतिशत, पुँजीगतखर्च ५२.३७ प्रतिशत र समग्रमा ५९.४८ प्रतिशत खर्च भएको छ।

३. **दिगो विकास लक्ष्य -** दिगो विकासका विश्वव्यापी १७ लक्ष्यमध्ये नेपालले अङ्गीकार गरेका १६ लक्ष्य, १६९ गन्तव्य मध्ये १५९ र २३७ सूचकमा २५७ थप समेत ४९४ सूचकलाई योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरी सन् २०३० सम्म पूरा गर्ने कार्यसूचीमा उल्लेख छ। आ.व.२०८१।८२ मा दिगो विकास लक्ष्यहरूका प्रमुख सूचकहरूको लक्ष्य प्रगतिको अवस्था देहायबमोजिम छः

सूचक	लक्ष्य	प्रगति	सूचक	लक्ष्य	प्रगति
गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशत)	१६	१७.२	सरकारी क्षेत्रको नेतृत्व तहमा महिला सहभागिता (प्रतिशत)	२९	२२.५
बहुआयामिक गरिबीको सूचकाङ्क (सूचकाङ्क)	०.०७५	०.०६६	खानेपानी उपयोग गर्ने जनसङ्ख्या (प्रतिशत)	९२	९७.८३
महिला परिवारमूली सङ्ख्या (प्रतिशत)	३२	३०.८७	जलविद्युत उत्पादन र जडित क्षमता (मेगाबाट)	८००	६३१
प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलर)	१४६०	१४०१	लैङ्गिक विकास सूचकाङ्क(सूचकाङ्क)	०.९०८	०.९०१
प्रादेशिक सडक कालोपत्रे (किलोमिटर)	७३०	६१२.२४	खानेपानी उपयोग गर्ने जनसङ्ख्या (प्रतिशत)	९२	९७.८३

(**स्रोतः** दोस्रो आवधिक योजना र आर्थिक सर्वेक्षण)

उल्लिखित विवरणअनुसार ३ लक्ष्य अनुसार प्रगति भए तापनि बहुआयामिक गरिबीको सूचकाङ्क, महिला परिवारमूली सङ्ख्या, प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन, प्रादेशिक सडक कालोपत्रे, सरकारी क्षेत्रको नेतृत्व तहमा महिला सहभागिता, जलविद्युत उत्पादन र जडित क्षमता र लैङ्गिक विकास सूचकाङ्क लगायतमा लक्ष्यअनुसार उपलब्धि हासिल हुन सकेको छैन। अपेक्षित उपलब्धि हासिल गर्न लक्ष्य केन्द्रित विनियोजन गरी लक्ष्य हासिल गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १२ मा मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन दक्षता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी समष्टिगत वित्त, बजेट र नतिजा खाका समावेश गरी तयार गर्नु पर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम प्रदेश सरकारको २०८१।८२ को खर्च प्रक्षेपण र वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छः

(रु.लाखमा)

मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण					बजेट विनियोजन					प्रक्षेपणको तुलनामा घटी बजेट
कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	स्थानीय तह अनुदान	कुल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	स्थानीय तह अनुदान	
३९०२८८	१४९३४९	२०१६६४	१२६	३९१४९	३५२७९३	१२९७७५	१७४२५३	२००	४८५६५	३७४९५

प्रदेश सरकारको लागि यो वर्ष मध्यमकालीन खर्च संरचनाले तयार गरेको प्रक्षेपण रु.३९ अर्ब २ करोड ८८ लाख भएकोमा रु.३५ अर्ब २७ करोड ९३ लाख विनियोजन गरी प्रक्षेपणको तुलनामा रु.३ अर्ब ७४ करोड ९५ लाख न्यून बजेट विनियोजन गरेको छ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट बिच समन्वय हुने गरी कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

५. **आवधिक योजना -** प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) ले "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन सोच बमोजिम योजना कार्यान्वयनको लागि प्रत्येक वर्ष हाँसिल गर्नुपर्ने नतिजा सूचक उल्लेख गरेको छ। आवधिक योजनाले २०८१।८२ मा कृषि क्षेत्रको आर्थिक वृद्धिदर ३.६४ प्रतिशत, मानव विकास सूचाकाङ्क ०.५९, अपेक्षित आयु ७०.९ वर्ष, साक्षरता दर ८२.३ प्रतिशत, आधारभूत सरसफाइ पुगेको जनसङ्ख्या ९८.९ प्रतिशत, प्रादेशिक कालोपत्रे सडक निर्माण ७३० कि.मी. पुऱ्याउने, बेरोजगार दर ९ प्रतिशत, गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १६ प्रतिशतमा झार्ने, बेरुजुको तुलनामा फस्यौंट ३१.५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा प्रगतिको समीक्षा गरेको छैन। वार्षिक कार्यक्रमलाई आवधिक योजनासँग आबद्ध गरी निर्धारित लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ।

६. **आयोजना बैङ्क -** प्रदेश आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८१ अनुसार आयोजना बैङ्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य निर्माणाधीन एवम् क्रमागत सबै आयोजना सूचना प्रणालीमा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ५० हजार ५६७ आयोजनाहरू आयोजना बैङ्कमा अभिलेख गरेकोमा आयोजना बैङ्कको आधारमा बजेट निर्माण भएको देखिएन। प्रदेशमा आयोजना बैङ्कको सूचना प्रणालिलाई प्रभावकारी बनाउनु पर्दछ।

७. **वार्षिक प्रतिवेदन -** प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २३ मा आयोगले वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेस गर्नुपर्ने र आयोगको प्रमुख काम कारबाही तथा उपलब्धि, आर्थिक विकासका अवसर तथा सम्भावना र विकासका प्राथमिकताका विषय समावेश गरी सार्वजनिक गर्नुपर्ने उल्लेख छ। आयोगले प्रतिवेदन तयार गरी प्रदेश सरकार समक्ष पेस गरेको छैन। प्रतिवेदन तयार गरी पेस गर्नुपर्दछ।

८. **अनुगमन तथा मूल्याङ्कन -** प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ६ मा प्रदेश विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। आयोगले प्रदेश स्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०८० को व्यवस्था बमोजिम अनुगमन गरेका आयोजनाको सुझावसहितको प्रतिवेदन तयार गरेको देखिएन। कार्यान्वयनको प्रभाव अनुगमन तथा मूल्याङ्कन गरी आयोजनाको प्रभावकारिता वृद्धि गर्नुपर्दछ।

९. **अध्ययन अनुसन्धान -** प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ६ मा आयोगले शोध, अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी कार्य गर्ने उल्लेख छ। आयोगले यो वर्ष दोस्रो आवधिक योजना तयारीको अध्ययन गरेको बाहेक अन्य क्षेत्रमा थप अध्ययन, अनुसन्धान तथा अन्वेषण गरेको देखिएन। कार्यक्षेत्रमा उल्लेख भएका विषयमा अध्ययन अनुसन्धान गर्नुपर्दछ।

१०. **विकास समस्या समाधान समिति -** प्रदेश स्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०८० को परिच्छेद २.२ बमोजिम विकास नीति, योजना आयोजनाको प्रगति समीक्षा, समस्याको समाधानलगायत नीतिगत विषयको काम गर्नको लागि मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश स्तरीय विकास समस्या समाधान समिति रहने व्यवस्था छ। यो वर्ष उक्त समितिको बैठक ३ पटक सञ्चालन भएको छ। उक्त बैठकमा कार्य विस्तृतीकरण प्रतिवेदन परिमार्जन गरी स्वीकृत गर्नुपर्ने, प्रदेश सरकारले प्रयोग गरिरहेका जमिन तथा संरचना प्रदेश सरकारलाई भोगाधिकार/स्वामित्व हस्तान्तरण गर्नुपर्ने, यातायात क्षेत्रको दण्ड जरिवाना सङ्घीय संचित कोषमा दाखिला हुने गरेकोमा प्रदेश संचित कोषमा दाखिला गर्ने व्यवस्था गर्नुपर्ने, सङ्घीय सरकारले प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको सीमा निर्धारण गर्नुपर्ने, प्रदेशको शान्ति सुरक्षा कायम गर्न प्रदेशमा प्रहरी समायोजन गर्नुपर्ने, वित्तीय समानिकरण अनुदान खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा अनुदान निर्धारण गर्ने लगायतको विषयहरू मन्त्रालय आफैंले वा अन्य मन्त्रालयको समन्वयमा समाधान गर्ने तथा राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्ने निर्णय गरेको भएतापनि कार्यान्वयन अवस्था खुल्नेगरी प्रगति विवरण तयार गरेको छैन।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, आवधिक योजना अनुसारको वार्षिक विकास कार्यक्रम तर्जुमा नभएको, अनुगमन गरेका आयोजनाको सुझावसहितको प्रतिवेदन तयार नगरेको, अध्ययन, अनुसन्धान तथा अन्वेषण नगरेको लगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण** - आयोगको यो वर्ष रु.३४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट नगरेकोले रु.३४ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ तथा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवामा रहने कर्मचारीको पदपूर्तिको लागि उम्मेदवारको छनोट तथा सिफारिस गर्न कोशी प्रदेशमा प्रदेश लोक सेवा आयोगको गठन भएको हो।

१. **लेखापरीक्षण अङ्क** - आयोगको निम्नानुसार रु.२१ करोड ६५ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
११६२८८	९९८४४	४१६	००	२१६५४८

२. **बजेट तथा खर्च** - वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार बजेट तथा खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	२४१६१	२२५२०	१८९४५	८४.१३
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१४०	१४०	८७	६२.१४
२२१०० सेवा महसुल	१७००	१५३०	१३२९	८६.८६
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	४६१०	४४९३	४२७३	९५.१०
२२३०० कार्यालय सामान तथा सेवा	६१७०	५६५४	५६४७	९९.८८
२२४०० सेवा तथा परामर्श खर्च	६००२	५३३९	४५६२	८५.४५
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	३९९६७	६७६९४	६७३३७	९९.४७
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	१३५०	१०६५	९४२	८८.४५
२२७०० विविध खर्च	२५००	२०५०	१९८५	९६.८३
२८१०० सम्पत्ति सम्बन्धी खर्च	३५००	३०९०	२८९२	९३.५९
जम्मा	**९०१००**	**११३५७५**	**१०७९९८**	**९५.०९**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	८३००	८३००	८२९०	९९.८८
कुल जम्मा	**९८४००**	**१२१८७५**	**११६२८८**	**९५.४२**

उल्लिखित विवरण अनुसार चालुतर्फ ९५.०९ प्रतिशत, पुँजीगततर्फ ९९.८८ प्रतिशत र समग्रमा ९५.४२ प्रतिशत खर्च भएको छ।

३. **करारमा कर्मचारी** - प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा २ को खण्ड (क) मा ६ महिना भन्दा बढी अवधिको लागि अस्थायी पदपूर्ति गर्दा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ। आयोगको प्रतिवेदन अनुसार आयोगमा पदपूर्तिको लागि न्यून सङ्ख्याको माग आकृति फारम भरी पठाउने र करारमा कर्मचारी राख्ने गरेको देखिएको छ। आयोगले आफ्नो कार्यक्षेत्रभित्रका निकायहरूमा

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थायी पदपूर्ति बाहेकको दरवन्दीको अवस्था, करार ज्यालादारी र कार्यक्रममा पदपूर्तिको प्रक्रिया र अवस्थाबारे आयोगले अनुगमन गर्नुपर्दछ।

४. **विज्ञापन तथा सिफारिस** - प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २३ अनुसार आयोगबाट यो वर्ष प्रदेश निजामती सेवा तर्फ विभिन्न सेवा, समूह र तहको माग पदसंख्या १ हजार ९९० भएकोमा खुला तथा समावेशीतर्फ १ हजार ३५, कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवातर्फ ३४६, आन्तरिक अन्तर सेवा प्रतियोगिता तर्फ २१, अन्तर तह प्रतियोगिता तर्फ १४, र जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवातर्फ ५७४ पदसंख्या निर्धारण गरिएको छ। प्रतिवेदन अवधिमा आयोगबाट प्रतिशत निर्धारण गरी ५ वटा विज्ञापन तथा ६ वटा बढुवा सूचना प्रकाशन भएको छ। यो वर्ष आयोगबाट ६९ विज्ञापनको नतिजा प्रकाशन गरी ५५२ उम्मेदवारलाई नियुक्तिको सिफारिस गरी १ हजार ४३८ पद सिफारिसको क्रममा रहेको छ।

५. **बैठक र निर्णय** - आयोगको वार्षिक प्रतिवेदन, २०८२ अनुसार यो वर्षमा ६३ पटक बैठक बसी नीति तथा कानुन सम्बन्धी ७, परीक्षा, अन्तर्वार्ता तथा नतिजासम्बन्धी २६, पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी १२, शैक्षिक योग्यता सम्बन्धी ५, कर्मचारी सेवा सर्त सम्बन्धमा १, विभागीय कारबाही सम्बन्धी परामर्श २, अन्य निकायमा परामर्श ३, समिति गठन १, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरी छानविन २, परीक्षा रद्द कारबाही ६, बढुवा उजुरी १८, विविध २१ समेत गरी जम्मा १०४ वटा निर्णय गरेको देखिन्छ।

६. **पाठ्यक्रम निर्माण** - प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २० तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०८१ को नियम ६ र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ७ बमोजिम दर्ता गरिएको पद तथा तह अनुसार विगतमा तयार भएका पाठ्यक्रमहरू अद्यावधिक गर्दै यो वर्ष ३१ गरी २ वटा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा यो वर्ष ८५ वटा पाठ्यक्रम निर्माण तथा परिमार्जन गरिएको छ।

७. **परामर्श कार्य** - आयोगको यो वर्षको वार्षिक प्रतिवेदन अनुसार प्रदेश सरकारका निकाय तथा स्थानीय तहबाट माग भई आएको कर्मचारीहरूको तहवृद्धि तथा बढुवा परामर्श, २ वटा विभागीय सजाय र अन्य ३ समेत ५ वटा परामर्श दिएको अवस्था छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी गरेको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - आयोगको यो वर्ष रु.२ लाख १४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट नगरेकोले रु.२ लाख १४ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा उल्लेख भए बमोजिम प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने उद्देश्यले यो कार्यालयको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क** - कार्यालयको निम्नानुसार रु.१ करोड ८७ लाख ३९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
१८६७२	६३	४	०	१८७३९

२. **बजेट तथा खर्च** - वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट कार्यालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण बजेट तथा खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक / सुविधा	८२९१	८०९१	६०३०	७४.५२
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	४०	४०	२३	५८.००
२२१०० सेवा महसुल	४०२	४३२	३०४	७०.४४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२४८६	२६८६	२५९२	९६.४९
२२३०० कार्यालय सामान तथा सेवाहरू	१२१६	१२१६	१२१३	९९.७२
२२४०० सेवा तथा परामर्श खर्च	३८१६	२६४४	२५०९	९४.८८
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	२८५०	३१५०	३११५	९८.८९
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	८८०	८३०	७७९	९३.८३
२२७०० विविध खर्च	८००	६४६	६४६	९९.९८
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१२००	१२००	१११९	९३.२४
जम्मा	**२१९८१**	**२०९३५**	**१८३३०**	**८७.५५**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	३५०	३५०	३४४	९८.२९
कुल जम्मा	**२२३३१**	**२१२८५**	**१८६७२**	**८७.७२**

उल्लिखित विवरणअनुसार चालुतर्फ ८७.५५ प्रतिशत, पुँजीगततर्फ ९८.२९ प्रतिशत र समग्रमा ८७.७२ प्रतिशत खर्च भएको छ।

३. **मुद्दा दर्ता, बहस, पैरवी तथा कानुनी राय** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य सर्त सम्बन्धी ऐन, २०७५ को दफा ४ को उपदफा (१) मा प्रदेश सरकार वादी वा प्रतिवादी भएको मुद्दामा प्रदेश सरकारकोतर्फबाट उपस्थित भई बहस गर्ने व्यवस्था रहेको छ। कार्यालयको अभिलेख अनुसार प्रदेश सरकारका विरुद्ध विभिन्न निकायलाई विपक्ष बनाइ दायर भएको अघिल्लो

वर्षको मुद्दा जिम्मेवारी सरी आएको १०७ र यस वर्ष दर्ता भएको १५९ मुद्दासमेत गरी जम्मा २६६ मुद्दा रहेकोमा कार्यालयको तर्फबाट बहस पैरवी भई जम्मा १३३ मुद्दा फैसला भएको र १३३ मुद्दा बाँकी रहेको छ। कार्यालयले यस वर्ष राय तथा परामर्श दिएको देखिएन।

४. **कानुनी राय** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४(१) (घ) बमोजिम प्रदेशको कार्यक्षेत्रमा पर्ने कानुन बनाउन र संशोधन गर्न कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कानुनमा सुधार गर्नुपर्ने क्षेत्र पहिचान गरी प्रदेश सरकार समक्ष सिफारिस गरेको देखिएन। कानुनमा सुधार गर्नुपर्ने क्षेत्रको पहिचान गरी तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी सम्पादन गर्नुपर्दछ।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवम् अनुसूची-९ मा भएको साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवम् परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ मा स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित हुने तथा गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुने साथै धारा २२१ मा स्थानीय तहका व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहने व्यवस्था छ। त्यसैगरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत तथा शासन पद्धतिलाई सुदृढ गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको एकल अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषयको कानुन बनाइ स्थानीय तहलाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५(२) मा गाउँपालिकामा ५ देखि २१ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको संख्या, सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा १ महानगरपालिका, २ उप-महानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिकासमेत यो प्रदेशमा १३७ स्थानीय तह रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड

बनाइ कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमुना कानुन उपलब्ध गराएको देखिन्छ। स्थानीय तहले आवश्यक पर्ने सबै कानुन बनाएका छैनन्। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने बेहोरा विगतका प्रतिवेदनमा औँल्याइएकोमा अपेक्षित सुधार हुन सकेको छैन।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार आर्थिक कारोबार सञ्चालन भएको छ। स्थानीय तहहरूमा आर्थिक कार्यविधि व्यवस्थित गर्ने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानुन बनाउन बाँकी रहेको छ। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाइ लागु गर्नुपर्दछ।

६. **लेखापरीक्षण नभएको** - यो वर्ष ९ वटा स्थानीय तहहरुको भाद्र २३ र २४ गते भएको घटनाको कारण लेखापरीक्षण गरेका छैनन्।

क्र.स	स्थानीय तह	जिल्ला
१	कचनाकवल गाउँपालिका	झापा
२	झापा गाउँपालिका	झापा
३	रंगेली नगरपालिका	मोरङ
४	सुन्दरहरैंचा नगरपालिका	मोरङ
५	कानेपोखरी गाउँपालिका	मोरङ
६	ईटहरी उपमहानगरपालिका	सुनसरी
७	इनरुवा नगरपालिका	सुनसरी
८	कोशी गाउँपालिका	सुनसरी
९	भोक्राहा नरसिङ्ह गाउँपालिका	सुनसरी

७. **समग्र आय व्यय** - यो वर्ष १२८ स्थानीय तहमा देहायअनुसार रु.९३ अर्ब ७२ करोड ६८ लाख ९४ हजार खर्च भएको छ। कुल खर्चमध्ये चालुखर्च रु.४५ अर्ब ५४ करोड ३५ लाख ५ हजार, पुँजीगत खर्च रु.२२ अर्ब ९४ करोड २० लाख ८८ हजार र अन्य खर्च रु.२५ अर्ब २४ करोड १३ लाख १ हजार खर्च भएको छ। सोको विस्तृत विवरण निम्नानुसार रहेको छ :

(रु.हजारमा)

विवरण	सङ्ख्या	सुरु मौज्दात	सङ्घियबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	कुल खर्च	मौज्दात बाँकी
महानगरपालिका	१	२३८४४७	१०४५२६७	६७९५४	५५४७४७	६१२२४८	५२६०९	२३३२८२५	१४४५८६९	७६०६५४	९४२३४	२३००७५७	२७०५१५
उपमहानगरपालिका	१	२०८२५१	७८६४८७	६६३२५	३१९०३०	२७६६४०	७१८४४२	२१६६९२४	९६५२८८	५१७९२५	७१३२६८	२१९६४८१	१७८६९४
नगरपालिका	४३	४१७३७५६	२०९३०४१६	१८६३६४८	६०६६६३९	२०६२६७१	१३४६८२३६	४४३९१६१०	१९९१३६६५	११०४०८०४	१३२५९२७४	४४२१३७४३	४३१४५६६
गाउँपालिका	८३	४५८२९४०	२५०३०८१४	२४९४९३३	६७११९०९	११५९०३८	९६०३१०६	४४९९९०००	२३२१८६८३	१०६२२७०५	१११७४५२५	४५०१५९१३	४४२०४९८
जम्मा	**१२८**	**९२०३३९४**	**४७७९२९८४**	**४४९२८६०**	**१३६५१५२५**	**४११०५९७**	**२३८४२३९३**	**९३८९०३५९**	**४५५४३५०५**	**२२९४२०८८**	**२५२४१३०१**	**९३७२६८९४**	**९१८४२७३**

उल्लिखित सङ्घीय र प्रदेश अनुदान रकममा अन्तरसरकारी वित्तीय हस्तान्तरणको रकमसमेत समावेश छ। साथै २०८२ भाद्र २३ र २४ को घटनाको क्रममा लेखा स्रेस्ता आंशिक क्षति भएको गाउँपालिका २ र नगरपालिका २ को लेखापरीक्षण हुन नसकेको रकम समावेश छैन। यस सम्बन्धी विवरण अनुसूची-१४ मा संलग्न छ।

७.१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्कसम्बन्धी व्यवस्था छ। यो वर्ष लेखापरीक्षण भएका १२८ स्थानीय तहको कुल आय रु.९३ अर्ब ८९ करोड ३ लाख ५९ हजार र चालु खर्च रु.४५ अर्ब ५४ करोड ३५ लाख ५ हजार

रहेको छ। स्थानीय तहको आन्तरिक आय चालु खर्चको ४८.५० प्रतिशत मात्र रहेको छ। पालिकाहरूको चालु खर्चको तुलनामा पुँजीगत खर्च न्यून देखिएको छ। कतिपय पालिकाले आन्तरिक राजस्व तथा राजस्व बाँडफाँटबाट प्राप्त रकमको अतिरिक्त अनुदानको रकम समेत प्रशासनिक खर्चमा उपयोग गरेको अवस्था छ। स्थानीय तहको राजस्व क्षमता बढाई सङ्घ तथा प्रदेश सरकारसँगको निर्भरता कम गर्दै लैजानुपर्दछ।

७.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेस तथा पारित गर्ने र दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ। लेखापरीक्षण भएका १२८ स्थानीय तहको कुल खर्च रु.९३ अर्ब ७२ करोड ६८ लाख ९४ हजारमध्ये चालु खर्च रु.४५ अर्ब ५४ करोड ३५ लाख ५ हजार (४८.५९ प्रतिशत), पुँजीगत खर्च रु.२२ अर्ब ९४ करोड २० लाख ८८ हजार (२४.४८ प्रतिशत) र अन्य खर्च रु.२५ अर्ब २४ करोड १३ लाख १ हजार (२६.९३ प्रतिशत) खर्च भएको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने प्रावधानको पालना हुन सकेको छैन।

८. **वित्तीय हस्तान्तरण -** महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष सङ्घीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

अनुदानको किसिम	स्वीकृत बजेट रु			यथार्थ हस्तान्तरण रु		
	संघ	प्रदेश	जम्मा	संघ	प्रदेश	जम्मा
समानीकरण	१६०४७८००	१००००००	१७०४७८००	१४७२५३७६	१००००००	१५७२५३७६
सशर्त	४०१०६३९७	२३६६६८५	४२४७३०८२	३४४३९४८२	२०६११७६	३६५००६५८
विशेष	१४८२७००	०	१४८२७००	११२४३२४	०	११२४३२४
समपूरक	१२३१५००	१४८९८५५	२७२१३५५	८७४१४४	११६३५५०	२०३७६९४
जम्मा	**५८८६८३९७**	**४८५६५४०**	**६३७२४९३७**	**५११६३३२६**	**४२२४७२६**	**५५३८८०५२**

(स्रोत - म.ले.नि.का र प्र.ले.नि.का.)

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ९२.३७ प्रतिशत तथा प्रदेश सरकारबाट ७.६३ प्रतिशत हस्तान्तरण भएको छ।

९. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। सबै प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको, खर्च नभई बाँकी रहेको अनुदान समयमा फिर्ता नगरेको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

१०. **लेखापरीक्षणमा बेरुजु अङ्क** - यो वर्ष १२८ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक १० हजार २ सय ८२ दफा र लगती १३ हजार ७ सय ३८ दफाबाट रु.३ अर्ब ३५ करोड ५७ लाख ६५ हजार बेरुजु औंल्याइएकोमा स्थानीय तहहरूबाट प्राप्त प्रतिक्रियाबाट रु.५९ करोड ८५ लाख ५४ हजार बेरुजु फर्स्यौंट भई प्रतिक्रियाबाट थप भएको रु.३ करोड १३ लाखसमेत रु. २ अर्ब ७८ करोड ८५ लाख ११ हजार बेरुजु बाँकी रहेको छ। बाँकी बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

वर्गीकरण	बेरुजु अङ्क रु	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**२३२२६५**	**८.३३**
२. नियमित गर्नुपर्ने	**२३९६९८३**	**८५.९६**
२.१ अनियमित भएको	१३७९९५०	४९.४८
२.२ प्रमाण कागज पेस नभएको	१००६१९५	३६.०९
२.३ सोधभर्ना नलिएको	१०८३८	०.३९
३. पेस्की	**१५९२६३**	**५.७१**
जम्मा बेरुजु	**२७८८५११**	**१०० **

द्रष्टव्यः १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

लेखापरीक्षण भएका स्थानीय तहमध्ये स्थानीय तहको किसिम अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न अनुसार रहेको छः

(रु.हजारमा)

स्थानीय तह	स्थानीय तह सङ्ख्या	लेखापरीक्षण रकम	पेस्की समेत बेरुजु	बेरुजुमध्ये पेस्की रकम	पेस्की बाहेकको बेरुजु रकम	लेखापरीक्षणको बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
महानगरपालिका	१	४६३३५८२	८०२३९	०	८०२३९	१.७३	१.७३
उप-महानगरपालिका	१	४३६३४०५	५७०८२	७३७	५६३४५	१.३१	१.२९
नगरपालिका	४३	८८६०५३५३	१०९३८४३	७४३२१	१०१९५२२	१.२३	१.१५
गाउँपालिका	८३	९००१४९१३	१५५७३४७	८४२०५	१४७३१४२	१.७३	१.६४
जम्मा	**१२८**	**१८७६१७२५३**	**२७८८५११**	**१५९२६३**	**२६२९२४८**	१.४९	**१.४०**

११. **लेखापरीक्षणबाट देखिएका समग्र बेहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अन्तिम प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणबाट देखिएका मुख्य बेहोरा देहाय अनुसार छन् :

- **कानुन निर्माण तथा परिपालना -** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमुना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरूपता नरहेको, कानुनको परिपालना नभएको लगायतका बेहोरा देखिएका छन्।
- **वित्तीय विवरण तथा लेखापरीक्षण -** तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरू आंशिक रूपमा मात्र प्रयोगमा ल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तमा स्रेस्तालेे देखाएको मौज्दात र बैङ्क मौज्दात फरक परेकोमा बैङ्क हिसाब मिलान विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरू स्थानीय सञ्चित कोष प्रणालीमा समावेश हुन नसकेको, आन्तरिक

लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौंट गरी समयमा सम्परीक्षण नगराएको स्थिति देखिएको छ।

- **सङ्गठन संरचना तथा मानव संसाधन -** सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति हुन नसकेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, समयमा पदपूर्तिको लागि लोकसेवा आयोगमा माग नगरेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको लगायतका बेहोरा देखिएका छन्।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम -** यो वर्ष ४ स्थानीय तहले तोकिएको अवधिभित्र बजेट पारित नगरेको, केही स्थानीय तहको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, स्थानीय राजस्व परामर्श समिति गठन नभएको, बजेटमा एकमुष्ठ रकम राखी पटके निर्णयका आधारमा खर्च गर्ने गरेको, आयोजना बैंक स्थापना गरी सोही आधारमा योजना प्राथमिकीकरण गरी बजेट विनियोजन गर्ने अभ्यास नभएको, एकमुष्ट रूपमा कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजस्व तथा व्ययको अनुमान यथार्थपरक नभएको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ।

- **खरिद व्यवस्थापन -** आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेस भएका प्रतिवेदनहरू स्वीकृत गरी कार्यान्वयन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, तोकिएको सीमाभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिबाट गराएको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगराइ खरिद सम्झौतामा उल्लेख भएकोभन्दा बढी परिमाणमा भुक्तानी गरेको, पटक पटक म्याद थप गरेपनि योजना सम्पन्न हुन नसकेको, ३१ स्थानीय तहले विभिन्न वस्तु तथा सेवा प्रतिस्पर्धा नगराइ सोझै खरिद गरी रु.६० करोड २८ लाख ८२ हजार खर्च लेखेका, सूत्र एवम् सूचकाङ्क फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका बेहोरा देखिएका छन्।

- **खर्च व्यवस्थापन -** आन्तरिक आयको विश्लेषण तथा कानुनमा व्यवस्था नगरी सुविधा एवम् भत्ता वितरण गरेको, सल्लाहकार र स्वकीय सचिव राखी खर्च गरेको, बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेस्की रकम म्याद भित्र फर्स्यौंट नगरेको, विद्यालयका शिक्षकहरूको पारिश्रमिक तथा अन्य रकमहरू बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर अनुदान तथा आर्थिक सहायता वितरण गरेको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन र सहायता तथा अनुदानग्राहीको विवरण सार्वजनिक नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत बेहोरा देखिएका छन्।

- **अभिलेख तथा अनुगमन -** स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौंट हुन बाँकी पेस्की

र बेरुजुको अभिलेख नराखेको अवस्था छ। लक्षित वर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

- **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। कोशी प्रदेशका ५३ स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराएका छैनन्।

- **घटी जिम्मेवारी -** स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्ने र सो क्रममा फरक परेमा सोको पुष्ट्याइँ उल्लेख गर्नुपर्दछ। प्रदेश अन्तर्गत १४ स्थानीय तहले रु.११ करोड ५३ लाख ३७ हजार घटी जिम्मेवारी सारेकोमा कारण खुलाएका छैनन्।

- **अनुदान प्राप्ति तथा फिर्ता -** सङ्घ तथा प्रदेश सरकारको विनियोजन ऐनमा खर्च नभएको सशर्त, विशेष र समपूरक अनुदानको रकम तोकिएको समयमा सम्बन्धित सरकारको सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा देहायबमोजिमको अनुदानका रकम तोकिएको समयमा फिर्ता भएको देखिएन।

  - सङ्घ सरकारबाट प्राप्त अनुदानमध्ये ७ स्थानीय तहले सर्त विपरीत खर्च गरेको रु.१४ करोड ७६ लाख १ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

  - त्यसैगरी प्रदेश सरकारबाट प्राप्त अनुदानमध्ये ४ स्थानीय तहले सर्त विपरीत खर्च गरेको रु.१ करोड ४० लाख ६३ हजार प्रदेश सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

- **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दीभित्रका शिक्षकको तलब भत्ताबापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। स्वीकृत दरबन्दीभित्र नपरेका एवं गत विगतदेखि नै विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता बेहोरेका शिक्षकको नाममा ४१ स्थानीय तहले रु.१९ करोड ९ लाख ६९ हजार तलब भत्ता भुक्तानी दिएको छ।

- **बढी निकासा** — स्थानीय तहहरूले शिक्षकहरूको तलबी प्रतिवेदन पारित नगरेको, बढी ग्रेड भुक्तानी गरेको, दोहोरो निकासा दिएको, दरबन्दीभन्दा बढी शिक्षकहरूको तलब निकासा दिएको देखिएको छ। रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च लेख्नुपर्नेमा ११ स्थानीय तहले रु.४५ लाख ९३ हजार बढी तलव भत्ता निकासा गरेको तथा १३ पालिकाले रु.५ लाख ९९ हजार दिवा खाजामा बढी निकासा गरेको रकम असुल गर्नुपर्दछ।

- **कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाको पालना नगरी यो वर्ष ३० स्थानीय तहले कर्मचारी कल्याण कोषमा रु.११ करोड २८ लाख २७ हजार ट्रान्सफर गरेका छन्।

- **प्रोत्साहन सुविधा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ अनुसार स्थानीय सेवाका कर्मचारीको सुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख छ। स्थानीय तहहरूले परिषद्, सभा, बोर्ड, बैठक आदिबाट कर्मचारीले पाइरहेको सुविधाका अतिरिक्त सञ्चार सुविधा, खाजा खर्च, मासिक भत्ता, सभा भत्ता, अतिरिक्त समय भत्ता, प्रोत्साहन भत्तालगायतका सुविधाबापत खर्च लेखेकोमा मापदण्ड तथा सूचकसमेत बनाएका छैनन्। यो वर्ष ५१ स्थानीय तहले सङ्घीय कानुनले तोकेको पारिश्रमिकका अतिरिक्त प्रोत्साहनबापत रु.१९ करोड ५८ लाख १३ हजार भुक्तानी गरेका छन्। कर्मचारीहरूको सेवा सुविधाका सम्बन्धमा स्थानीय तहले सङ्घीय कानुनसँग बाझिने गरी कर्मचारीहरूलाई प्रोत्साहन भत्ता, इन्धन, सञ्चार लगायतका भत्ता भुक्तानी गरेकोले स्थानीय तहको सेवा सुविधामा समेत विविधता देखिएको छ। यसमा नियन्त्रण हुनुपर्दछ।
- **पदाधिकारी सुविधा** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐनमा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले तोकिएबमोजिम मासिक सुविधा पाउने व्यवस्था छ। यो वर्ष कानुनमा व्यवस्था नभएको ईन्धनमा रू.९ लाख १५ हजार, अनुगमनमा रु.१ लाख ६ हजार, बैठक भत्तामा रु.८० हजार र बैदेशिक भ्रमणमा रु.१८ लाख ४२ हजार लगायतमा रु.३९ लाख ४३ हजार भुक्तानी दिएका छन्।
- **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गराइ प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यो वर्ष ४४ स्थानीय तहले जिन्सी निरीक्षण गराएका छैनन्। त्यसैगरी महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा गरेको परिपत्रमा २०७७।९।७ भित्रै सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली अनिवार्य रूपमा लागु गर्नुपर्ने उल्लेख रहेकोमा ७४ स्थानीय तहले उक्त प्रणालीको प्रयोग नगरेको अवस्था देखिएको छ। नियमावलीको उल्लिखित प्रावधान एवं परिपत्र अनुसार सार्वजनिक सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ।

१२. **बेरुजु फर्स्यौट तथा सम्परीक्षण** - प्रदेश अन्तर्गतका १३७ स्थानीय तहको आर्थिक वर्ष २०८०।८१ सम्मको बाँकी बेरुजु रु.२८ अर्ब ५३ करोड ४० लाख ८३ हजार रहेकोमा यो वर्ष रु.३ अर्ब ४६ करोड ५४ लाख ८२ हजार सम्परीक्षणको लागि अनुरोध भएको छ। अनुरोध भएको मध्ये यसवर्ष रु.१ अर्ब ७५ करोड ४४ लाख १० हजार सम्परीक्षण भएको छ। यसवर्ष सम्परीक्षणबाट रु.३ करोड ९१ लाख २६ हजार थप बेरुजु कायम समेत रु.२६ अर्ब ८१ करोड ८७ लाख ९९ हजार बाँकी रहेको छ।

१२.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुनबमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फर्स्यौट सम्बन्धमा अस्पष्टता रहेको छ।


१२.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाइ कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख

छ। स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फर्स्यौंटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानुनी व्यवस्था गरी बेरुजु फर्स्यौंटमा तदारुकता ल्याउनुपर्दछ।

१३. **अद्यावधिक बेरुजु -** लेखापरीक्षणबाट कायम बेरुजुमध्ये २०८०।८१ सम्मको रु.२६ अर्ब ८१ करोड ८७ लाख ९९ हजार बाँकी रहेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.२ अर्ब ७८ करोड ८५ लाख ११ हजार कायम समेत कुल रु.२९ अर्ब ६० करोड ७३ लाख १० हजार बाँकी रहेको छ।

परिच्छेद

८



लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

परिच्छेद-४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

१. **बेरुजु फर्स्यौंट** – नेपालको संविधानको धारा २४१ अनुसार यस प्रदेशका सबै सरकारी कार्यालय तथा कानुनद्वारा तोकिएका अन्य कार्यालयको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी १८२ निकायमा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणबाट १२१ कार्यालयको सैद्धान्तिक दफा १ हजार ९२१ र लगती दफा १ हजार २५८ बाट रु.६३ करोड ८३ लाख ३५ हजार बेरुजु देखिएकोमा ४४ कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेस भई सैद्धान्तिक दफा ५ र लगती दफा २२२ को रु.१२ करोड १२ लाख ७ हजार फर्स्यौंट भई प्रतिक्रियाबाट रु.७५ लाख ५२ हजार थपसमेत यो वर्षको रु.५२ करोड ४६ लाख ८० हजार बेरुजु बाँकी रहेको छ।

समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका २६ निकायको सैद्धान्तिक दफा ३१० र लगती २९२ बाट रु.६ करोड ८५ लाख ३५ हजार बेरुजु देखिएकोमा ८ निकायको लगती दफा २१ को रु.१ करोड १५ लाख ९० हजार बेरुजु प्रतिक्रियाबाट फर्स्यौंट भई प्रतिक्रियाबाट रु.५० लाख ५८ हजार थपसमेत यो वर्षको रु.६ करोड २० लाख ३ हजार बेरुजु बाँकी रहेको छ।

२. **बेरुजुको लगत र अभिलेख** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ (१) मा कार्यालयस्तरमा र दफा ३९ (२) मा प्रदेशका मन्त्रालय तथा निकायले आफ्नो र मातहत सबै कार्यालयको बेरुजुको केन्द्रीय लगत राख्नुपर्ने व्यवस्था छ साथै दफा ३९ (४) मा फर्स्यौंट वा फरफारख भएको बेरुजुको लगत अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा परीक्षण गराउनुपर्ने व्यवस्था छ। निकायहरूले सोअनुरूप बेरुजुको लगत अद्यावधिक नगरेको तथा सम्बन्धित निकायमा बेरुजुको यथार्थ विवरण नरहेको कारण बेरुजु फर्स्यौट एवं सम्परीक्षणको कार्यमा समेत प्रभाव परेको छ। ऐनको व्यवस्थाबमोजिम बेरुजुको लगत व्यवस्थापन, अभिलेख, फर्स्यौंट तथा सम्परीक्षण कार्यलाई व्यवस्थित गर्नुपर्दछ।


३. **सम्परीक्षण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा लेखापरीक्षणबाट औंल्याईएका बेरुजुका सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी गराइ वा असुल उपर गरी र लेखा उत्तरदायी अधिकृतबाट जाँचबुझ गराइ बेरुजु फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फर्स्यौंट गरेपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ। महालेखापरीक्षकको सातौं प्रतिवेदनसम्म प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको कुल रु.५ अर्ब ४० करोड ५ लाख ८३ हजार बेरुजु रहेकोमा रु.३७ करोड ३७ लाख ९० हजार सम्परीक्षण गरी रु.१ करोड ७० लाख ६३ हजार संपरीक्षणबाट थप समेत रु.५ अर्ब ४ करोड ३८ लाख ५६ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु.५८ करोड ६६ लाख ८३ हजार थप भई यो वर्षसम्मको बाँकी बेरुजु रु.५ अर्ब ६३ करोड ५ लाख ३९ हजार रहेको छ।

४. **प्रतिवेदन कार्यान्वयन** – महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) बमोजिम मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ। महालेखापरीक्षकले गत वर्षसम्म प्रदेश प्रमुख समक्ष ७ वटा वार्षिक प्रतिवेदन पेस गरेकोमा पाँचौ र छैटौं प्रतिवेदनका बेहोराउपर प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल सम्पन्न भएको, पहिलो, दोस्रो, तेस्रो र चौथो प्रतिवेदनका केही बेहोरामा छलफल सम्पन्न भएको र सातौं प्रतिवेदन छलफल नभएको जानकारी प्राप्त भएको छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत भई सम्बन्धित समितिमा छलफल हुने व्यवस्थाले आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व प्रवर्धनमा टेवा पुग्ने भएकोले अन्य वार्षिक प्रतिवेदन समेत सार्वजनिक लेखा समितिमा यथासक्य छिटो छलफल गराइ टुङ्ग्याउनुपर्दछ।

५. **बेरुजु न्यूनीकरण-** महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ। प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिद लगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद-५

भविष्यमा गर्नुपर्ने सुधार

प्रदेशमा उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालन र अधिकतम उपयोगद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न आवश्यक नीति तथा कानुन तर्जुमा गरी संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन, र स्रोत साधनको व्यवस्थापन लगायतका कार्यहरू गर्नुपर्दछ। प्रदेश सरकारले स्रोत साधनको परिचालन तथा उपयोगबाट सकारात्मक प्रभाव पारेतापनि जनअपेक्षा अनुसारका कार्यक्रम सञ्चालन एवं स्रोत व्यवस्थापन गर्न थप पर्यत्न गर्नुपर्ने देखिन्छ। आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गरी प्रदेश सरकारको कार्य सञ्चालनमा देहायअनुसारका सुधारका कार्य गर्नुपर्दछः

शासकीय प्रबन्ध

१. प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका एकल तथा साझा अधिकारसँग सम्बन्धित आवश्यक कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनु पर्दछ।

२. प्रत्यायोजित अधिकारअन्तर्गत कानुन निर्माण गर्दा सोमा समेटिएका विषय प्रत्यायोजित अधिकारक्षेत्रभित्र रहेको सुनिश्चितता हुनुपर्दछ। यस्ता कानुन बनाउने अधिकारको स्रोत सो कानुनमा उल्लेख गरेको हुनुपर्दछ।

३. सार्वजनिक पदमा नियुक्ति गर्दा वा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुँदा सरकारी बाँकी असुल गर्नुपर्ने वा पेस्की बाँकी भएकोमा तत्काल फस्यौंट गर्ने व्यवस्था गर्नुपर्दछ।

४. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा तत्काल असुल फस्यौंट गर्नुपर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

५. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराइ फस्यौंट गर्ने व्यवस्था गर्नुपर्दछ।

६. सङ्घ, प्रदेश र स्थानीय तहबीच संरचना र काममा हुने दोहोरोपनालाई अन्त्य गर्दै सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

७. मन्त्रालयहरू बजेट व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयनका नीतिगत कार्यमा मात्र केन्द्रित भई कार्यसञ्चालन स्तरका कार्यहरू मातहत निकायबाट सम्पादन गर्नुपर्दछ।

८. साझा अधिकार क्षेत्र, प्राकृतिक स्रोत बाँडफाँट र नीतिगत सामञ्जस्यता कायम गर्न समन्वय परिषद्लाई थप क्रियाशील बनाउनुपर्दछ।

९. सेवा प्रवाहलाई दक्ष, प्रभावकारी र मितव्ययी बनाउन सूचना तथा सञ्चार जगतका नवीन प्रविधि अवलम्बन गर्नुपर्दछ।

१०. प्रदेश तथा स्थानीय तहलाई सबल र सक्षम बनाउन प्रदेश सरकार तथा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न उपयुक्त हुने तालिम तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

११. राजस्व रकम बाँडफाँट भई प्राप्त भएको रकममात्र प्रदेश लेखा नियन्त्रक कार्यालयले आम्दानी जनाउने गरेको हुँदा सङ्कलन भई बाँडफाँट हुन बाँकी राजस्वको लेखाङ्कन तथा प्रतिवेदन गर्ने गरेको छैन। प्रचलित कानुनबमोजिम तीनवटै तहका सरकारले बाँडफाँट गर्ने राजस्व सबै सरकारले यथासमयमा रकम प्राप्त गर्ने प्रणाली विकास गर्नुपर्दछ।

१२. प्रदेश सरकारको कुल प्राप्तिमा सशर्त तथा विशेष अनुदान, सङ्घीय अनुदान र राजस्व बाँडफाँटको हिस्सा उल्लेखनीय देखिएकोले राजस्वको दायरा फराकिलो बनाइ आन्तरिक आय वृद्धिमा जोड दिनुपर्दछ।

१३. अर्थ विविध वा अवण्डा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने कार्य न्यून गर्न पूर्वानुमान गर्न सकिने आयोजनालाई बजेटमा समावेश गर्ने तथा विकास निर्माण कार्यको गुणस्तरमा असर नपर्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

१४. बजेट विनियोजन गर्दा पूर्व तयारी सम्बन्धी कार्यसम्पन्न भएका आयोजनामा मात्र गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजना छनोट गरी आगामी वर्षमा भुक्तानी गर्ने गरी दायित्व सार्ने तथा भुक्तानी बाँकी राख्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

१५. स्थानीय तहलाई हस्तान्तरण गरिने सबै कार्यक्रम र योजना वार्षिक बजेट तथा कार्यक्रममा समावेश नगरी बजेट स्वीकृतिपश्चात् नयाँ कार्यक्रम थप गरी स्थानीय तहमा सशर्त अनुदान प्रदान गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१६. निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोरिने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।

१७. चालु खर्चमा भएको वृद्धिका कारण राजस्वबाट स्रोत जुटाउन कठिनाइ भइरहेको सन्दर्भमा उपयुक्त कार्य विवरण बेगरको पद तथा कार्यक्षेत्र दोहोरो पर्ने गरी स्थापना भएका निकायहरूको पद र सङ्ख्या पुनरावलोकन गर्नुपर्दछ।

१८. सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोष स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

१९. बजेट तथा कार्यक्रमबाट अनुदान रकम दिँदा क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुनेगरी मात्र अनुदान प्रदान गर्नुपर्दछ। अनुदान वितरणबाट अपेक्षित र प्राप्त उपलब्धिको समिक्षा गर्नुपर्दछ।

२०. पुँजीगत प्रकृतिको कार्यमा खर्च गर्न व्यावसायिक प्रकृतिको संस्थाहरूलाई अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरू लगानी गर्दा सेयर वा ऋण लगानीको रूपमा उल्लेख गर्नुपर्दछ। संस्थाहरू विघटन हुँदा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता गर्ने सुनिश्चितता हुनुपर्दछ। निर्माण कार्य गर्दा व्यक्तिगत स्वामित्व रहेको बाहेकको जग्गा वा सम्पत्तिमा गर्नुपर्दछ।

२१. आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र बजेटबीच सामाञ्जस्यता कायम गरी बजेट विनियोजन गर्नुपर्दछ।

२२. प्रदेश सरकारले दिगो विकास एवम् आवधिक योजनाको लक्ष्य हासिल हुनेगरी बजेट कार्यक्रम र कार्यान्वयनमा सामञ्जस्यता कायम गर्नुपर्दछ।

२३. छरितो संरचना र चुस्त कार्य प्रणालीको माध्यमबाट चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्नु पर्दछ।

२४. मापदण्ड बमोजिम अनुदान वितरण भए नभएको र वितरित अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धिको अद्यावधिक अवस्था सार्वजनिक गर्नुपर्दछ।

२५. उपलब्धि मापन गर्न सकिने गरी सूचकका आधारमा उत्पादन र उत्पादकत्व बढाउने क्षेत्रमा पारदर्शी विधि र पद्धतिका आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

२६. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक निकायबाट वर्षभरी सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम, लागत र प्राप्त उपलब्धि लगायतका विषयहरूको प्रगति निकायगत रूपमा समीक्षा गरी पृष्ठपोषणका आधारमा सुधार गर्ने प्रणाली विकास गर्नुपर्दछ।

२७. राहत तथा आर्थिक सहयोग सङ्घीय मन्त्रालय र स्थानीय निकायबाट समेत वितरण गर्ने गरेकोमा अन्तरनिकाय समन्वय गरी सहयोग गर्नुपर्दछ। आर्थिक सहायता प्राप्त गर्ने व्यक्तिको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

२८. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौंट गर्नुपर्दछ।

२९. लेखापरीक्षण प्रतिवेदनहरू समयमै छलफल भई विषयवस्तुको निरूपण गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

विकास व्यवस्थापन

३०. खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी समयबद्ध खरिद र सार्वजनिक खरिदको मूल्य सार्थकताको लागि प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गर्नुपर्दछ।

३१. लाभ लागत विश्लेषण, प्राप्त हुने प्रतिफल, लागत फिर्ता हुने समयावधि लगायतका आधारमा प्राथमिकीकरण गरी आयोजना बैङ्क तयार गर्ने र त्यस्ता आयोजनालाई मात्र बजेटमा समावेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

३२. ठेक्का व्यवस्थापन गर्दा जग्गा प्राप्ति, वातावरणीय अध्ययन र निकायगत समन्वय लगायतका कार्य सम्पन्न गरेर मात्र खरिद कार्य गर्नुपर्दछ।

३३. निर्माण र परामर्श सेवाको लागत अनुमान तयार गर्ने आधार र मापदण्डलाई असल अभ्यास एवं नयाँ प्रविधिको अवलम्बन गरी अद्यावधिक गर्नुपर्दछ।

३४. निर्माण कार्यको गुणस्तर वृद्धि गर्न स्वीकृत डिजाइन र स्पेसिफिकेशन अनुसार कार्यान्वयन भए/नभएको यकिन गरेर मात्र योजना फरफारक गर्नुपर्दछ।

३५. पूर्वाधार निर्माणका लागि भएका खरिद सम्झौतामा सार्वजनिक खरिद ऐन, नियमावली र खरिद सम्झौताको सर्तका आधारमा मात्रै मूल्य समायोजन हुनुपर्दछ।

३६. अधुरा योजना सम्पन्न गर्न सार्वजनिक खरिद ऐन, नियमावली तथा सम्झौता अनुसारका प्रक्रिया अवलम्बन गरेर मात्र योजना टुङ्गो लगाउनुपर्दछ।

३७. खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।

३८. एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने तथा पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

३९. जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्यलाई उपभोक्ता समितिबाट गराउने प्रवृत्तिमा न्यूनिकरण गर्नुपर्दछ।

४०. उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिएबमोजिमको जनसहभागिताको अंश समितिबाट बेहोर्ने गरी सम्झौता गरेकोमा सो अंश बेहोरेको यकिन गरेर मात्र भुक्तानी गर्नुपर्दछ।

४१. उपभोक्ता समिति र लाभग्राही समूहमार्फत निर्माण सम्पन्न संरचनाको रेखदेख तथा मर्मत सम्भारको जिम्मेवारी तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ।

४२. प्रदेशको समुन्नति र समृद्धिका लागि निजी क्षेत्र र सरकार अन्योन्याश्रित रहेकोले निजी क्षेत्र, साझेदार निकायहरू र सरोकारवालाको समन्वय र सहभागितामा प्रदेशको विकास आयोजना पहिचान, छनोट र विकास गर्नुपर्दछ।

४३. प्रशासनिक तथा विकास व्यवस्थापनको प्रभावकारिता अभिवृद्धि गर्न कोशी प्रदेश विकास समस्या समाधान समितिको क्रियाशिलता अभिवृद्धि गरी योजना कार्यान्वयनमा आईपर्ने समस्या तत्काल व्यवस्थापन गर्नुपर्दछ।

सूचना प्रविधि

४४. सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

४५. एकै प्रकारको कामको लागि निकायगतरूपमा भिन्नाभिन्नै सूचना प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

४६. प्रदेश मातहतका यातायात व्यवस्था कार्यालयहरूले प्रयोग गरेको विद्युतीय सवारी दर्ता प्रणालीलाई आवश्यकता अनुसारका सूचना प्रदान गर्न सक्ने गरी परिमार्जन गर्नुपर्दछ।

४७. तथ्याङ्क सत्यापान गर्ने प्रणालीको विकास गर्ने तथा सार्वजनिक निकायबाट सञ्चालित सूचना प्रविधि प्रणालीको नियमित रूपमा परीक्षण गरी सूचना प्रविधिको विश्वसनियतामा अभिवृद्धि गर्नुपर्दछ।

सार्वजनिक प्रशासन

४८. प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

४९. राष्ट्रिय किताबखानासँगको सहकार्य र समन्वयमा पद तथा सङ्गठन दर्ता, कर्मचारीको अभिलेख व्यवस्थापन लगायतको कार्य सम्पन्न गर्नुपर्दछ।

५०. प्रादेशिक अस्पतालहरूमा प्रयोग नभएका, बिग्रिएका उपकरणहरू मर्मत सम्भार तथा सञ्चालन गरी वा स्वास्थ्य उपकरण प्रयोगमा ल्याइ स्वास्थ्य सेवालाई सहज र प्रभावकारी बनाउनुपर्दछ।

५१. स्वास्थ्य संस्थाको इजाजत तथा नवीकरणको अभिलेख अद्यावधिक गरी त्यस्ता संस्थाहरूको नियमन गर्नुपर्दछ।

५२. प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सवलीकरण गरी बहुसीपमूलक जनशक्ति तयार गर्ने गरी तालिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५३. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई सेवाग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट सेवालाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

५४. सम्पत्तिको एकीकृत अभिलेख राखी संरक्षणको व्यवस्था गर्न मूल्य नखुलेका सम्पत्तिको मूल्य खुलाई राख्ने तथा घरजग्गा अभिलेख व्यवस्थित हुनेगरी प्रदेश सरकार र मातहत निकायको सबै सम्पत्ति सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा प्रविष्टि तथा अध्यावधिक गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ।

५५. प्रयोगको सुनिश्चितता आधारमा मात्र जिन्सी सामान, यन्त्र, उपकरण तथा औजार खरिद गर्नुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्नुपर्दछ।

५६. खर्च भएर नजाने प्रकृतिका कतिपय सम्पत्तिहरू प्रयोगकर्ता परिवर्तनपश्चात् पुनः प्रयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति देखिएकोले यस्ता सम्पत्तिको उपयोगी आयु तय गरी सो अवधिभित्र त्यस्ता सम्पत्ति एउटै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

५७. सार्वजनिक निकायले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

५८. काठ लगायतका वन पैदावारको उत्पादन, सङ्कलन र बिक्री कार्य व्यवस्थित गरी राजस्व आम्दानी गर्नु पर्दछ। वन उपभोक्ता समूहमा बिक्री वितरण हुने काठ सदुपयोगको यथोचित अनुगमन गर्नुपर्दछ।

५९. सार्वजनिक जग्गाहरूको अभिलेख व्यवस्थित गरी वनक्षेत्र लगायतमा हुने अनाधिकृत उपभोग तथा अतिक्रमणलाई नियन्त्रण गर्नुपर्दछ।

६०. मुआब्जा वितरण भइसकेका जग्गा अनिवार्य रूपमा सरकारी स्वामित्वमा ल्याई सोको अभिलेख, संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

सुशासन

६१. समपूरक अनुदान रकम स्वीकृत आयोजनाको लागि मात्र खर्च गर्ने र सङ्घीय स्रोततर्फ बढी खर्च भएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

६२. निकायको कार्य प्रकृतिअनुरूप आचारसंहिता तयार गरी लागु गर्नुपर्दछ। आचारसंहिताको उल्लङ्घन गर्ने उपर कारबाही हुने व्यवस्था गर्नुपर्दछ।

६३. विपद् व्यवस्थापनसँग सम्बन्धित सामग्रीको खरिद पूर्व आवश्यकताको पहिचान र निर्धारित क्षेत्र तथा कार्यमा उपयोग भएको सुनिश्चित गर्नुपर्दछ।

६४. प्रदेश मातहतका सहकारी सङ्घ/संस्थाहरूको काम कारबाही सम्बन्धमा नियमित अनुगमन गरी सहकारी सदस्य एवं बचतकर्ताको निक्षेप जोखिम न्यून गर्नका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

६५. प्रदेश सभामा पेस भएका महालेखापरीक्षकका वार्षिक प्रतिवेदनहरू प्रदेश सभा एवं प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल गरी वार्षिक प्रतिवेदनमा औँल्याइएका बेहोराहरू टुङ्गो लगाउनुपर्दछ।

६६. दातृ निकायबाट प्राप्त सहयोगको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्दछ।



अनुसूचीहरू

अनुसूचीहरू

अनुसूची -१

(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय र निकायको नाम	कार्यालय संख्या	बेरुजु भएका कार्यालयको संख्या	बेरुजु रकम
१.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्कको कार्यालय	१	०	०
२.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कोशी प्रदेश	८	७	२१९२
३.	आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश	१५	३	६३१
४.	उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश	५३	२६	१८६२८
५.	खानेपानी, सिँचाइ तथा उर्जा मन्त्रालय, कोशी प्रदेश	२४	२१	१२६८७०
६.	पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश	२४	१९	४७३१३
७.	भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश	१२	११	२९४३५०
८.	सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश	८	३	१६२१२
९.	स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश	३४	१६	१८२३६
१०.	प्रदेश योजना आयोग, कोशी प्रदेश	१	१	३४
११.	प्रदेश लोक सेवा आयोग	१	१	२१४
१२.	मुख्य न्यायधिवक्ताको कार्यालय	१	०	०
जम्मा		**१८२**	**१०८**	**५२४६८०**

अनुसूची १(क)

(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण

२०८१।८२

क्र.सं.	लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण	संख्या
१.	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**१**
१.१	प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान	१
२.	**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**	**८**
२.१	मन्त्रालय	१
२.२	यातायात व्यवस्था कार्यालयहरू	६
२.३	यातायात व्यवस्था कार्यालय सवारी चालक अनूमति पत्र कोशी	१
३.	**आर्थिक मामिला तथा योजना मन्त्रालय**	**१५**
३.१	मन्त्रालय	१
३.२	प्रदेश लेखा नियन्त्रक कार्यालय	१
३.३	प्रदेश लेखा इकाई	१३
४.	**उद्योग, कृषि तथा सहकारी मन्त्रालय, विराटनगर**	**५३**
४.१	मन्त्रालय	१
४.२	कृषि विकास निर्देशनालय	१
४.३	पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालय	१
४.४	पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना कार्यान्वयन एकाई	१
४.५	कृषि ज्ञान केन्द्र	१४
४.६	भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरू	१४
४.७	घरेलु तथा साना उद्योग कार्यालय तथा समिति	१४
४.८	पशुसेवा तालिम केन्द्र	१
४.९	कृषि व्यावसाय प्रवर्धन तथा तालिम केन्द्र	१
४.१०	बाली संरक्षण प्रयोगशाला	१
४.११	प्रदेश सहकारी रजिष्टार तथा सहकारी प्रशिक्षण कार्यालय	१
४.१२	माटो तथा मल परीक्षण केन्द्र	१
४.१३	बिउ बिजन प्रयोगशाला	१
४.१४	समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, मोरङ	१
५.	**खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालय**	**२४**
५.१	खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरू	७
५.२	जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू	१४
५.३	भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय	१
५.४	चन्दा मोहना सिँचाइ व्यवस्थापन कार्यालय	१
५.५	कंकाइ सिँचाइ व्यवस्थापन कार्यालय	१
६.	**पर्यटन, वन तथा वातावरण मन्त्रालय**	**२४**
६.१	मन्त्रालय	१
६.२	प्रदेश वन निर्देशनालय	१
६.३	डिभिजन वन कार्यालयहरू	१५
६.४	भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू	२
६.५	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र	१
६.६	जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई	१
६.७	पर्यटन कार्यालयहरू	२
६.८	पर्यटन विकास आयोजना	१
७.	**भौतिक पूर्वाधार विकास मन्त्रालय**	**१२**

क्र.सं.	लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण	संख्या
७.१	यातायात पूर्वाधार निर्देशनालय	१
७.२	पूर्वाधार विकास कार्यालयहरू	७
७.३	शहरी विकास तथा भवन कार्यालयहरू	३
७.४	ग्रामीण सडक सञ्जाल सुधार आयोजना,आयोजना कार्यान्वयन ईकाई, विराटनगर	१
८.	**सामाजिक विकास मन्त्रालय**	**८**
८.१	मन्त्रालय	१
८.२	शिक्षा विकास निर्देशनालय	१
८.३	शिक्षा तालिम केन्द्र	१
८.४	प्रदेश संग्राहलय	१
८.५	निजामती आवास विद्यालय	१
८.६	रोजगार सूचना केन्द्र	१
८.७	व्यवसायिक तथा सिप विकास तालिम केन्द्रहरू	२
९.	**स्वास्थ्य मन्त्रालय**	**३४**
९.१	मन्त्रालय	१
९.२	स्वास्थ्य निर्देशनालय	१
९.३	प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र	१
९.४	प्रदेश स्वास्थ्य तालिम केन्द्र	१
९.५	प्रदेश जनस्वास्थ्य प्रयोगशाला	१
९.६	स्वास्थ्य कार्यालयहरू	१४
९.७	जिल्ला आयुर्वेद कार्यालयहरू	१४
९.८	प्रादेशिक आयुर्वेदिक अस्पताल, लखनपुर, झापा	१
१०.	**प्रदेश योजना आयोग**	**१**
११.	**प्रदेश लोकसेवा आयोग**	**१**
१२.	**मुख्य न्यायाधिवक्ताको कार्यालय**	**१**
	जम्मा	**१८२**

अनुसूची १(ख)

(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको विवरण

२०८१।८२

क्र.सं.	लेखापरीक्षण गरिएका समिति तथा संस्था	संख्या
१.	प्रदेश लगानी प्राधिकरण, मोरङ	१
२.	प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान्, झापा	१
३.	प्रदेश खेलकुद विकास बोर्ड, मोरङ	१
४.	मनमोहन प्राविधिक विश्वविद्यालय	१
५.	मनमोहन स्मृति पोलिटेक्निक	१
६.	मनमोहन प्राविधिक विश्वविद्यालय सेवा आयोग कार्यालय	१
७.	मनमोहन प्राविधिक विश्वविद्यालय स्कूल अफ ईन्जिनियरिङ	१
८.	प्रदेश खेलकुद विकास बोर्ड, विराटनगर	१
९.	प्रादेशिक अस्पताल, भद्रपुर	१
१०.	जिल्ला अस्पताल, सोलुखुम्बु	१
११.	जिल्ला अस्पताल, सुनसरी	१
१२.	जिल्ला अस्पताल भोजपुर	१
१३.	जिल्ला अस्पताल पांचथर	१
१४.	जिल्ला अस्पताल, धनकुटा	१
१५.	जिल्ला अस्पताल, तेह्रथुम	१
१६.	जिल्ला अस्पताल ताप्लेजुङ	१
१७.	जिल्ला अस्पताल, खोटाङ	१
१८.	जिल्ला अस्पताल, ओखलढुंगा	१
१९.	जिल्ला अस्पताल, उदयपुर	१
२०.	कटारी अस्पताल, कटारी, उदयपुर	१
२१.	जिल्ला अस्पताल, इलाम	१
२२.	जिल्ला अस्पताल, संखुवासभा	१
२३.	मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लावारी, मोरङ्ग	१
२४.	पाथिभरा क्षेत्र विकास समिति, ताप्लेजुङ	१
२५.	बृहत्तर बराह क्षेत्र विकास समिति, सुनसरी	१
२६.	हलेसी महादेव स्थान विकास समिति, खोटाङ	१
कुल जम्मा		**२६**

अनुसूची २
(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयहरूको लेखापरीक्षण रकम
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०८१।८२

(रु.हजारमा)

क्र. सं.	मन्त्रालय/निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
१.	प्रदेश सभा सचिवालय	१	१९९३२७	०	०	१	१९२	०	०	१	९९०	०	०	०	०	०	०	०
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	२२१३३०	१	६६६९०	२	२९२	१	१५७	२	५६९१	१	२५३३	२	२२४१८६	१	१६०१	७०९८१
३.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	९	९४९५९३	८	९१२४८३	९	३२९३५६५	८	२२३१८५९	६	३१६७५	५	२९५३६	१	४९८०९७	१	४९८०९७	३६७१९७५
४.	आर्थिक मामिला तथा योजना मन्त्रालय	१५	३५१९४८३	१५	३५१९४८३	१०	११७२५७७८	१०	११७२५७७८	११	११४५६	११	११४५६	९	८८९४०	९	८८९४०	१५३४५६५७
५.	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	५३	११७१७७०	५३	११७१७७०	५०	१२४१०६	५०	१२४१०६	४१	२३०२१	४१	२३०२१	८	१३२४	८	१३२४	१३२०२२१
६.	खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालय	२५	४०४९५४४	२४	३८३०७१४	२५	१८८५५	२४	१८६०५	२५	६८४७७५	२४	६७२८०७	१३	१४४३२८	१३	१४४३२८	४६६६४५४
७.	पर्यटन, वन तथा वातावरण मन्त्रालय	२४	१८२९५४१	२४	१८२९५४१	२४	४२८१४४	२४	४२८१४४	२२	१९३५५९	२२	१९३५५९	१५	२६१५३२	१५	२६१५३२	२७१२७७६
८.	भौतिक पूर्वाधार विकास मन्त्रालय	१४	८४९६२५८	१२	७६५७२६२	१३	२८१२६०	११	२७२७८१	१४	१४९३३९९	१२	१३७४८५७	१०	४२३५३३	८	४२१६७५	९७२६५७५
९.	सामाजिक विकास मन्त्रालय	८	९५२३७८	८	९५२३७८	५	१५१८४	५	१५१८४	६	३७१०	६	३७१०	३	१८२७७	३	१८२७७	९८९५४९
१०.	स्वास्थ्य मन्त्रालय	३४	२४०३१७१	३४	२४०३१७१	२९	३९६५९	२९	३९६५९	२९	७०९११	२९	७०९११	३१	१०३२४२६	३१	१०३२४२६	३५४६१६७
११.	प्रदेश योजना आयोग	१	३०८२६	१	३०८२६	१	५५	१	५५	०	०	०	०	१	१७४	१	१७४	३१०५५
१२.	प्रदेश लोक सेवा आयोग	१	११६२८८	१	११६२८८	१	९९८४४	१	९९८४४	१	४१६	१	४१६	०	०	०	०	२१६५४८
१३.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१८६७२	१	१८६७२	१	६३	१	६३	१	४	१	४	०	०	०	०	१८७३९
१४.	स्थानीय तह (वित्तीय हस्तान्तरण)	०	४२२४७२६	०	४२२४७२६	०	०	०	०	०	०	०	०	०	०	०	०	४२२४७२६
कुल जम्मा		**१८८**	**२८१८२९०७**	**१८२**	**२६७३४००४**	**१७१**	**१६०२६९९७**	**१६५**	**१४९५६२३५**	**१५९**	**२५१९६०७**	**१५३**	**२३८२८१०**	**९३**	**२६९२८१७**	**९०**	**२४६८३७४**	**४६५४१४२३**

द्रष्टव्य:

१. प्रदेशबाट स्थानीय निकायहरूलाई निकासा अनुदान रकम रु.४ अर्ब २२ करोड ४७ लाख २६ हजार निकासा भएको छ। उक्त रकमको लेखापरीक्षण समेत स्थानीय तहहरूमा गरी उक्त निकायहरूको प्रतिवेदनमा समावेश गरिएको छ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लेखापरीक्षण अंकमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, झापाको रकम समावेश छ।

३. उक्त रकममा प्रदेशबाट ६९ सङ्घीय कार्यालयहरूलाई विनियोजन भई खर्च भएको रकम समावेश गरिएको छ।

अनुसूची २(क)

(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण

२०८१।८२

(रु.हजारमा)

क.सं.	मन्त्रालय/निकायको नाम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक	
१.	प्रदेश लगानी प्राधिकरण, मोरङ	७२१२९	७२१२९		प्रारम्भिक	७२१२९
२.	प्रदेश अनुसन्धान प्रशिक्षण प्रतिष्ठान, झापा	२३६८९९	२३६८९९		प्रारम्भिक	२३६८९९
३.	मनमोहन प्राविधिक विश्वविद्यालय	४८३९७०	४८३९७०		प्रारम्भिक	४८३९७०
४.	मनमोहन स्मृति पोलिटेक्निक	१५४४१४	१५४४१४		प्रारम्भिक	१५४४१४
५.	मनमोहन प्राविधिक विश्वविद्यालय सेवा आयोग कार्यालय	१११२३	१११२३		प्रारम्भिक	१११२३
६.	मनमोहन प्राविधिक विश्वविद्यालय स्कूल अफ ईन्जिनियरिङ	५५१६२	५५१६२		प्रारम्भिक	५५१६२
७.	मनमोहन प्राविधिक विश्वविद्यालय स्कूल मेडिसिन एण्ड हेल्थ साईन्सेज	२६२३५	२६२३५		प्रारम्भिक	२६२३५
८.	प्रदेश खेलकुद विकास बोर्ड, विराटनगर	२०१२७५	२०१२७५		प्रारम्भिक	२०१२७५
९.	प्रादेशिक अस्पताल, भद्रपुर	८०११९३	८०११९३		प्रारम्भिक	८०११९३
१०.	जिल्ला अस्पताल, सोलुखुम्बु	१५८६१७	१५८६१७		प्रारम्भिक	१५८६१७
११.	जिल्ला अस्पताल, सुनसरी	२२२४४०	२२२४४०		प्रारम्भिक	२२२४४०
१२.	जिल्ला अस्पताल भोजपुर	२२११७५	२२११७५		प्रारम्भिक	२२११७५
१३.	जिल्ला अस्पताल पांचथर	२९४२६९	२९४२६९		प्रारम्भिक	२९४२६९
१४.	जिल्ला अस्पताल, धनकुटा	२६०९४३	२६०९४३		प्रारम्भिक	२६०९४३
१५.	जिल्ला अस्पताल, तेह्रथुम	१६८२२७	१६८२२७		प्रारम्भिक	१६८२२७
१६.	जिल्ला अस्पताल ताप्लेजुङ	२०६६८१	२०६६८१		प्रारम्भिक	२०६६८१
१७.	जिल्ला अस्पताल, खोटाङ	२३९३६३	२३९३६३		प्रारम्भिक	२३९३६३
१८.	जिल्ला अस्पताल, ओखलढुंगा	८५४५३	८५४५३		प्रारम्भिक	८५४५३
१९.	जिल्ला अस्पताल, उदयपुर	५३७१७५	५३७१७५		प्रारम्भिक	५३७१७५
२०.	कटारी अस्पताल, कटारी, उदयपुर	९०७५८	९०७५८		प्रारम्भिक	९०७५८
२१.	जिल्ला अस्पताल, इलाम	३१३०८१	३१३०८१		प्रारम्भिक	३१३०८१
२२.	जिल्ला अस्पताल, संखुवासभा	४२५९७९	४२५९७९		प्रारम्भिक	४२५९७९
२३.	मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लावारी, मोरङ्ग	४४४१३१	४४४१३१		प्रारम्भिक	४४४१३१
२४.	पाथिभरा क्षेत्र विकास समिति, ताप्लेजुङ	१२००२०	१२००२०		प्रारम्भिक	१२००२०
२५.	बृहत्तर बराह क्षेत्र विकास समिति, सुनसरी	९३५५	९३५५		प्रारम्भिक	९३५५
२६.	हलेसी महादेव स्थान विकास समिति, खोटाङ	३४८९	३४८९		प्रारम्भिक	३४८९
कुल जम्मा		**५८४३५५६**	**५८४३५५६**			**५८४३५५६**

अनुसूची ३
(प्रतिवेदनको परिच्छेद १ दफा १.३ सँग सम्बन्धित)

सरकारी निकाय/मन्त्रालयको लेखापरीक्षण बक्यौता विवरण

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	विनियोजन		राजस्व		धरौटी		कार्यसञ्चालन कोष		जम्मा	
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम
	आ.व. २०७६।७७										
१	मेची पहाडी क्षेत्र पर्यटन प्रवर्धन विकास समिति इलाम	१	११४५०	-	-	-	-	-	-	१	११४५०
	आ.व. २०७७।७८										
२	प्रदेश स्वास्थ्य तालिम केन्द्र	१	६६४९५	१	९८५	-		-	-	१	६७४८०
३	प्रदेश प्रहरी कार्यालय विराटनगर	१	२९३८०	१	६५	-		-	-	१	२९४४५
	आ.व.२०७६।७७										
४	मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर	१	-	-	-	-		-	-	१	-
	आ.व.२०७७।७८										
५	जिल्ला अस्पताल, ताप्लेजुङ	१	-	-	-	-	-	-	-	१	-
६	जिल्ला अस्पताल, पाँचथर	१	-	-	-	-	-	-	-	१	-
७	जिल्ला अस्पताल, इलाम	१	-	-	-	-	-	-	-	१	-
८	जिल्ला अस्पताल, तेह्रथुम	१	-	-	-	-	-	-	-	१	-
९	जिल्ला अस्पताल, खोटाङ	१	-	-	-	-	-	-	-	१	-
	आ.व.२०८१।८२										
१०	केचना-कञ्चनजङ्घा पर्यटन विकास समिति, इलाम	१	-	-	-	-	-	-	-	१	-
जम्मा		**१०**	**१०७३२५**	**२**	**१०५०**					**१०**	**१०८३७५**

अनुसूची ३(क)

(प्रतिवेदनको परिच्छेद १ दफा १.४ सँग सम्बन्धित)

स्रेस्ता पेस नभएकोले लेखापरीक्षण नभएको विवरण

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	विनियोजन		राजस्व		धरौटी		कार्यसञ्चालन कोष		जम्मा	
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम
१.	खानेपानी सिचाई तथा उर्जा मन्त्रालय	१	२१८८३०	१	२५०	१	११९६८	-	-	१	२३१०४८
२.	यातायात व्यवस्था कार्यालय, झापा	१	३७१०८	१	१०६१७००	१	२१३८	-	-	१	११००९४६
३.	शहरी विकास तथा भवन कार्यालय, मोरङ	१	६७०८०२	१	८३१८	१	९३१६३	१	१५७७	१	७७३८६०
४.	प्रदेश सभा सचिवलाय	१	१९९३२७	१	१९२	१	९९०	-	-	१	२००५०९
५.	भौतिक पूर्वाधार विकास मन्त्रालय, मोरङ	१	१६८१९५	१	१६२	१	२५३८०	१	२८२	१	१९४०१९
६.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१५४६४१	१	१४०	१	३१५८	१	२२२५८४	१	३८०५२३
	जम्मा	**६**	**१४४८९०३**	**६**	**१०७०७६२**	**६**	**१३६७९७**	**३**	**२२४४४३**	**६**	**२८८०९०५**

अनुसूची ४

(प्रतिवेदनको परिच्छेद १ को दफा १.२ सँग सम्बन्धित)

आय-व्यय हिसाब तयार गर्ने समिति र अन्य संस्था लेखापरीक्षण रकम, बेरुजु र सञ्चालन नतिजा

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	संस्थाको नाम	आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजु रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको सञ्चालन नतिजा										यो वर्षको बचत	वर्षान्तिको मौज्दात
					वर्षको सुरु मौज्दात	आय				व्यय						
						बिक्रीसेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
१	प्रदेश लगानी प्राधिकरण, मोरङ	२०८१।८२	७२१२९	१२६९	२०२९९	०	३५५००	२९९	३५७९९	०	२१६८९	१६०८	१३०३३	३६३३०	-५३१	१९७६८
२	प्रदेश अनुसन्धान प्रशिक्षण प्रतिष्ठान, झापा	२०८१।८२	२३६८९९	३१	१३९८	०	११६८३७	२७३६	११९५७३	०	६२१८४	४९९३	५०१४९	११७३२६	२२४७	३६४५
३	मनमोहन प्राविधिक विश्वविद्यालय	२०८१।८२	४८३९७०	३२१३	१२८३८४	१२०६२५	१२०९७३	०	२४१५९८	८६५२५	९४९३६	२००२८	४०८८३	२४२३७२	-७७४	१२७६१०
४	मनमोहन स्मृति पोलिटेक्निक	२०८१।८२	१५४४१४	२२३	१५४६६	१९९७१	३७५००	१९४६०	७६९३१	२३९८०	२८२०	४७९१३	२७७०	७७४८३	-५५२	१४९१४
५	मनमोहन प्राविधिक विश्वविद्यालय सेवा आयोग कार्यालय	२०८१।८२	१११२३	०	२१९	२७४८	२९५९	०	५७०७	२९२४	४०४	१८७०	२१८	५४१६	२९१	५१०
६	मनमोहन प्राविधिक विश्वविद्यालय स्कूल अफ इन्जिनियरिङ	२०८१।८२	५५१६२	२६	२४५	७३१६	२०९०४	०	२८२२०	७३७८	१४९९	१६५६९	१४९६	२६९४२	१२७८	१५२३
७	मनमोहन प्राविधिक विश्वविद्यालय स्कूल मेडिसिन एण्ड हेल्थ साईन्सेज	२०८१।८२	२६२३५	४८	०	७३७	१२४१४	०	१३१५१	११३४०	७२	१६७२	०	१३०८४	६७	६७
८	प्रदेश खेलकुद विकास बोर्ड, विराटनगर	२०८१।८२	२०१२७५	८००	२९४६	१६०२	९८१७१	३८६	१००१५९	०	९२८०६	५३६५	२९४५	१०११११६	-९५७	१९८९
९	प्रादेशिक अस्पताल, भद्रपुर	२०८१।८२	८०११९३	१३४२	१४३२०	५९८८२	१४००४१	२००९६८	४००८९१	१२५१७१	९५४६५	१४१८६८	३७७९८	४००३०२	५८९	१४९०९
१०	जिल्ला अस्पताल, सोलुखुम्बु	२०८१।८२	१५८६१७	१२०२	३८१८	२९११०	४८६३८	२४४	७७९९२	४८६३८	०	०	३१९८७	८०६२५	-२६३३	११८५
११	जिल्ला अस्पताल, सुनसरी	२०८१।८२	२२२४४०	४४१	१२९२	१०६२४०	०	४९६३	१११२०३	२३६३०	३४८०८	४७९९०	४८०९	१११२३७	-३४	१२५८
१२	जिल्ला अस्पताल भोजपुर	२०८१।८२	२२११७५	७५४५	३८६	४१६९०	६८९०२	०	११०५९२	१६५४०	१०९१०	५४७६०	२८३७३	११०५८३	९	३९५
१३	जिल्ला अस्पताल पाँचथर	२०८१।८२	२९४२६९	५५४८	१०९४५	६७७२९	७६१२८	७०७	१४४५६४	७३४६६	३८८८२	३७२४६	१११	१४९७०५	-५१४१	५८०४
१४	जिल्ला अस्पताल, धनकुटा	२०८१।८२	२६०९४३	२९२४	१३९२	६७५१२	६३३४०	०	१३०८५२	२२०६६	७२२४०	३५७८५	०	१३००९१	७६१	२१५३
१५	जिल्ला अस्पताल, तेह्रथुम	२०८१।८२	१६८२२७	२००३७	१३३	१४३७७	४६३५६	२३६८३	८४४१६	१३७६	४७२५४	२९४२२	५७५९	८३८११	६०५	७३८
१६	जिल्ला अस्पताल ताप्लेजुङ	२०८१।८२	२०६६८१	१५४१०	०	२५३२०	६०६२३	१७९१७	१०३८६०	२४८३७	३०२९३	२९९३६	१७७५५	१०२८२१	१०३९	१०३९
१७	जिल्ला अस्पताल, खोटाङ	२०८१।८२	२३९३६३	४६८	१८१६	६३९६७	५५३२१	३४६	११९६३४	०	८४१४४	३४५३२	१०५३	११९७२९	-९५	१७२१
१८	जिल्ला अस्पताल, ओखलढुंगा	२०८१।८२	८५४५३	०	२५१९	५६१७	३८८०९	८	४४४३४	६९०	१३४९२	२५१९३	१६४४	४१०१९	३४१५	५९३४
१९	जिल्ला अस्पताल, उदयपुर	२०८१।८२	५३७१७५	११२२	३२७३	०	१३७७२९	१३३१९२	२७०९२१	१३७७२९	१२८५२५	०	०	२६६२५४	४६६७	७९४०
२०	कटारी अस्पताल, कटारी, उदयपुर	२०८१।८२	९०७५८	४०	१६८२	२४९०५	१७१११	२५७१	४४५८७	२६९६४	३१९३	९३४०	६६७४	४६१७१	-१५८४	९८
२१	जिल्ला अस्पताल, इलाम	२०८१।८२	३१३०८१	२५३	५०३२	८७२९१	६८६६०	१०३	१५६०५४	०	७९१००	९९२०	६८००७	१५७०२७	-९७३	४०५९
२२	जिल्ला अस्पताल, संखुवासभा	२०८१।८२	४२५९७९	०	२४२९	०	१००७८२	१११७२२	२१२५०४	१००७८२	११२५०१	०	१९२	२१३४७५	-९७१	१४५८
२३	मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लाबारी , मोरङ्ग	२०८१।८२	४४४१३१	६१	१५५४	१४२८०४	७३५३५	६०५२	२२२३९१	९२४६७	५४५६५	६८६५७	६०५१	२२१७४०	६५१	२१०५
२४	पाथिभरा क्षेत्र विकास समिति, ताप्लेजुङ	२०८१।८२	१२००२०	०	८६१३८	३५६९७	०	०	३५६९७	६०१८५	११७४६	१२३९२	०	८४३२३	-४८६२६	३७५१२
२५	वृहत्तर बराह क्षेत्र विकास समिति,सुनसरी	२०८१।८२	९३५५	०	५७९३	०	२१००	०	२१००	८५	११४३	२३४	५७९३	७२५५	-५१५५	६३८
२६	हलेसी महादेव स्थान विकास समिति,खोटाङ	२०८१।८२	३४८९	०	३०१२	०	२०००	०	२०००	०	१३८९	०	१००	१४८९	५११	३५२३
कुल जम्मा			**५८४३५५६**	**६२००३**	**३१४३९१**	**९२५१४०**	**१४४५३३३**	**५२५३५७**	**२८९५८३०**	**८८६७७३**	**१०९६०६०**	**६३७२९३**	**३२७६००**	**२९४७७२६**	**-५१८९६**	**२६२४९५**

अनुसूची ५
(प्रतिवेदनको परिच्छेद २ दफा ४.८ सँग सम्बन्धित)

पेस्की बाँकीको विवरण
२०८१।८२

(रु.हजारमा)

सि.नं.	मन्त्रालय र निकायको नाम	गतसम्मको कुल बाँकी	यस वर्षको फर्स्यौट	गतवर्षसम्मको बाँकी	यस वर्ष थप	जम्मा बाँकी
१	सरकारी कार्यालय तर्फ	३७५३३१८	२१७०७	३७३१६११	३०३३७	३७६१९४८
२	समिति तथा अन्य संस्था तर्फ	१००२४	०	१००२४	८००	१०८२४
	जम्मा	**३७६३३४२**	**२१७०७**	**३७४१६३५**	**३११३७**	**३७७२७७२**

अनुसूची ६

(प्रतिवेदनको परिच्छेद २ दफा ४.७ सँग सम्बन्धित)

कुल असुली विवरण

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षणको दौरानमा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	कुल जम्मा
१	सरकारी कार्यालय तर्फ	३१४८	१४४३०	६५२३१	८२८०९
२	समिति तथा अन्य संस्था तर्फ	५०७०	२१४२	३६२४	१०८३६
जम्मा		**८२१८**	**१६५७२**	**६८८५५**	**९३६४५**

अनुसूची ८

(प्रतिवेदनको परिच्छेद १ दफा २.४ सँग सम्बन्धित)

राजस्वको शीर्षकगत आम्दानी विवरण

२०८१।८२

(रु.हजारमा)

राजस्व सङ्केत	राजस्व शीर्षक	रकम
११३१०	घरजग्गा रजिष्ट्रेसन दस्तुर	१३८५९९६
११४१०	मूल्य अभिवृद्धि कर	७९५४३३८
११४२०	अन्त शुल्क	२८४६३६७
११४५०	पूर्वाधार सेवाको उपयोग कर	१५३७४७२
११४७०	मनोरन्जन तथा विज्ञापन कर	१४७४१
११६१०	अन्य कर	३८
१४१५०	भाडा र रोयल्टी	६४३८१५
१४२१०	वस्तु तथा सेवा विक्रि प्राप्त रकम	१२७८७८
१४२२०	प्रशासनिक सेवा शुल्क	२८६५४९
१४२५०	अन्य प्रशासनिक दस्तुर	६८३०२१
१४२६०	अन्य प्रशासनिक सेवा शुल्क	३०३८३
१४३१०	दण्ड जरिवाना तथा जफत	२८७१७
१४५१०	चालु दाबी तथा अन्य शुल्कहरू	८६
१४५२०	अन्य राजस्व	७६३०
१४५३०	पूँजिगत राजस्व	९८
१५११०	विविध प्राप्ति	४७९८६८
जम्मा		**१६०२६९९७**

अनुसूची ९
(प्रतिवेदनको परिच्छेद २ दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयहरूको बेरुजु वर्गीकरण
२०८१।८२

(रु. हजारमा)

क सं	मन्त्रालय / निकायको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्स्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
		दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					जम्मा पेस्की
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाणका कागजात पेस नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
१.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	९०	१११	३८६१	०	३	१६६९	०	९०	१०८	२१९२	१२५०	०	९४२	०	०	९४२	०
२.	आर्थिक मामिला तथा योजना मन्त्रालय	१०८	१५	१२१२	०	२	५८१	०	१०८	१३	६३१	४१७	२१४	०	०	०	२१४	०
३.	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	३८९	१८९	२६९१८	१	६७	८२९०	०	३८८	१२२	१८६२८	२२७८	१३४६३	२८८७	०	०	१६३५०	०
४.	खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालय	४२४	१५५	१४९९२५	३	२१	२३७४६	६९१	४२१	१३४	१२६८७०	१९००	१३१४६	१०१३२५	०	०	११४४७१	१०४९९
५.	पर्यटन, वन तथा वातावरण मन्त्रालय	३०९	२८३	५१५२८	०	५९	४२१५	०	३०९	२२४	४७३१३	२३१४२	१०१५१	१४०१९	०	०	२४१७०	१
६.	भौतिक पूर्वाधार विकास मन्त्रालय	२८१	२१८	३२३९७५	०	३६	३२८२२	३१९७	२८१	१८२	२९४३५०	११५९६७	३००८७	१२९७९६	०	०	१५९८८३	१८५००
७.	सामाजिक विकास मन्त्रालय	६८	३६	६१७४७	०	१३	४९१८३	३६४८	६८	२३	१६२१२	२८७	१८३०	१४०९५	०	०	१५९२५	०
८.	स्वास्थ्य मन्त्रालय	२२०	२३९	१८९२१	१	२१	७०१	१६	२१९	२१८	१८२३६	१०३०	४३७२	११४९७	०	०	१५८६९	१३३७
९.	प्रदेश योजना आयोग	१४	३	३४	०	०	०	०	१४	३	३४	३४	०	०	०	०	०	०
१०.	प्रदेश लोक सेवा आयोग	१२	९	२१४	०	०	०	०	१२	९	२१४	२१४	०	०	०	०	०	०
११.	मुख्य न्यायाधिवक्ताको कार्यालय	६	०	०	०	०	०	०	६	०	०	०	०	०	०	०	०	०
	जम्मा	**१९२१**	**१२५८**	**६३८३३५**	**५**	**२२२**	**१२१२०७**	**७५५२**	**१९१६**	**१०३६**	**५२४६८०**	**१४६५१९**	**७३२६३**	**२७४५६१**	**०**	**०**	**३४७८२४**	**३०३३७**

अनुसूची १०
(प्रतिवेदनको परिच्छेद २ दफा १ सँग सम्बन्धित)

आय ब्ययको कारोबार गर्ने समिति तथा अन्य संस्थाको बेरुजु वर्गीकरण
२०८१।८२

(रु.हजारमा)

क सं	कार्यालयको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्स्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
		दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					जम्मा पेस्की
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाणका कागजात पेस नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
१.	प्रदेश लगानी प्राधिकरण, मोरङ	८	२	१२६९	०	०	०	०	८	२	१२६९	०	०	१२६९	०	०	१२६९	०
२.	प्रदेश अनुसन्धान प्रशिक्षण प्रतिष्ठान, झापा	१९	१	३१	०	०	०	०	१९	१	३१	०	३१	०	०	०	३१	०
३.	मनमोहन प्राविधिक विश्वविद्यालय	५	२४	५३५८	०	११	२१४५	०	५	१३	३२१३	७२२	२४५२	३९	०	०	२४९१	०
४.	मनमोहन स्मृति पोलिटेक्निक	१	१३	२४१	०	३	१८	०	१	१०	२२३	३१	०	१९२	०	०	१९२	०
५.	मनमोहन प्राविधिक विश्वविद्यालय सेवा आयोग कार्यालय	०	१	१	०	१	१	०	०	०	०	०	०	०	०	०	०	०
६.	मनमोहन प्राविधिक विश्वविद्यालय स्कूल अफ ईन्जिनियरिङ	२	१	२६	०	०	०	०	२	१	२६	०	०	२६	०	०	२६	०
७.	मनमोहन प्राविधिक विश्वविद्यालय स्कूल मेडिसिन एण्ड हेल्थ साईन्सेज	५	५	१४०	०	१	९२	०	५	४	४८	०	०	४८	०	०	४८	०
८.	प्रदेश खेलकुद विकास बोर्ड, विराटनगर	१२	२	११२७	०	१	३२७	०	१२	१	८००	०	०	०	०	०	०	८००
९.	प्रादेशिक अस्पताल, भद्रपुर	२०	११	१३७४	०	१	३२	०	२०	१०	१३४२	१९१	०	११५१	०	०	११५१	०
१०	जिल्ला अस्पताल, सोलुखुम्बु	१३	११	१२०२	०	०	०	०	१३	११	१२०२	३४०	८६२	०	०	०	८६२	०
११	जिल्ला अस्पताल, सुनसरी	७	७	४४१	०	०	०	०	७	७	४४१	४४१	०	०	०	०	०	०
१२	जिल्ला अस्पताल भोजपुर	३३	३८	७५४५	०	०	०	०	३३	३८	७५४५	९५६	२०७२	४५१७	०	०	६५८९	०
१३	जिल्ला अस्पताल पांचथर	१६	४०	९१०४	०	२	८६१४	५०५८	१६	३८	५५४८	४९०	५०५८	०	०	०	५०५८	०
१४	जिल्ला अस्पताल, धनकुटा	१०	५	३२८५	०	१	३६१	०	१०	४	२९२४	८९६	२०२८	०	०	०	२०२८	०
१५	जिल्ला अस्पताल, तेह्रथुम	१७	१	२००३७	०	०	०	०	१७	१	२००३७	०	२००३७	०	०	०	२००३७	
१६	जिल्ला अस्पताल ताप्लेजुङ	११	८	१५४१०	०	०	०	०	११	८	१५४१०	३९९	१४४५३	५५८	०	०	१५०११	०
१७	जिल्ला अस्पताल, खोटाङ	८	५	४६८	०	०	०	०	८	५	४६८	३२९	०	१३९	०	०	१३९	०
१८	जिल्ला अस्पताल, ओखलढुंगा	१२	०	०	०	०	०	०	१२	०	०	०	०	०	०	०	०	०
१९	जिल्ला अस्पताल, उदयपुर	३६	९	११२२	०	०	०	०	३६	९	११२२	७६	०	१०४६	०	०	१०४६	०

क सं	कार्यालयको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्स्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
		दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					जम्मा पेस्की
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाणका कागजात पेस नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
२०	कटारी अस्पताल, कटारी, उदयपुर	१२	१	४०	०	०	०	०	१२	१	४०	०	०	४०	०	०	४०	०
२१	जिल्ला अस्पताल, इलाम	२९	२	२५३	०	०	०	०	२९	२	२५३	२५३	०	०	०	०	०	०
२२	जिल्ला अस्पताल, संखुवासभा	१५	०	०	०	०	०	०	१५	०	०	०	०	०	०	०	०	०
२३	मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लावारी, मोरङ्ग	४	५	६१	०	०	०	०	४	५	६१	६१	०	०	०	०	०	०
२४	पाथिभरा क्षेत्र विकास समिति, ताप्लेजुङ	४	०	०	०	०	०	०	४	०	०	०	०	०	०	०	०	०
२५	बृहत्तर बराह क्षेत्र विकास समिति,सुनसरी	५	०	०	०	०	०	०	५	०	०	०	०	०	०	०	०	०
२६	हलेसी महादेव स्थान विकास समिति,खोटाङ	६	०	०	०	०	०	०	६	०	०	०	०	०	०	०	०	०
	कुल जम्मा	**३१०**	**१९२**	**६८५३५**	**०**	**२१**	**११५९०**	**५०५८**	**३१०**	**१७१**	**६२००३**	**५१८५**	**४६९९३**	**९०२५**	**०**	**०**	**५६०१८**	**८००**

अनुसूची ११
(प्रतिवेदनको परिच्छेद २ को दफा ३ सँग सम्बन्धित)

बेरुजु फर्स्यौट तथा सम्परीक्षणको अद्यावधिक विवरण
२०८१।८२

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय-निकायको नाम	गत वर्ष सम्मको बाँकी	सम्परीक्षण भएको	सम्परीक्षणबाट थप भएको	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	आठौं प्रतिवेदन सम्मको बाँकी बेरुजु	आठौं प्रतिवेदन सम्मको बाँकी बेरुजु मध्ये पेस्की
१.	सरकारी कार्यालय तर्फ	५०७९१०१	३६११९९	१७०६३	४७३४९६५	५२४६८०	५२५९६४५	३७६१९४८
२.	समिति तथा अन्य संस्था तर्फ	३२१४८२	१२५९१	०	३०८८९१	६२००३	३७०८९४	१०८२४
	जम्मा	**५४००५८३**	**३७३७९०**	**१७०६३**	**५०४३८५६**	**५८६६८३**	**५६३०५३९**	**३७७२७७२**

अनुसूची १२

(प्रतिवेदनको परिच्छेद १ को दफा ४ सँग सम्बन्धित)

प्रदेश सरकारले सङ्घीय कार्यालयलाई दिएको बजेट खर्च विवरण

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	जिल्ला	कार्यालयको नाम	चालु बजेट	पुँजीगत बजेट	जम्मा बजेट	चालु खर्च	पुजीगत खर्च	जम्मा खर्च
१	ताप्लेजुङ	कारागार कार्यालय,ताप्लेजुङ	०	५००	५००	०	०	०
२	ताप्लेजुङ	जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङ	०	४००	४००	०	४००	४००
३	ताप्लेजुङ	जिल्ला अदालत, ताप्लेजुङ	०	५००	५००	०	४९९	४९९
४	पाँचथर	जिल्ला प्रशासन कार्यालय, पाँचथर	०	४००	४००	०	४००	४००
५	ईलाम	जिल्ला प्रशासन कार्यालय, ईलाम	०	४००	४००	०	०	०
६	ईलाम	मालपोत कार्यालय, ईलाम	०	८००	८००	०	७९४	७९४
७	ईलाम	नापी कार्यालय, ईलाम	०	७००	७००	०	६९६	६९६
८	ईलाम	उच्च अदालत विराटनगर, ईलाम इजलास,ईलाम	०	१५००	१५००	०	१४७३	१४७३
९	ईलाम	जिल्ला अदालत, ईलाम	०	१०००	१०००	०	९९१	९९१
